शोधनिर्देशक

डा.सुधा त्रिपाठी

# कृष्णसिंह मोक्तानको उपन्यासकारिता

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय,

नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको

दशौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधार्थी

मालती पुजारा

त्रिभुवन विश्व विद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

२०७०

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको समूह २०६४/६५ का छात्रा श्री मालती पुजाराले स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **कृष्णसिंह मोक्तानको उपन्यासकारिता** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

.................................

प्रा. डा. देवीप्रसाद गौतम

(विभागीय प्रमुख)

.................................

प्रा. डा. सुधा त्रिपाठी

(शोधनिर्देशक)

................................

भरत कुमार साउद

बाह्य परीक्षक

मिति : २०७०/०५/१६

# कृतज्ञता ज्ञापन

**कृष्णसिंह मोक्तानको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष दशौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरुआमा प्रा.डा.सुधा त्रिपाठीका निर्देशनमा तयार पारेकी हुँ। आफ्नो कार्यव्यस्तताका बिच पनि यो शोधपत्र तयार गर्ने सन्दर्भमा सही मार्ग निर्देशन गरेर उत्प्रेरित गरी आवश्यक सल्लाह दिनुहुने गुरूआमाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा आवश्यक पर्ने सामग्री एवम् जानकारी प्रदान गर्नुहुने शोध नायक कृष्णसिंह मोक्तान तथा उहाँको परिवारप्रति म सदा कृतज्ञ रहने छु। सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउने त्रिभुवन विश्व विद्यालय, केन्द्रीय पुस्तकालय र नेपाली केन्द्रीय विभागको पुस्तकालयलाई हार्दिक धन्यवाद अर्पण गर्दछु।

आर्थिक तथा व्यावहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै आफ्नो जीवन मेरो अध्ययन कार्यको सहयोगका लागि बिताई मेरो अध्ययनलाई यस अवस्थामा ल्याई पुऱ्याउने मेरा पूजनीय पिता दुर्गा पुजारा र माता बागमती पुजाराप्रति म आजीवन ऋणी रहने छु। साथै मेरा हरेक पाइलाहरूमा सरसल्लाह दिनुहुने दिदी जुना पुजारा र भिनाजु लक्ष्मण चौक्यालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। प्रस्तुत शोधपत्र तयारीका क्रममा मलाई कम्प्युटर टङ्कन गर्न सहयोग गर्ने कमल रानाप्रति आभार प्रकट गर्दछु। साथै प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नु हुने मेरा मित्र शोभा पाण्डे र डमर उप्रेतीप्रति आभार प्रकट गर्दछु। अन्त्यमा, प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु।

शैक्षिक सत्र : २०६४/०६५

क्रमाङ्क : १२८

मिति : २०७०/०५/०२

..............................

शोधार्थी

मालती पुजारा

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

# विषय सूची


| | पेज नं. |
|---|---|
| **पहिलो परिच्छेद : शोध परिचय** | **१-५** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३. उद्देश्य कथन | २ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ अध्ययनको औचित्य | ४ |
| १.६ अध्ययनको सीमाङ्कन | ४ |
| १.७ शोधविधि | ४ |
| १.८. शोधपत्रको रूपरेखा | ५ |
| **दोस्रो परिच्छेद : कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व र उपन्यास लेखनको पृष्ठभूमि** | **६-११** |
| २.१ कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्व | ६ |
| २.१.१ जन्म र जन्मस्थान | ६ |
| २.१.२ शिक्षादीक्षा | ६ |
| २.१.३ लेखनका लागि प्रेरणा र प्रभाव | ६ |
| २.१.४ प्रकाशित पुस्तकाकार कृतिहरू | ७ |

२.१.५ सम्मान तथा पुरस्कार ७

२.१.६ जीवन दर्शन ८

२.२ कृष्णसिंह मोक्तानको व्यक्तित्व ८

२.२.१. शारीरिक व्यक्तित्व ८

२.२.२ व्यक्तित्वका विभिन्न पक्षहरू ९

२.२.२.१ साहित्यिक व्यक्तित्व ९

२.२.२.१.१ कथाकार व्यक्तित्व ९

२.२.२.१.२ उपन्यासकार व्यक्तित्व ९

२.२.२.१.३ सम्पादक व्यक्तित्व १०

२.२.२.२ साहित्येतर व्यक्तित्व १०

२.२.२.२.१ सरकारी सेवा १०

२.२.३ जीवनी र व्यक्तित्वकाबीचको अन्तर सम्बन्ध १०

**तेस्रो परिच्छेद : उपन्यास विश्लेषणका आधार १२-२४**

३.१. उपन्यासको स्वरूप १२

३.२. उपन्यासको परिभाषा १३

३.२.१ पाश्चात्य विद्वान्हरूका दृष्टिकोणमा उपन्यासको परिभाषा १४

३.२.२. नेपाली साहित्यका सिद्धान्तकारहरूका उपन्याससम्बन्धी परिभाषा १४

३.२.३ निष्कर्ष १५

३.३ उपन्यासका तत्त्वहरू १६

३.३.१ कथानक १७

३.३.२. चरित्र १८

३.३.३. संवाद १९

३.३.४. पर्यावरण १९

३.३.५ दृष्टिबिन्दु २१

३.३.६. भाषाशैली २२

३.३.७. उद्‌देश्य २३

**चौथो परिच्छेद : औपन्यासिक तत्त्वका आधारमा मोक्तानका उपन्यासको अध्ययन २५-६९**

४.१. चरणधुली उपन्यासको विश्लेषण २५

४.१.१. कथावस्तु २५

४.१.२. कथानकको व्यवस्थापन २६

४.१.२.१ आदिभाग २६

४.१.२.२ मध्यभाग २६

४.१.२.३ अन्त्य भाग २७

४.१.३ चरित्र-चित्रण २७

४.१.३.१ प्रमुख पात्र २८

४.१.३.२. सहायक पात्र २९

४.१.४ परिवेश/पर्यावरण ३३

४.१.५ उद्‌देश्य ३४

४.१.६ दृष्टिबिन्दु ३५

४.१.७ भाषाशैली विन्यास ३५

४.१.८. निष्कर्ष ३७

४.२ अशेषयात्रा उपन्यासको विश्लेषण ३८

४.२.१ कथावस्तु ३८

४.२.२ कथाको व्यवस्थापन ४०

४.२.२.१ आदि भाग ४०

४.२.२.२ मध्य भाग ४१

४.२.२.३ अन्त्य भाग ४१

४.२.३. चरित्र चित्रण ४१

४.२.३.१ प्रमुख पात्र ४२

४.२.३.२ सहायक पात्र ४५

४.२.४ परिवेश ४८

४.२.५ उद्देश्य ४९

४.२.६ दृष्टिबिन्दु ५०

४.२.७ भाषाशैली विन्यास ५०

४.२.८ निष्कर्ष ५१

४.३ जीवन परिक्रमा उपन्यासको विश्लेषण ५२

४.३.१ कथावस्तु ५२

४.३.२ कथानकको व्यवस्थापन ५५

४.३.२.१ आदि भाग ५५

४.३.२.२ मध्य भाग ५५

४.३.२.३ अन्त्य भाग ५६

४.३.३ चरित्र चित्रण ५६

४.३.३.१ प्रमुख पात्र ५७

४.३.३.२ सहायक पात्र ५७

४.३.४. परिवेश ६५

४.३.५ उद्‌देश्य ६६

४.३.६. दृष्टिबिन्दु ६६

४.३.७ भाषाशैली ६७

४.३.८ निष्कर्ष ६८

**पाँचौं परिच्छेद : कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्ति ७०-७७**

५.१. अतिशय भावुकता ७०

५.२. सामाजिक यथार्थमा आधारित विषयका प्रयोक्ता ७१

५.३. प्रवासी नेपाली जनजीवनको भावुक चित्रण ७१

५.४. संयोगान्त उपन्यास लेख्ने प्रवृत्तित्र ७२

५.५ आदर्शवादी चिन्तन ७२

५.६ द्वन्द्वको सघन प्रयोग ७३

५.७ कारुणिकता ७४

५.८ परिवेश चित्रणमा विविधता ७५

५.९ सरल भाषाशैलीको प्रयोग ७६

छैटौँ परिच्छेद : उपसंहार र निष्कर्ष ७८-८२

सन्दर्भ-सूकृष्णसिंह मोक्तानको उपन्यासकारिता मालती पुजारा
२०७०

चौ

पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने साहित्यकार कृष्णसिंह मोक्तान (सन् १९३०) को प्रमुख लेखनक्षेत्र उपन्यास विधा नै हो । उनको साहित्य लेखन यात्रा भने कविताबाट आरम्भ भएको थियो । उनको पहिलो  प्रकाशित रचना *प्रायश्चित* शीर्षकको कविता हो । यो कविता दार्जिलिङबाट प्रकाशित *युगवाणी* पत्रिकामा सन् १९४८ सालमा छापिएको हो । यसपछि मोक्तानको पहिलो गद्य रचना '*युवक आन्दोलन*' (१९५०) हो । यसबाहेक उनले कथा, उपन्यास, कविता, गीत आदिमा कलम चलाएको पाइन्छ ।

कृष्णसिंह मोक्तानको आजसम्मको साहित्य यात्रामा एक दर्जन पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । त्यसमा पनि सबैभन्दा बढी औपन्यासिक कृतिहरू नै रहेका छन् । उनका हालसम्म **चरणधुली** (२०१६), **अशेषयात्रा** (२०२३), **जीवन परिक्रमा** (२०२४) जस्ता औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । उनले सन् १९८१ मा श्रीसत्य साई बाल विकास शिक्षा निधि प्रशान्ति निलयमका प्रकाशन सहयोगमा **शिशुहरूका निम्ति कथाहरू** नेपालीमा अनुवाद गरेका छन् । यीबाहेक यिनका **सत्यम् शिवम् सुन्दरम्** (१९७१), **श्री सत्य साई भजनावली र पूजा-विधि** (१९७२), **सर्वदेवता स्वरूप भगवान् श्री सत्य साई** (१९७३), **सत्य साई सम्भाषण** (१९७४), **सर्व-धर्म प्रार्थना** (१९८०), **गुरुहरूका निम्ति पुस्तिका** (१९८०), **वर-लक्ष्मी व्रत** (१९९९) जस्ता साहित्येतर कृतिहरू प्रकाशित छन् । यीवाहेक उनका विभिन्न पत्रपत्रिकामा फुटकर कथा, निबन्ध, एकाङ्की, गीत र लेखरचनाहरू छरिएर रहेका छन् ।

स्वच्छन्दतावादी धारलाई अँगालेर लेखिएका कृष्णसिंह मोक्तानका उपन्यासमा नारीका कारुणिकता, सौताले छोराछोरीलाई गर्ने व्यवहार, परिस्थितिले मान्छेलाई लगाएको चोट, युवायुवतीबिच आत्मीय र शारीरिक प्रेमजस्ता कुराहरूलाई औपन्यासिकीकरण गरिएको पाइन्छ । मोक्तानका उपन्यासमा विषय र घटनाहरूको सजीव चित्र उतारिएको पाइन्छ । स्वच्छन्दतावादी धारामा उपन्यास लेख्ने उपन्यासकार मोक्तानका औपन्यासिक कृतिहरूका गहन अध्ययन गरी उनको समग्र

उपन्यासकारिताको अध्ययन हुन सकेको छैन। यस शोधकार्यमा उनका औपन्यासिक कृतिहरूको अध्ययन गरी उनको समग्र उपन्यासकारिताको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

उपन्यासकार कृष्णसिंह मोक्तानले साहित्यका विविध विधामा कलम चलाए पनि मूलतः यहाँ उनलाई उपन्यासकारका रूपमा अध्ययन गरिएको छ। कृष्णसिंह मोक्तानका उपन्यासको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधपत्रको मुख्य प्राज्ञिक समस्या हो। यसका साथै निम्न लिखित सहायक शोध समस्याको समाधानमा यो शोधपत्र केन्द्रित रहेको छ :

क) कृष्णसिंह मोक्तानको जीवनी व्यक्तित्व र उपन्यास लेखनको पृष्ठभूमि केकस्तो रहेको छ ?

ख) उपन्यासको सैद्धान्तिक परिचय कसरी दिन सकिन्छ ?

ग) मोक्तानका उपन्यासमा औपन्यासिक तत्वका आधारमा केकस्ता भाव र संरचना रहेका छन् ?

घ) उनका उपन्यासगत प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

## १.३ उद्देश्य कथन

माथि उल्लेखित शोध समस्याको प्राज्ञिक समाधान गर्नु नै यस शोधकार्यको मूलभूत उद्देश्य हो। ती उद्देश्यहरूलाई यसरी बुँदागत रूपमा देखाउन सकिन्छ :

क) कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व र उपन्यास लेखनको पृष्ठभूमिको विश्लेषण गर्नु ।

ख) उपन्यासको सैद्धान्तिक परिचय दिनु ।

ग) मोक्तानका उपन्यासको औपन्यासिक तत्वका आधारमा विश्लेषण गर्नु ।

घ) मोक्तानका उपन्यासगत प्रवृत्तिहरूको निर्क्यौल गर्नु ।

## १.४ पूर्वकार्यको विवरण

कृष्णसिंह मोक्तानले नेपाली साहित्यका कथा र उपन्यास विधामा महत्त्वपूर्ण योगदान दिएका छन् तर हालसम्म उनको उपन्यासको गहिरो अध्ययन र विश्लेषण भएको पाइँदैन। उनको उपन्याससम्बन्धी अध्ययन र विश्लेषणका सामग्री यस प्रकार रहेका छन्।

हरेन आलेल **चरणधुली** (२०१६ साल) उपन्यासको तेस्रो संस्करणको भूमिकाको आवरण पृष्ठ एकमा समालोचकले उनका **चरणधुली, अशेषयात्रा** सुरुआतका उपन्यास हुन् भनेका छन्। यस भूमिकामा कृष्णसिंह मोक्तान कथाकारबाहेक एक सशक्त उपन्यासकार भएको कुरा उल्लेख गरिएको छ।

मोहन पी. दाहालले **चरणधुली** उपन्यासको तेस्रो संस्करणको आवरण पृष्ठको अग्रभागमा विभागीय प्रधान (नेपाली विभाग, उत्तर बंगाल विश्व विद्यालयका प्राध्यापक) उक्त उपन्यास प्रेममा मात्र केन्द्रित नभएर मनुष्यका जीवनमा आइपर्ने आश्चार्यजनक घटनाको वर्णन भएको र मान्छेले जतिसुकै सुन्दर कल्पनाको संसार बनाए पनि सबै पूरा हुन नसक्ने तर जस्तो स्थितिमा पनि वर्तमानसँग सङ्घर्ष गर्दै एउटा सुनौलो भविष्य निर्माण गर्ने उद्देश्य यस उपन्यासका पानाहरूमा देखिन्छ, भनेका छन्। साथै उनले मोक्तान सानैदेखि साहित्य, सङ्गीत र कलाबाहेक धार्मिक चर्चा अनि आध्यात्मिक क्षेत्रमा पनि रुचि राख्ने प्रवृत्तिका थिए भन्ने कुरा पनि उल्लेख गरेका छन्।

डा. ईश्वर बरालले **चरणधुली** पूर्वगामी आञ्चलिक उपन्यासझैँ दार्जिलिङ प्रवासी नेपाली समाजका यथार्थ परिवेशमा आधारित छ भनेका छन्।

डा. मोहन पी. दाहालले **मोक्तानका उपन्यास कृतिहरूको अध्ययन** (साल ?)मा मोक्तानका कविता *प्रायश्चित* (१९४८) **युगवाणी**मा प्रकाशित भएको र पहिलो गद्य रचना *युवक आन्दोलन* (१९५०) भएको उल्लेख गरेका छन्।

हरिप्रसाद क्षेत्रीले **कृष्णसिंह मोक्तानको अध्ययन** (२००८) शीर्षकको शोधपत्रमा मोक्तानले साहित्यमा लाग्ने प्रेरणा स्वामी प्रबुद्धानन्द महाराजबाट पाएको उल्लेख गरेको पाइन्छ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०६४साल)को दोस्रो संस्करण (ललितपुर साझा प्रकाशन) मा कृष्णसिंह मोक्तान स्वच्छन्दतावादी परम्पराका उपन्यासकार भएको बताउँदै उनका चारओटा प्रकाशित उपन्यासहरूको चर्चा गरेका छन्।

कृष्ण सिंह मोक्तानका कृतित्वका बारेमा यसअघि भएको अध्ययन यिनै हुन् । उपर्युक्त अध्ययनमा उनका उपन्यासमा केन्द्रित भएर गहिरो अध्ययन नभई सतही टिप्पणी मात्र भएका छन् । मोक्तानले आफूले सर्वाधिक कृतिगत योगदान दिएको विधामा यति थोरै टिप्पणी हुनु निश्चय नै उचित होइन । तसर्थ यस शोधकार्यमा यसै अभावको पूर्ति गर्ने लक्ष्य राखिएको छ ।

## १.५ अध्ययनको औचित्य

कृष्णसिंह मोक्तान विविध विधामा कमल चलाउने साहित्यकार हुन् तर उनको उपन्यासका विस्तृत र व्यवस्थित अध्ययन भएको छैन । यस कारण औपन्यासिक समग्रतामा उनलाई चिनाउने अध्ययनको आवश्यकता टड्कारो रूपमा देखिन्छ । यस शोधकार्यले यो आवश्यकताको पूर्तिमा सहयोग पुऱ्याउने छ । नेपाली साहित्यका पाठकलाई मोक्तानका औपन्यासिक प्रवृत्तिका बारेमा जानकारी गराउँदै उनको नेपाली उपन्यास परम्परामा स्थान निर्धारण गरिएको हुँदा यस शोधकार्यबाट मोक्तानका उपन्यासको अध्ययन गर्ने सबै पाठकलाई लाभान्वित गराउने छ । यही नै अध्ययनको औचित्य रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र उपन्यासकार कृष्णसिंह मोक्तानका उपन्यासहरूमा केन्द्रित रहेको र उनका औपन्यासिक प्रवृत्तिहरूको मूल्याङ्कन, विश्लेषण र उनका उपन्यासलाई विभिन्न औपन्यासिक तत्त्व का आधारमा अध्ययन, मूल्याङ्कन र विश्लेषण गरिएको छ । यही नै यस शोधपत्रको क्षेत्र र सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका निम्ति सामग्री सङ्कलन तथा विश्लेषणका विभिन्न विधिहरू उपयोग गरिएका छन् । मुख्य रूपमा पुस्तकालयीय विधिलाई नै सामग्री संकलनको मूल आधार बनाइएको छ । यसका अतिरिक्त शोध निर्देशक, सम्बन्धित विशेषज्ञ, प्राज्ञ, प्राध्यापक आदिसँग सरसल्लाह भेटघाट गरी सूचना लिने कार्यसमेत गरिएको छ । शोधपत्रको सैद्धान्तिक ढाँचा र शोधविधि वर्णनात्मक एवम् विश्लेषणात्मक प्रकारको रहेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । ती सबै परिच्छेदलाई दशमलव प्रणालीमा अङ्क भ्रीलाई शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छ ।

परिच्छेद एक - शोध परिचय

परिच्छेद दुई - कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व र उपन्यास लेखनको पृष्ठभूमि

परिच्छेद तीन - उपन्यास विश्लेषणका आधार

परिच्छेद चार - औपन्यासिक तत्त्वका आधारमा मोक्तानका उपन्यासको अध्ययन

परिच्छेद पाँच - मोक्तानका औपन्यासिक प्रवृत्ति

परिच्छेद छ - उपसंहार/निष्कर्ष

यसरी प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरी आवश्यकता अनुसार यसका प्रत्येक परिच्छेदलाई विविध शीर्षक, उपशीर्षकमा विभाजन गरी विषयको व्यापकतालाई समेट्ने प्रयत्न गरिएको छ ।

दोस्रो परिच्छेद

# कृष्णसिंह मोक्तानको जीवनी, व्यक्तित्व र उपन्यास लेखनको पृष्ठभूमि

## २.१ कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्व

दार्जिलिङमा जन्मी हुर्केर नेपाली साहित्यमा अन्य विधाहरूका साथै उपन्यास लेखनमा महत्त्वपूर्ण योगदान दिएको मानिएका व्यक्ति कृष्णसिंह मोक्तानको जीवनी र व्यक्तित्वको छोटकरीमा चर्चा यहाँ गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

हरेक मानिसको विचार र चेतनाको विकास प्रकृतिसँग सम्बन्धित हुन्छ। दार्जिलिङ घुम पहाडको चिया बगान, फलफूल र स्वच्छ वातावरणजस्ता प्राकृतिक सौन्दर्यमा कृष्णसिंहको जन्म भएको हो । स्व. गौरीसिंह मोक्तान र स्व. सत्यादेवी मोक्तानका छोराका रूपमा सन् १९३० को २१ अगस्तका दिन दार्जिलिङको घुम पहाडमा भएको हो। रमणीय दार्जिलिङको घुम पहाडमा जन्मेका मोक्तानको बाल्यकाल आमाबुवाको काखमा रमाइलो साथ बितेको थियो ।

### २.१.२ शिक्षादीक्षा

सानै उमेरदेखि मोक्तानको साहित्य, सङ्गठन, कला, धर्म र आध्यात्मिक क्षेत्रमा रूचि रहेको पाइन्छ। कृष्णसिंहले प्रारम्भिक शिक्षा सरकारी उच्च विद्यालय दार्जिलिङबाट सुरु गरी क्रमशः सरकारी महाविद्यालय दार्जिलिङ (१९५०/५२), कलकत्ता विश्वविद्यालय, कानुन महाविद्यालय (१९५२-५३) र विश्व भारती शास्त्री निकेतनमा ( १९५५-५६) अध्ययन गरे ।

### २.१.१.३ लेखनका लागि प्रेरणा र प्रभाव

साहित्यतिर रुचि राख्ने व्यक्ति कृष्णसिंह मोक्तानको कलिलो साहित्यिक हृदयलाई पगालेर लेखक बन्ने प्रेरणा स्वामी प्रवत्तानन्द महाराजले प्रदान गरेका हुन् ( तोती, २००८ : ७) । स्कुल जीवनदेखि नै लेख्न थाले पनि विशेष रूपले कलेज पढ्दाका समयमा उनका कथा कविता लेख आदि **युगवाणी, भारती** आदि नेपाली पत्रपत्रिकामा प्रकाशित भएका थिए। “उनको पहिलो साहित्यिक रचना *प्रायश्चित* ( **युगवाणी**, १९४८) कविता हो र *युवक आन्दोलन* (**साथी**, १९५०) पहिलो गद्य रचना हो।” (दाहाल,

२००२ : ५४) । उनले लेखेका रामकृष्ण परमहंस, श्री अरविन्द आदिका जीवनी निकै लोकप्रिय भए । नेपाली बाहेक **इलस्टेड विक्ली अफ इण्डिया** र **हिन्दुस्थान स्टयाण्डर्स** (अङ्ग्रेजी)मा लघु कनिष्ट सम्पादक हुँदा पश्चिम बंगालका तत्कालीन मुख्य मन्त्री डा. बी.सी. रायको इच्छा र आग्रहमा मोक्तानले **सुनौलो बिहानी** नामक नाटक लेखेको देखिन्छ। यसरी मोक्तानले कविता, कथा, नाटक र उपन्यास विधामा कलम चलाएका छन् ।

### २.१.६ प्रकाशित पुस्तकाकार कृतिहरू

मोक्तानले १९४८ मा *प्रायश्चित्त* शीर्षकको कविता प्रकाशित गरी साहित्ययात्रा आरम्भ गरेका हुन् । उनका प्रकाशित भएका कृतिहरू यस प्रकार छन् :
(सुवेदी, २०६४ : ८६)

१. सौर्य, भ्रान्ति र सत्य (मौलिक कथा सङ्ग्रह)–मिति उल्लेख नभएको

२. चरणधुली २०१६ साल

३. अशेषयात्रा २०२३ साल

४. जीवन परिक्रमा २०२४ साल

५. जीवनको गोरेटोमा २०२४ साल

६. सत्यम् शिवम् सुन्दरम् भगवान् श्री सत्यसाई बाबाको दिव्य जीवनी (१९७१)

७. रवीन्द्रकृत नाटक विसर्जन (१९७१)

८. मानव अभ्युदय विसर्जन (१९७१)

९. गुरुहरूका निमित्त प्रतिभा (भावना मूल्यमा आधारित) १९८०

१०. शिशुहरूको निम्ति कथाहरू (१९८०)

यसरी उनले साहित्यका अतिरिक्त मानव मूल्यको शिक्षा प्रदान गर्न धर्म अध्यात्म सम्बन्धी कतिपय पुस्तकहरू लेखेका छन्। **सनातन सारथी**को सम्पादनका अतिरिक्त अन्य पत्रपत्रिकाको सम्पादन कार्य पनि गरेका छन् ।

### २.१.७ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिलाई प्रोत्साहन वा हौसला दिनका लागि सम्मान गर्नुपर्छ। सम्मान पाएमा सम्बन्धित व्यक्तिलाई आफ्नो कार्यमा दत्तचित्त भएर लाग्न प्रेरणा भ्रीलदछ। कृष्णसिंह मोक्तानले पनि इलस्ट्रेडेड विक्ली अफ इण्डिया र हिन्दूस्थान स्याण्डर्ड (अङ्ग्रेजी)मा लघु कनिष्ट सम्पादक हुँदा पश्चिम बङ्गालका तत्कालीन मुख्यमन्त्री डा. बी.सी को इच्छा र आग्रहमा **सुनौलो बिहानी** नाटक लेखेर सरकारबाट सम्मान प्राप्त गरेका छन्। २००५ मा उनको कृति **जीवन गारेटो**मा नीति साहित्य अकादमी दिल्लीले **अकादमी पुरस्कार**ले उनलाई विभूषित तुल्याएको छ (क्षेत्री, २००८ : ११०)। साथै साई धर्ममा आस्था राख्ने, प्रचार गर्ने र साई सन्देश जनसमक्ष पुऱ्याउने काम गरेका कारण यिनले रुसमा धर्मगुरुको सम्मान पनि पाएका छन्।

### २.१.८ जीवन दर्शन

कृष्णसिंह मोक्तानले बाल्यावस्थादेखि नै सन्त पुरुष स्वामी पर्वतानन्दको संसर्ग, सान्निध्य र स्नेहको सौभाग्य प्राप्त गरेका छन्। त्यसैले मोक्तान अध्यात्मवादको गोरेटोमा हिंडेका देखिन्छन्। यिनी विशेषतः साई दर्शनमा विश्वास राख्ने भएकाले साई भक्त बनेका छन्। उनी आध्यात्मिक गुरुका रूपमा एक बरिष्ठ साहित्यकारका रूपमा लोकप्रिय बन्न पुगेका छन् (क्षत्री, २००८ : १०९)। उमेरको परिपक्वतासँगै अध्यात्मतिर लागेका मोक्तानले पूर्ण निष्ठाका साथ यस दर्शनलाई अपनाएको देखिन्छ। फलस्वरूप यिनको वैचारिक दृष्टिकोण धर्मतिर ढल्केको देखिन्छ।

## २.२ कृष्णसिंह मोक्तानको व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्वको निर्माणमा उसको पारिवारिक वातावरणका साथै समकालीन साथीहरूको सङ्गतले पनि भूमिका खेलेको हुन्छ। त्यस्तै उसमा रहेको सिर्जनशील प्रतिभा, चिन्तन, मनन तथा उच्च आकाङ्क्षाले पनि गम्भीर प्रभाव पारेको हुन्छ। मोक्तानको व्यक्तित्व विकासमा पनि नेपालका वरिष्ठ व्यक्तिहरू, शिक्षक तथा साथीभाइ र सन्तहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ( कृष्णसिंह मोक्तानबाट प्राप्त जानकारी)। यसबाट प्रभावित मोक्तानका साहित्यकार, सरकारी जागिरे र लेखक आदि सबै पाटाहरू अनुकरणीय छन्।

### २.२.२ शारीरिक व्यक्तित्व

कृष्णसिंह मोक्तानको शारीरिक व्यक्तित्वलाई हेर्दा यिनी मझौला कदका देखिन्छन् । ठुलो निधार तथा गोलो अनुहारका मोक्तान गोरो वर्णका छन् । कालो कपाल भएका मोक्तान कोमल हृदय भएका हँसिला प्रकृतिका छन् । धर्ममा विश्वास राख्ने उनी सानादेखि ठुला मान्छेसँग उस्तै झीलनसार व्यवहार गर्दछन् । आफ्ना जीवनका ८० हिउँद पार गरेका मोक्तान फुर्तिलो र जाँगरिलो स्वभावका कारण नै जीवनका उत्तरार्द्धमा पनि साहित्य साधनामा क्रियाशील हुन सकेका हुन् ।

### २.२.३ व्यक्तित्वका विभिन्न पक्षहरू

जीवनभरि आफ्नो कार्यमा लगनशीलताका साथ सक्रिय रहेका कृष्णसिंह मोक्तानको व्यक्तित्व उनले साहित्य र कारागार विभागमा सुपरिटेन्डेन्टको पदमा निर्वाह गरेको भूमिका र योगदानका कारण बहुआयामिक बन्न पुगेको छ । यिनका व्यक्तित्वका पाटाहरूलाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

#### २.२.३.१ साहित्यिक व्यक्तित्व

##### २.२.३.१.१ कथाकार व्यक्तित्व

कृष्णसिंह मोक्तानको कथाकार व्यक्तित्वको प्रारम्भ **प्रेम, भ्रान्ति र सत्य** कथासङ्ग्रहबाट भएको हो । सामाजिक यथार्थवादको धरातलमा रहेर लेखिएका मोक्तानका हरेक कथाले महत्त्वपूर्ण र गहन उद्‌देश्य बोकेका छन् । सामाजिक, आर्थिक तथा पारम्परिक पृष्ठभूमिमा लेखिएका कथाहरू अत्यन्त सरल, सहज र रोचक छन् । प्रायः लेखिएका कथाहरू छोटा भए पनि आम पाठकले ख्यालै नगरेका विषयलाई टिपी पाठकसामु राखिएका छन् । साथै उनले धर्मसम्बन्धी, नीति र शिशुहरूका निम्ति पनि कथा लेखेका छन् र ती साना बालबालिकाहरूका निम्ति अत्यन्त उपयोगी छन् । यस्ता कथाका माध्यमबाट शिशुहरूलाई राम्रो आचरण, नैतिकता आदिको ज्ञान दिन सकिन्छ । नेपाली समाजमा व्याप्त सामाजिक, आर्थिक शोषण र आडम्वरी जीवन शैलीलाई उदाङ्गो पारेर यथार्थको धरातलमा टेकी कलात्मक ढङ्गमा कथा लेखी पाठकसामु राख्नु नै मोक्तानको कथाकार व्यक्तित्वको प्रमुख उपलब्धि हो ।

### २.२.३.१.२ उपन्यासकार व्यक्तित्व

कृष्णसिंह मोक्तानको प्रमुख व्यक्तित्व उपन्यासकार व्यक्तित्व  नै हो। उनको उपन्यास लेखनयात्रा **चरणधुली** (१९५८) बाट आरम्भ भएको हो। अहिलेसम्म मोक्तानका **चरणधुली** (१९५८), **अशेषयात्रा** (१९५९), **जीवन परिक्रमा** (१९६९) र **जीवन गोरेटोमा** (२००३) गरी चारओटा उपन्यास प्रकाशित भएका छन् (सुवेदी, २०६४:)। कृष्णसिंह मोक्तानका चार उपन्यासमध्ये **चरणधुली** र **अशेषयात्रा** स्वछन्दतावादी धारामा रचिएका उपन्यास हुन्। युवा वर्गमा देखिने प्रेम, भावुकता, रोमान्स र पुराना पुस्तासँगको विद्रोह यिनमा छ भने **जीवन परिक्रमा** र **जीवन गोरेटोमा** उपन्यासमा उपन्यासकारले आफ्नो सेवा र यात्रामा भेटिएका विचित्र पात्रहरूको वर्णन गरेका छन्।

### २.२.३.१.३ सम्पादक व्यक्तित्व

शोधनायकबाटै प्राप्त जानकारी अनुसार उनले सहसम्पादकका रूपमा (१९६०-१९३२) सम्म पश्चिम बङ्गालमा सरकारी पत्रिका *रायटर्स विलिङ्गा* कलकत्तामा काम गरेका थिए।

### २.२.३.२  साहित्येतर व्यक्तित्व

### २.२.३.२.१  सरकारी सेवा

कृष्णसिंह मोक्तानले आफ्नो जीवनको आधा हिस्सा कारागार (गृह) विभागको गरिमामय पदमा बसेर बिताएका छन्। उनले १९६२-१९७९ सम्म जिल्ला सुपरिटेन्डेन्ट भएर पश्चिम बङ्गाल कारागार गृहमा, केन्द्रीय सुपरिटेन्डेन्ट भएर पश्चिम बङ्गाल कारा (गृह) विभागमा १९७०-१९८० सम्म, प. बंगाल सरकार अन्तर्गत डिआइजी भएर कारा (गृह) विभागमा १९८०-१९८५ सम्म, अतिरिक्त आइजी भएर कारा (गृह) विभाग प. सरकार रायटर्स विलिङ्गा, कलकत्तामा १९८५-१९९० सम्म, आइजी भएर कारागृह प. बंगाल सरकार साइटर्स विलिङ्गा कलकत्तामा १९९०-२००० सम्म कार्यरत रहेर २००० सालमा यिनले अवकास प्राप्त गरेका हुन्।

### २.२.४ जीवनी र व्यक्तित्वका बिचको अन्तरसम्बन्ध

कृष्णसिंह मोक्तानको जन्म दार्जिलिङको रमणीय गाउँ घुमपहाडमा भएको हो। निम्न मध्यम वर्गीय परिवारमा जन्मिएका कृष्णसिंह मोक्तान दार्जिजिङबाट आफ्नो औपचारिक अध्ययन सुरु गरी कलकत्ता गई आफ्नो शिक्षा पूरा गरेका छन्।

सरकारी पेसालाई आफ्नो जीवनको मूल कार्यक्षेत्रका रूपमा अपनाएका मोक्तानले आफूले अपनाएको पेसाप्रति लगनशील भएर कार्य गर्नुपर्छ भन्ने मान्यता राख्दछन् । यिनी व्यक्तिगत जीवनमा धार्मिक प्रवृत्तिका रहेका छन् र उनको सो परिचयलाई उनको लेखक व्यक्तित्वले पनि अङ्गीकार गरेको छ । उनका पुस्तक पढिरहँदा कतै पनि धार्मिक अनास्था प्रकट भएको भेटिँदैन । उनी जीवनमा जसरी साइबाबाको भक्त रहेका छन् लेखनमा पनि त्यस्तै देखिएका छन् ।

उनी मूलतः नेपाली हुन् तर उनको स्थायी बसोबास भने भारत भूमिमा रहेको छ । भारत भूमिको औपचारिक नागरिक भए पनि मन भने नेपाली रहेको छ । भारतमा नेपाली मूलका बासिन्दामाथि जे जस्ता अमानवीय व्यवहार, हेलाहोचो हुने गरेको छ त्यसले उनीहरूका मनमा एउटा गहिरो दुःखले जन्म लिएको हुन्छ । उनीहरू त्यस दुःखबाट मुक्त हुन भारत सरकारसँग निरन्तर सङ्घर्ष पनि गरिरहेका छन् । जीवनका यस्ता पीडा भोगेका मोक्तानले आफ्ना कृतिमा प्रवासी नेपालीका व्यथा, दुःख, समस्या आदिको कुशल अभिव्यक्ति दिएका छन् ।

उनले धेरै वर्ष भारत सरकारको जिम्मेवार नागरिक भएर विभिन्न सरकारी पदमा रही कुशलतापूर्वक जिम्मेवारी पनि सम्हालेका हुन् । उनले आफ्ना जागिरे जीवनका विभिन्न अनुभव र सरकारी तलब खाइसकेपछि मानिसले गर्नुपर्ने कर्तव्यका बारेमा पनि आफ्ना कृतिमा प्रकाश पारेका छन् । उनको लेखकीय व्यक्तित्वले उनको जीवनीगत सन्दर्भलाई भरपूर मात्रामा उपयोग गरेको छ । यिनै विभिन्न सन्दर्भबाट उनको जीवनी र व्यक्तित्व अन्तरसम्बन्धित रहेको कुरा स्पष्ट हुन्छ ।

तेस्रो परिच्छेद

# उपन्यास विश्लेषणका आधार

## ३.१. उपन्यासको स्वरूप

उपन्यास आधुनिक वैज्ञानिक युगको उपज हो। महाकाव्य र नाटकले बृद्धत्व प्राप्त गरेपछि उपन्यास नवीनतम अनुहार बोकेर साहित्यिक फाँटमा देखा परेको हो। पद्यको चरमोन्नति महाकाव्यमा गएर टुङ्गिएपछि वैज्ञानिक उन्नतिका साथसाथै गद्य साहित्यको विकासमा एकातर्फ लेख, निबन्ध, प्रबन्ध, समालोचना, जीवनी आदि देखा परे भने अर्कातर्फ कथा, आख्यायिकाका चरम उन्नतिमा उपन्यास देखा पऱ्यो। अतितको सर्वोत्कृष्ट साहित्यिक रूप महाकाव्यले लिए जस्तै वर्तमान जीवनका प्रत्येक घटना, अवस्था र व्यापक परिवेशलाई समग्रताका साथ आफूमा समाहित गर्न सक्ने अत्यन्त सशक्त साहित्यिक विधाको स्थान उपन्यासले लिएको छ। यसरी वास्तविक जीवनका विविधतालाई प्रतिनिधित्व गर्ने उपन्यास साहित्यले विश्वमै आफ्नो लोकप्रियतालाई चरमोत्कर्षमा पुऱ्याएको छ। तसर्थ अन्य कुनै पनि साहित्यिक विधाका सापेक्षतामा उपन्यासका विधा नै जीवन जगत्लाई सहजताका साथ चिनाउन र समाजका यथार्थलाई सम्पूर्णतामा प्रस्तुत गर्न वर्तमान सन्दर्भमा सक्षम बनेको छ (प्रधान, २०४६: ३-४)। यस्तो हुनुमा सहज सम्प्रेषणीयता र अत्याकर्षक प्रस्तुतीकरणले पाठकहरूमा उपन्यासप्रतिको घनिष्टता दिन प्रतिदिन वृद्धि हुँदै जानु हो भन्न सकिन्छ (ऐजन : ७-९)। विश्व साहित्यकै परिप्रेक्ष्यमा उपन्यास विधाको जन्म धेरै पछाडि भएकाले यस बारेको सैद्धान्तिक परिचर्चाको परम्परा त्यति लामो नहुनु स्वाभाविकै हो तापनि उपन्याससम्बन्धी छिटपुट टीका/टिप्पणी र परिचर्चा हुँदै नभएका पनि होइनन्। उपन्यास विशुद्ध पाश्चात्य साहित्यिक देन भए पनि यसको व्यापकता आज विश्वभरि नै फैलिएको छ। यही पाश्चात्य देनको विस्तार, ज्ञानविज्ञानको उन्नति एवम् विस्तारले उपन्यासको व्यापकता विश्वव्यापी बन्दै गएपछि नेपाली साहित्य पनि त्यसबाट अप्रभावित रहन सकेन र संस्कृतबाट आएको उपन्यास शब्दले नयाँ उपलब्ध विधाको रूपमा प्रयोग भएको नोबेलाको स्थान ग्रहण गरेको हो (प्रधान, २०४६: ७-९)।

पूर्वीय साहित्यमा *उपन्यास* शब्दलाई लिएर भरत मुनिको **नाट्यशास्त्र**देखि नै चर्चा सुरु भई विश्वनाथ आदिले समेत केही न केही उल्लेख गर्दै आएको भए पनि त्यसको सन्दर्भ नाट्य विधाको

उपभेदका रूपमा मात्र थियो। *उपन्यास* शब्दको उत्पत्तिमूलक अर्थ अस धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा घञ् प्रत्ययको संयोगले 'उपन्यास' शब्दको निर्माण भएको हो (बृहत् हिन्दी शब्दकोष, २०१५ : १९८)। यसको उत्पत्तिमूलक अर्थ हो -कुनै वस्तुलाई कसैको नजिक राख्नु। संस्कृत नाट्याचार्य भरतमुनिको आदि ग्रन्थ **नाट्यशास्त्र**मा उपन्यासलाई नाटकको युक्तिपूर्ण ढङ्गले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्ने प्रतिमुख सन्धिको पहिलो भेदका रूपमा प्रस्तुत गरिएको छ। यी परिभाषाले संस्कृत साहित्यका वाणकृत **कादम्बरी** र दण्डीकृत **दशकुमार चरित**जस्ता आख्यानमूलक कृतिलाई समेट्ने प्रयास गरेको पाइन्छ। यिनै तात्पर्यका आधारमा उपन्यास प्रतिभा सम्पन्न व्यक्तिबाट निःशृत मानव जीवनका अनुभूतिमूलक हार्दिक भावनाहरू र अतिरञ्जनात्मक कौतुहललाई मानव स्वभाव अनुकूल बनाएर प्रस्तुत गर्नु हो, जसको आस्वादनले रोचकता, आल्हादकता प्रदान गरी ब्रह्मानन्द सहोदर स्वरूप र सहानुभूतिमा निविलय गराउने विधा हो भन्ने बुझिन्छ। यस्तै अभिप्राय संस्कृतमा विद्वान्हरूको चर्चाबाट प्राप्त हुन्छ तर उपन्यास आजको सन्दर्भमा यतिमा मात्र सीमित अर्थमा प्रयोग नभई पाश्चात्य साहित्यको *नोबेल* शब्दबाट उत्पन्न भएको आधुनिक नवीनतम विधाको अर्थमा विस्तारित भएको छ। नयाँ अर्थमा *नोबेल* शब्दको प्रयोग भइरहेको समयमा कथाले यस अर्थलाई झीलाउन लाग्दा कथामा पनि कल्पनाको अतिशय तीव्रताप्रति केही साहित्यकारहरूले असन्तोषपूर्ण प्रतिक्रिया जनाउँदै कल्पनालाई कम महत्त्व दिएर वास्तविक जीवनको यथार्थलाई अङ्कन गर्न नयाँ आन्दोलन प्रारम्भ गरे जुन नवीन उपलब्धि थियो र त्यसैको नाम *नोबेल* रह्यो। यही नवीन उपलब्धिसहितको *नोबेल* शब्दले पाश्चात्य एवम् विश्व साहित्यमै लोकप्रियता आर्जन गर्दै गयो र यस उपलब्धिबाट प्रभावित नेपाली साहित्यमा पनि नोबेल शब्दको उपयुक्त पर्यायवाचीका रूपमा *उपन्यास* शब्दको प्रयोग हुन थालेको हो। तसर्थ उपन्यासको वास्तविक मर्म पहिल्याउन पाश्चात्य र पूर्वीय दुवै परिभाषालाई हेर्नु आवश्यक हुन्छ।

### ३.२. उपन्यासको परिभाषा

समयको परिवर्तनको गतिसँगै साहित्यमा पनि परिवर्तनका रेखाहरू कोरिँदै जान्छन् र हिजोको बूढो पुरानो साहित्यले आज भोलिको साहित्यिक नवीनतालाई जन्माउँदै नयाँनयाँ आयामहरू थप्दै जानु यसको शाश्वत स्वभाव बन्न पुग्छ। यसैले साहित्यका कुनै पनि विधा सुरुदेखि आजसम्म उही पुरानो रूपमा यथावत् रहिरहन सकेका छैनन्। पूर्वमा वैदिक युग र पश्चिममा होमरका पालादेखि आजसम्मको

लामो साहित्यिक इतिहासमा एकरूपता नपाइनुले पनि हरेक विधाले युग र परिस्थितिअनुसार आफ्नो अनुहार परिवर्तित गर्दै लगेको कुरा प्रस्ट हुन्छ। विविधतामय परिवर्तनशील स्वभावले गर्दा एक युग, स्थान र परिवेशमा गरिएका परिभाषाले भविष्यमा आउने कुनै पनि रचनालाई पूर्णतः समेट्न नसक्नु स्वाभाविकै हो भने उपन्यास पनि साहित्यको एउटा यस्तै आधुनिकतम विधा भएकाले उपयुक्त कुराबाट अलग रहन सक्दैन अर्थात् उपन्यास विधामा पनि परिभाषाको यही कमजोरी देखा पर्दछ। उपन्यासलाई पाश्चात्य साहित्यको देनका रूपमा विकसित आधुनिक नवीन विधा मानिन्छ। उपन्यास विभिन्न स्थितिमा विविध दृष्टिकोणलाई अँगाली विभिन्न प्रविधि र प्रणालीद्वारा लेखिने साहित्यिक रूप हुनाले नै यस उपर विभिन्न विद्वान्हरूद्वारा व्यक्त धारणा तथा परिभाषा पनि अनेकौँ देखा पर्दछन्। पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आआफ्नै ढङ्गबाट उपन्यासलाई चिनाउने प्रयास गरेका छन् जसमध्ये यहाँ केही विद्वान्हरूका धारणा राख्नु उपयुक्त देखिन्छ।

### ३.२.१ पाश्चात्य विद्वान्हरूका दृष्टिकोणमा उपन्यासको परिभाषा

फिल्डिङका अनुसार गद्यमा लेखिएको सुखान्त महाकाव्य नै उपन्यास हो (श्रेष्ठ र शर्मा, २०५६ : ९६)।

क्लारा रिक्सका अनुसार वास्तविक जीवन, चालचलन र आफ्नो समयको तस्वीर उपन्यासले उतार्छ (उपाध्याय, पूर्ववत् : १५६)।

इ.एम. फोस्टरका अनुसार हालको जटिल एवम् सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानव जातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो ( बराल र एटम, २०५६ : ७)।

### ३.२.२. नेपाली साहित्यका सिद्धान्तकारहरूका उपन्याससम्बन्धी परिभाषा

बृहत् नेपाली शब्दकोषमा धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा तथा चरित्रप्रधान गद्य नै उपन्यास हो भनेर लेखिएको छ (बराल र एटम, २०५६ : ७)।

उपन्यास जीवन र जगत्प्रतिको एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त याथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य, जीवित मनुष्यको संसार हो (प्रधान, २०४६ : ४) ।

उपन्यास यथार्थमा जीवनको भावनाको भाषिक उद्गार हो । साँचो उपन्यास जीवनको छायाँ नै हुन्छ । औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ (राई, २०५२ : ४०) ।

लौकिक भावनाद्वारा ओतप्रोत भई मानव मनको मनोवैज्ञानिक अङ्कन गर्ने र जीवनका अन्तरङ्गी र बहिरङ्गी चित्रण (प्रवृत्ति)लाई पनि प्रतिबिम्बित गर्ने आधुनिक कला उपन्यास हो (प्रधान, २०४० : ३७) ।

पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ (सुवेदी, २०६४ : ८) ।

मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लमाइ भएको गद्याख्यानलाई उपन्यास भनिन्छ (बराल र एटम, २०५६ : ८) ।

### ३.२.३ निष्कर्ष

उपन्यासका बारेमा दिइएका माथिका विभिन्न विद्वान्हरूका परिभाषाहरूलाई हेर्दा फरक फरक विचार देखा पर्दछ । परिवर्तनशील विधा भएकाले पनि एक समयमा दिइएको परिभाषाले आगामी युगलाई पूर्णरूपमा समेट्न सक्दैन । कतिपय परिभाषाहरू आजको सन्दर्भमा उपन्यासलाई चिनाउन असमर्थ छन् । माथिका परिभाषाहरूमा कसैले घटना, कसैले चरित्र, कसैले शैली, कसैले रूप र कसैले वस्तुलाई प्राथमिकता दिएका छन् । पाश्चात्य विद्वान् फिल्डिङ् सुखान्ततामाथि जोड दिन्छन् तर यो तर्क आजको सन्दर्भमा उपयुक्त ठहर्दैन । त्यस्तै कसैले ठिक्कको लम्बाइ र लामो काल्पनिक कथा भएको भनेका छन् तर ठिक्कको लम्बाइ र लामो काल्पनिक कथा भन्नाले कुनै निश्चित आयाम बुझाएको देखिँदैन ।

कसैले लामो कथा, कसैले धेरै पात्र, कसैले व्यापक परिवेश आदि पनि भनेको पाइन्छ तर कति धेरै र कति व्यापक त्यसको स्पष्टता भने पाइँदैन । वर्तमान सन्दर्भमा धेरै पात्र र झिनो कथाले पनि उपन्यास सिर्जना भइरहेकाले पनि यस्ता खालका परिभाषाले उपन्यासलाई प्रस्ट्याउन सकेको देखिँदैन ।

नेपाली साहित्यका विद्वान्हरूले पनि कसैले धेरै अध्याय वा खण्डहरू, कसैले पात्र र कसैले वस्तुपक्षलाई जोड दिँदै उपन्यासलाई चिनाउन खोजेको देखिन्छ तापनि उपन्यास यस्तै हो र हुनुपर्छ भनी स्पष्ट किटान भने गरेको देखिँदैन । मानव जीवनको साङ्गपाङ्गो प्रस्तुति उपन्यासमा हुने भएकाले "जीवनको यथार्थ चित्र उपन्यास हो" जस्ता परिभाषा उपयुक्त देखिन्छन् । माथि दिइएका सबै परिभाषाहरूलाई समेटेर उपन्यासको यस्तो परिभाषा गर्न सकिन्छ : मानव जीवनका यावत् पक्षहरूलाई यथार्थ ढङ्गमा चित्रण गरिएको गद्यमय लामो आयाम भएको, आफैमा पूर्ण आख्यानात्मक रचनाविशेष नै उपन्यास हो ।

**३.३ उपन्यासका तत्त्वहरू**

उपन्यास संरचनाका लागि नभई नहुने महत्त्वपूर्ण कुराहरूलाई उपन्यासका तत्त्व भनिन्छ । यस्ता तत्त्वहरू कतिपय अनिवार्य हुन्छन् भने कतिपय गौण वा सहायक रूपमा रहेका हुन्छन् । विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणअनुसार उपन्यासका तत्त्वहरूबारे चर्चा गरेका छन् । हड्सनले सानो र ठुलो असल र खराब जुनसुकै उपन्यासका संरचनाका लागि कथावस्तु, संवाद, देशकाल र वातावरण, शैली, उद्देश्य वा जीवनदर्शन गरी ६ ओटा तत्त्वहरू आवश्यक ठानेका छन् (न्यौपाने, २०५९ : २०३) ।

धीरेन्द्र बर्माले कथावस्तु, पात्र, संवाद, देशकाल-वातावरण, शैली र जीवनदर्शनलाई उपन्यासमा प्रमुख तत्त्व मानेका छन् (बर्मा तथा अन्य, २०२० : १२३) ।

उपन्यासका प्रमुख तत्त्वहरूमा कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथा-पटकथा, शैली, भाषा, वातावरण र उद्देश्य (प्रधान, २०४६ : ७), हिमाल थापाले कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य (थापा, २०५० : १२७), केशवप्रसाद उपाध्यायले कथावस्तु, चरित्र, संवाद, देशकाल, वातावरण, शैली र जीवनदर्शनलाई (उपाध्याय, २०४९ : १६२) लिएका छन् । कतिपय पाश्चात्य आलोचकहरू कथावस्तु, चरित्र, कथापटकथा र वर्णन गरी चार कुरालाई उपन्यासका प्रमुख तत्त्वका रूपमा स्विकार्छन् र उद्देश्य र शैलीलाई तिनै चारमा अन्तरभूत ठान्दछन् । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्र चित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लयलाई उपन्यासका तत्त्वका रूपमा लिएका छन् (बराल र एटम, २०५६ : २१) ।

विभिन्न विद्वान्हरूका विचारहरूलाई हेर्दा उपन्यासको आधारभूत तत्वका बारेमा मतैक्य देखिँदैन । विभिन्न विद्वान्हरूको धारणालाई मनन गरी उपन्यासका प्रमुख तत्वहरूलाई निम्नअनुसार देखाउन सकिन्छ :

क. कथानक

ख. चरित्र

ग. संवाद

घ. पर्यावरण

ङ. दृष्टिबिन्दु

च. भाषाशैली

छ. उद्देश्य यी प्रमुख तत्वहरूको परिचय तल दिइन्छ ।

### ३.३.१ कथानक

उपन्यास संरचनाका लागि आवश्यक पर्ने विभिन्न तत्वहरूमध्ये सबैभन्दा महत्वपूर्ण तत्व कथानक हो । कथानक उपन्यासको कच्चा सामग्री हो । कथानक भन्नाले कार्यकारण शृङ्खलामा आबद्ध कथावस्तु या घटनाक्रम हो । कथानकमा धेरै घटनाहरूको संयोजन रहेको हुन्छ । यी घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । विभिन्न घटना र तिनीहरूको एक सन्तुलनका माध्यमबाट जुन एउटा कथानक बन्दछ, त्यस्तै कथानक नै उपन्यासको प्राण हो (न्यौपाने, २०५९ : २०३) ।

कथानकमा तर्क, बुद्धि, कल्पनाजस्ता साधनहरूको प्रयोग गरी घटनाहरूको लामो सिङ्गो प्रस्तुति भएको हुन्छ । घटनाहरूको प्रस्तुति कार्यकारण सम्बन्धमा आधारित हुने हुनाले यसको सम्बन्ध उद्देश्य र विचारसँग पनि घनिष्ट रूपले गाँसिएको हुन्छ । कथानक उपन्यासको मूल ढाँचा निर्माणको त्यस्तो आधारभूत तत्व हो जुन कार्यकारण शृङ्खलामा घटनाहरूद्वारा व्यवस्थित र योजनाबद्ध तरिकाले जेलिएको हुन्छ ।

कथानक उपन्यासको जग हो । सबै खाले उपन्यासमा यसको अपरिहार्यता स्पष्ट देख्न सकिन्छ । घटनाप्रधान उपन्यासमा त खासगरी यसैको प्रमुखता हुन्छ, आत्मास्वरूप अवस्थित हुन्छ (प्रधान, २०४६ : ७) । प्राथमिक कालीन उपन्यासमा कथानकलाई महत्त्वपूर्ण र अनिवार्य तत्त्व मानिए पनि हाल कथानकको अनिवार्यता र महत्त्व  घट्दै गइरहेको देखिन्छ । उपन्यासमा विभिन्न प्रयोगहरू हुँदै जाँदा हाल अ-उपन्यासको जन्म हुन पुगेको छ जसले कथानकबिनाको स्वरूपमा लम्कन चाहेको देखिन्छ । हाल कथानकलाई गौण स्थान दिएर अथवा त्यसको आवश्यकता नै नसम्झेर उपेक्षा गर्न खोजिए झैँ विश्व उपन्यासको स्थिति छ  तर उपन्यास एक आख्यानजीवी साहित्यिक विधा भएकाले प्रमुख तत्त्व कथानकको उपेक्षा  त्यति धेरै संभव देखिँदैन । यदि संभव भए पनि त्यो एक आख्यान साहित्यका निम्ति दु:साध्य नै ठहरिन्छ ।

### ३.३.२. चरित्र

चरित्र उपन्यासका उपकरणमध्ये प्रमुख तत्त्व मानिन्छ । चरित्रलाई कतै पात्र, कतै सहभागी र कतै कार्यव्यापार आदिका नामबाट पनि चिनाउने गरिन्छ । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०५६ : २९) । उपन्यासको कथानकमा आएका घटनासँग सम्बद्ध हुँदै कथानकलाई सजीव बनाएर गति दिने सहभागी नै चरित्र वा पात्र हो । पात्रहरू कतिपय नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त पात्र नै चरित्र हुन् (शर्मा, २०४८ : १२४) । उपन्यासमा चरित्रले कथानकको समग्रतालाई प्रस्तुत गर्ने र फेरबदल गर्ने गर्दछन् । उपन्यासकारले आफ्नो विचार वा जीवनदर्शन चरित्रमार्फत नै प्रस्तुत गर्दछ । चरित्रको चित्रणमार्फत व्यक्ति तथा बृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । मानिसका आन्तरिक र बाह्य प्रवृत्तिहरू चरित्रकै माध्यमले प्रस्तुत हुने गर्दछन् (सुवेदी, २०६४ : १७) । चरित्रहरू उपन्यासको सारवस्तु र विचारलाई संवहन गर्ने माध्यम पनि हुन् । वास्तवमा उपन्यासमा प्राण भर्ने काम नै चरित्रले गर्दछ ।

त्यसैले चरित्रको चयन उपन्यासको कथासँग सम्बन्धित रहेर गर्ने गरिन्छ । चरित्रहरू पर्यावरण सुहाउँदा, जीवनका घातप्रतिघातहरूलाई बुझ्न सक्ने जीवन्त हुनुपर्दछ । अन्यथा उपन्यास अस्वाभाविक बन्न पुग्दछ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पूरै युग र परिवेशको संवाहक भएर आएको हुन्छ ( सुवेदी, २०६४ : १७) । त्यसैले आजभोलि मावनचरित्र र मानवसमाजलाई बुझ्न प्रमुख तत्त्वका रूपमा

चरित्रले प्रमुखता पाएको छ । चरित्रप्रधान उपन्यासमा त चरित्रकै केन्द्रीयतामा उपन्यास संरचित हुने हुँदा चरित्रप्रधान उपन्यासका लागि त चरित्र प्राण नै हो भन्दा फरक पर्दैन । वर्तमान समयमा लेखिएका उपन्यासहरू क्रमशः चरित्रकेन्द्रित बन्दै गइरहेका देखिन्छन् । प्रयोगवादी उपन्यासले कथानकलाई बेवास्ता गरेको पाइए पनि चरित्रलाई भने अरू प्रमुखताका साथ स्विकारेको पाइन्छ । यसरी हेर्दा उपन्यासमा चरित्रको भूमिका अपरिहार्य देखिन्छ ।

### ३.३.३. संवाद

उपन्यासमा वर्णित पात्रबिचको कुराकानी नै संवाद हो । पात्र-पात्रका बिच आ-आफ्ना विचार, भावना र मनोरागहरूलाई व्यक्त गर्नका लागि हुने वार्तालापलाई संवाद भनिन्छ (उपाध्याय, २०४९ : १७१-१७२) ।

पात्रका अन्तर र बाह्य दुवै जगत्का जटिलताहरू, कुण्ठा र वितृष्णाहरू, आकर्षण र उत्साहका प्रसङ्गहरू उपन्यासका संवादबाटै व्यक्त हुँदै जान्छन् । उपन्यास वर्णनप्रधान हुने हुनाले संवाद अनिवार्य नभए पनि उपन्यासमा नवीनता, रोचकता र कौतुहलपूर्ण स्थिति र वातावरणको सिर्जना गर्न संवादको महत्त्वपूर्ण भूमिका हुन्छ । उपन्यासकारले मात्र एकोहोरो वर्णन गरिरहँदा उपन्यास बिरसिलो बन्न जान्छ । कतिपय ठाउँमा उपन्यासकारले गरेको वर्णनभन्दा स्वयम् पात्रहरू अगाडि सरी संवाद गरेका खण्डमा उपन्यास स्वाभाविक र आकर्षक बन्दछ । उपन्यासकारको शैल्पिक कौशल संवादमा जाँच्न सकिन्छ । त्यसकारण संवादलाई आकर्षक बनाउन लेखकले सावधानी र सतर्कताको पालना गर्नुपर्छ । संवादलाई रोचक र कौतुहलपूर्ण बनाउनका लागि सहजनता, सार्थकता, परिमितताको उपयोग हुनुपर्दछ (उपाध्याय, २०४९ : १७१-१७२) । संवाद पात्रहरूको मानसिक, बौद्धिक र सामाजिक स्तर अनुकूल र देशकाल परिस्थिति सुहाउँदो हुनुपर्छ । पात्रको जीवनस्तर, भौतिक क्षमता, सम्भारगत संरचना आदि सबै पात्रको समुचित व्यवहारलाई सुहाउँदिलो पारेर मात्रै संवादको प्रयोग गर्नुपर्छ । पात्रको स्वाभाविक स्तरलाई ध्यान दिन सकिएन भने उपन्यास बिरसिलो बन्न जान्छ । यसर्थ उपन्यासमा रोचकता र सौन्दर्य अभिवृद्धिका लागि पात्र अनुकूल सरल एवम् स्तरीय संवाद आवश्यक हुन्छ । संयोजन र प्रस्तुतीकरण उपन्यासको देशकाल वातावरण हो र यसको उपयुक्त संयोजनमा नै उपन्यासको सफलता निहित रहन्छ ।

### ३.३.४ पर्यावरण

उपन्यासमा प्रयुक्त तत्त्वहरूमध्ये पर्यावरण पनि एउटा मूल र आवश्यक औपन्यासिक तत्त्व हो । उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घटित हुने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ (एटम र बराल २०५६ : ३५) । मूलतः पर्यावरण शब्दले देशकाल र वातावरण दुई पक्षलाई समेटेको छ । अभिधार्थमा देश भनेको स्थान र काल भनेको समय हो तर उपन्यासको देशकालीन कार्यव्यापार, स्थान, समय लगायत कथानकसँग मेल खाने रहनसहन प्राकृतिक पूर्वाधारसमेत पर्दछन् । विद्वान्हरूले देश र काललाई भौतिक वा स्थल, सामाजिक वा सूक्ष्म गरी दुई भागमा विभाजन गरेका छन् । भौतिक वा स्थल देशकाल चरित्रले कार्य गरेको स्थल, सम्वद्ध प्राकृतिक स्थिति एवं समयबृत्त हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो (एटम र बराल,
२०५६ :३५) । यसरी हेर्दा देशकाल समय र स्थानको सीमा हो ।

उपन्यासको वातावरण पाठकको भावनासँग सम्बन्धित विषय हो । उपन्यासको कार्यव्यापार हुँदै जाँदा त्यस देशकालमा त्यहाँ चरित्रद्वारा घटाइएका घटनाहरूले पाठकका मनमा छाड्ने प्रभाव नै उपन्यासको वातावरण हो । उपन्यास पढ्दा पाठकका मनमा उठ्ने दुःख, क्रोध, घृणाजस्ता भावहरूको उद्दीपन र तिनका परितृप्तिसँगै उपन्यासको वातावरण सम्बन्धित छ (एटम र बराल २०५६ ३६) । यसरी हेर्दा उपन्यासका अन्य तत्त्वहरूका तुलनामा यो सूक्ष्म हुन्छ र पाठकको मानसिक अवस्थासँग सम्बन्धित हुन्छ । देशकाल दृश्यात्मक भएकाले यसमा चाक्षुष ज्ञानको आवश्यकता पर्ने र वातावरण अनुभवजन्य हुने भएकाले यो मानसिक ज्ञानसँग सम्बद्ध हुने हुन्छ । उपन्यासमा अनुभूतिको सञ्चार गराउने वातावरणले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

उपन्यासले जीवनजगत्को यथार्थ चित्ररण गरेको हुन्छ । त्यसै अनुरूप उपयुक्त स्थान, समय र वातावरणको पनि सृष्टि गरेको हुन्छ । यसरी उपन्यासलाई जीवन्त बनाउन उपयुक्त किसिमले देशकाल वातावरणको सृष्टि गरिएको हुन्छ । देशकाल वातावरणीय उपन्यासकारले कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिक सङ्गति प्रदान गर्न सक्दैन (प्रधान २०४६ : ११) । जीवनप्रति लेखकको धारणा कस्तो छ भन्ने कुरा पनि यसै तत्त्वका सापेक्षतामा उसले प्रस्तुत गरेको हुन्छ ।

उपन्यासमा वर्णित पात्रहरूको क्रियाकलाप, घटनाविचार, धारणा तथा पाठकहरूको मनोभावका साथै समाजका अन्य परिस्थितिहरूको यथोचित संयोजन र प्रस्तुतीकरण उपन्यासको देशकाल वातावरण हो र यसको उपयुक्त संयोजनमा नै उपन्यासको सफलता निहित रहन्छ । पात्रहरूको वैयक्तिक चारित्रिक परिचय त दिन्छ नै, त्यसको साथै त्यस समयको जीवन्त परिस्थितिको ज्ञान एवं मनोभाव पनि पाठकलाई प्रदान गर्दछ ।

### ३.३.५ दृष्टिबिन्दु

दृष्टिबिन्दुलाई उपन्यासको एउटा महत्त्वपूर्ण तत्त्वकै रूपमा लिएको पाइन्छ। उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो (बराल र नेत्र एटम, २०५६ : ३८)। उपन्यासमा उपन्यासकारले कथावाचन गर्न कुनै एक स्थानलाई चयन गरी पात्रमा कार्यव्यापार र घटनाहरूलाई पाठकसामु प्रस्तुत गरेको हुन्छ। कतै उपन्यासकार स्वयम् पात्रका रूपमा रहेर बोलिरहेको हुन्छ भने कतै बाहिर रहेर तटस्थ रूपमा उपन्यासका घटना र कार्यव्यापारलाई वर्णन तथा टिप्पणी गर्ने काम गरेको हुन्छ। यसरी हेर्दा उपन्यासकारले कुनै पात्रका माध्यमद्वारा वा स्वयम् पनि आख्यान प्रस्तुत गर्दछ। सर्सर्ती हेर्दा दृष्टिबिन्दु कथा प्रस्तुत गर्ने तरिका नै हो तर दृष्टिबिन्दु यतिमा मात्र सीमित विषय भने होइन। यो त पात्रका मनमा अनुभूति, भाव, संवेग, चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग नै मूलतः सम्बद्ध छ। कथा जुनसुकै तरिकाबाट भनियोस् तर पात्रहरूको मानसिक अनुहारलाई उपन्यासकारले छर्लङ्ग पार्न सक्नुपर्छ। लेखक र पाठकबिचको सम्बन्धसूत्र नै दृष्टिबिन्दु हो। दृष्टिबिन्दु उपन्यासकारको क्षमता जाँच्ने कसी पनि हो। पात्रको निजी मानसिक बौद्धिक अवस्थालई ध्यानमा राखी कुनै क्षण विशेषमा त्यस पात्रले अनुभूत गर्ने कुरा, मनका प्रतिक्रिया, विचार/क्षमताको सीमा आदि उपन्यासकारमा हुनुपर्छ। त्यसैले दृष्टिबिन्दु भनेको पाको मनार्थको डुबुल्की लगाई हो (श्रेष्ठ, २०६० : ११)। दृष्टिबिन्दु मूल रूपमा दुई प्रकारको हुन्छ– आन्तरिक र बाह्य। आन्तरिक पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ। आन्तरिक दृष्टिबिन्दुमा उपन्यासकार आफै पात्रको रूपमा रहन्छ र 'म' मार्फत कथा वाचन गर्दछ। केन्द्रीय दृष्टिबिन्दुबाट कथित कथामा मुख्य पात्र 'म' को आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ हुन्छ। परिधीय

दृष्टिबिन्दुमा भने 'म' पात्र त रहन्छ तर उसको स्थान गौण रहन्छ, त्यो केवल मुख्य पात्रलाई प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

बाह्य दृष्टिबिन्दुमा उपन्यासकार स्वयम् पात्र, परिवेश र वातावरणको समाख्याता बनेर 'ऊ' 'त्यो' वा कुनै व्यक्तिको नामबाट उपन्यासको कथा भनिन्छ । बाह्य दृष्टिबिन्दु पनि दुई प्रकारको हुन्छ- सर्वज्ञ र सीमित । सर्वज्ञ दृष्टिबिन्दुमा समाख्याताले पात्र र घटनाका कुराहरूलाई वर्णन गर्दा सर्वज्ञ नै बनेर सबै कुरा आफै नियन्त्रणमा लिएको हुन्छ । समाख्याता सबै पात्रको मनभित्र स्वतन्त्र रूपले चिनाउने गर्दछ । सीमित दृष्टिबिन्दुमा कथयिताले केवल एक मात्र पात्रको मानसिक संसारको विचरण गरेको हुन्छ । कथावाचन गर्दा उसले आफूलाई उपन्यासको कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुकाउँछ र कुनै सीमित पात्रबाट मात्र कुनै कुराको चर्चा गरेको हुन्छ (बराल एटम, २०५६ : ३८-३९) । कुनैकुनै उपन्यासमा प्रथम तथा तृतीय पुरुष मिसिएको मिश्रित दृष्टिबिन्दुको प्रयोग पनि गरिएको पाइन्छ । आजकालमा नवीन शैलीका उपन्यासहरूमा त मिश्रित दृष्टिबिन्दुको प्रयोग गर्ने क्रम क्रमशः बढ्दै गइरहेको देखिन्छ । द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग भएका उपन्यासहरू पनि आजकल देख्न सकिन्छ । आख्यानमा द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग नवीन धारणा भए पनि केही उपन्यासहरूमा यस खालका दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । द्वितीय पुरुष दृष्टिबिन्दु भनेको उपन्यासमा उपन्यासकार र पाठकका बिच सिधा सम्बन्ध रहेको हुन्छ । उपन्यासकारले पाठकसित प्रत्यक्ष कुराकानी गरेजस्तै गरी कथा अगाडि बढाएको हुन्छ । उपन्यासकारले पाठकलाई प्रत्यक्ष सम्बोधन गरी कथासँगै पाठकलाई अगाडि बढाउँछ । परन्तु द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोगसम्बन्धी अवधारणा नवीन भएकाले यस किसिमको प्रयोग एकाध उपन्यासमा मात्रै भएको देखिन्छ ।

### ३.३.६. भाषाशैली

भाषा र शैली दुई शब्दको समस्त रूप नै भाषाशैली हो । साहित्यमा भाषा एक अभिन्न अङ्गका रूपमा रहेको हुन्छ । भाषा नै भाव अभिव्यक्तिको प्रमुख माध्यम हो । यसलाई मानिसले आ-आफ्नो रुचि, ढङ्ग वा ढाँचाअनुसार व्यक्त गर्दछ । यसरी भाषाका माध्यमबाट विभिन्न किसिमका भाव तथा विचारहरूलाई जीवन्त रूपमा अभिव्यक्त गर्ने ढङ्ग वा विधि नै शैली हो (थापा, २०५० : १४२) । प्रत्येक लेखकको आ-आफ्नो भाषाको त्यो शृङ्गार अर्थात् अभिव्यक्ति प्रणालीको समष्टि रूप नै शैली हो

(प्रधान, २०४० : ८८) । यसरी हेर्दा भाषा भाव अभिव्यक्तिको माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो ।

उपन्यास साहित्यको गद्य विधा भएकाले उपन्यासमा सरल र स्वाभाविक गद्यको प्रयोग हुनु वाञ्छनीय छ तर साहित्यिक विधा भएकाले उपन्यासको भाषा पनि विचलन युक्त हुन्छ जसबाट अभिव्यञ्जनाका नयाँ कुराहरू प्राप्त हुन्छन् ( बराल र एटम, २०५६ : ४१) । यस्तो भए तापनि जस्तो अत्यधिक विचलन भने उपन्यासमा हुँदैन । कथित काव्यका तुलनामा उपन्यासको भाषा सहज र स्वाभाविक हुन्छ । सहज र स्वाभाविक बनाउने सिलसिलामा लोकोक्ति, उखानटुक्काहरू, उपमा आदिमा प्रंयोग पनि गरिएको हुन्छ । वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर भाषामा विविध रूपले पनि प्रयोग हुन्छ । वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर उपन्यासको भाषामा विविध रूपको प्रयोग गरिन्छ । विषयवस्तु र पात्रको स्तर अनुकूलको भाषाको प्रयोग हुनु जरुरी छ । अन्यथा उपन्यास सहजताबाट क्लिष्टतातिर ढल्कँदै जान्छ । उपन्यासकारले भाषालाई नयाँ र मौलिक ढङ्गले प्रयोग गर्दछ । भाषाको त्यही नैतिकत्व नै उपन्यासकारको प्रस्तुतिको शैली हो । गद्य भाषा भए पनि आलङ्गम र कथामय बनाउनु उपन्यासको निजी शैली हो । उपन्यासकारले भाषाशैलीमा आफ्नो निजी छाप छोड्न सक्नुपर्छ । कथावस्तुलाई रोचक र यथार्थ बनाउन उपन्यासकारले पात्रको स्तरअनुसारको भाषा प्रयोग गर्न सक्छ अनि आवश्यकताअनुसार व्यास, समास, गुम्फित, सरल आदि शैलीहरू अपनाएर आफ्नो निजत्व प्रस्तुत गर्दछ । यी बाहेक वर्णनात्मक, विवरणात्मक, आत्मकथनात्मक, नाटकीय, कलात्मक, डायरी तथा चेतना प्रवाह शैलीको प्रयोग उपन्यासकारले गर्न सक्छ । यसरी हेर्दा उपन्यासका लागि भाषा र शैली एक अर्काका पूरक र अनिवार्य तत्त्व  हुन् भन्न सकिन्छ ।

### ३.३.७. उद्देश्य

कुनै पनि कार्य उद्देश्य प्राप्तिमै लक्षित हुन्छ । उद्देश्यहीन कार्य निरर्थक सावित हुन्छ । अतः उपन्यास पनि कुनै निश्चित उद्देश्य प्राप्तिका लागि नै लेखिन्छ । लेखकको जीवन दर्शन के हो त्यो पनि उद्देश्यबाट नै स्पष्ट हुन्छ । उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा सारभूत अंशलाई उद्देश्य भनिन्छ । खासगरी कथानकको अन्तिम परिणतिलाई नै औपन्यासिक उद्देश्य मान्न सकिन्छ । उपन्यासकारले कृतिका माध्यमबाट जीवनबारे आफ्नो धारणा राखेको हुन्छ, पाठकलाई कुनै सन्देश दिन चाहेको हुन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा जीवनजगत्का यावत् पात्रहरूलाई यथार्थ ढङ्गमा

प्रस्तुत गरेको छ । त्यसलाई नै उपन्यास सिर्जनाको प्रमुख उद्‌देश्य मान्ने गरिन्छ । उपन्यास खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षहरूको विस्तृत अध्ययन भएको हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् (प्रधान, २०४६ : ११) । त्यसैले रचयिताको कृतिगत जीवनदर्शन नै उपन्यासको मूल प्रतिपाद्य विषय हो । त्यसैलाई उपन्यासको उद्‌देश्य मान्न सकिन्छ । उपन्यासकारले औपन्यासिक उद्‌देश्य प्रस्तुत गर्दा कलात्मक किसिमले व्यक्त गर्नुपर्दछ । उपन्यासकारका विचार र उद्‌देश्यहरू, व्याख्यान, प्रवचन, भाषण र ठाडो अर्ती उपदेश एवम् नाराका रूपमा नआई स्वाभाविक रूपमा आएको हुनुपर्छ । उद्‌देश्य उपन्यासमा जति आवश्यक छ त्यति नै त्यो कलात्मक र अप्रत्यक्ष रूपमा रहनु आवश्यक छ । त्यसैले उपन्यासकारले विचार व्यक्त गर्दा औपन्यासिक उद्‌देश्य वा सारवस्तु प्रस्तुत गर्दा निकै सहज र सतर्क रहनुपर्छ । अन्यथा त्यो उपन्यास नबनी कुनै अन्य व्याख्या, प्रवचन, भाषण वा घोषणापत्र बन्न सक्ने सम्भावना हुन्छ ।

उपन्यासका संरचनामा आउने तत्त्वहरू त निकै छन् तर पनि उपयुक्त ७ ओटा तत्त्वलाई नै आधारभूत तत्त्वका रूपमा लिइन्छ । कुनै पनि आख्यानात्मक संरचनाका निम्ति यी ७ ओटा तत्त्वलाई नै आधारभूत रूपमा आवश्यक ठानिएको छ । यी तत्त्वहरूकै प्रयोग बाहुल्यका कारणले उपन्यास घटनाप्रधान, चरित्रप्रधान, आञ्चलिक आदि विभिन्न प्रकारमा विभाजित हुन पुग्छ अथवा आदर्शवादी यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी जस्ता कुनै दर्शन र सिद्धान्तमुखी ठहरिन्छन् । यसरी उपर्युक्त ७ तत्त्वहरूलाई उपन्यासका महत्त्वपूर्ण प्रमुख तत्त्वका रूपमा मानिँदै आएको छ र यिनै उपन्यास संरचनाका आधार हुन् जसलाई उपन्यासकारले प्रयोग गर्छन् र समालोचकहरूले समालोचनाका मानदण्डका रूपमा उपयोग गर्छन् ।

चौथो परिच्छेद

# औपन्यासिक तत्त्वका आधारमा मोक्तानका उपन्यासको अध्ययन

## ४.१. 'चरणधुली' उपन्यासको विश्लेषण

**चरणधुली** कृष्णसिंह मोक्तानको प्रथम उपन्यास हो। उपन्यासको भूमिकामा उपन्यासकारले 'मैले एउटा छोटो कथा (अप्रकाशित) को आधारमा लेखेको हुँ चरित्रको होइन भनेका छन् (**चरणधुली** कृष्णसिंह मोक्तान, पृष्ठभूमि)। यो कृति ३ खण्ड र ४४ परिच्छेदमा विभाजन गरिएको छ। पहिलो खण्डमा १४ परिच्छेद छन् भने दोस्रोमा १७ र तेस्रोमा १३ परिच्छेदमा उपन्यास बाँडिएको छ। परिच्छेद विवादका आधारमा उपन्यासमा समानुपातिकता छैन। परिच्छेदहरू खण्डपिच्छे फरक फरक रहेका छन्।

### ४.१.१. कथावस्तु

उपन्यासको सुरुआत सात समुद्रपार मलेसियाको राजधानी क्वालालाम्पुरको वातावरणमा बसेको पुरुष पात्र जीवनले एउटा पत्र पढ्ने क्रममा सुरु हुन्छ। जीवन दार्जिलिङबाट यहाँ धन कमाउने सिलसिलामा आएको, दार्जिलिङमा रहेर आमा र प्रेमिकाको सम्झना गरिरहेको सन्दर्भबाट कथावस्तु अघि बढ्छ। जीवनका बाबुको मृत्यु पल्टनमा भएकाले परिवारमा बूढीआमा र आफू मात्र छन्। आमाले उसलाई दुःख गरेर दार्जिलिङको सन्त जोसेफ कलेजमा पढाएकी हुन्छिन्। बाबुको मृत्युअघि एउटा चिठी र १२०० रूपैयाँ धनबिर सार्कीसँग पठाएको तर अझै फेला नपरेको हुन्छ। यता धनबिर अब जमिन्दार धनु क्षेत्रीको नाममा कालिम्पोङमा बस्न थाल्छ। संयोगले धनु क्षेत्रीकी छोरी नीरा दार्जिलिङ पढ्ने क्रममा जीवनसँग प्रेम सम्बन्धमा बाँधिन पुग्छे। जीवन कलेज पढ्ने, आमा सूर्यमाया कोइला व्यापार गर्दै जीविका चलाइरहेकी हुन्छिन् तर सूर्यमायाको कोइला व्यापार त्यति चल्दैन। सूर्यमायाले नौगेडी र घर धितो राखेकी हुन्छिन् जुन तिर्न नसक्दा घरखर्च नपाउने अवस्था आउँछ। आफ्नो आर्थिक सङ्कट वा गरिबीका कारण जीवन आफ्नो पढाइ छोडी काम गर्नका निम्ति कलकत्ता जान्छ जहाँ उसको साथी मोहन हुन्छ। यता नीराकी आमाको मृत्यु हुन्छ जसका कारण ऊ कालिपोङ आउँछे। पत्नीको मृत्युपश्चात् धनु क्षेत्री बिग्रँदै जान्छ, रक्सी खान थाल्छन्। नीरा पनि पढाइ छोडी घर चलाउन घरमा बस्छे। धनु क्षेत्रीले केही समय नबित्दै चिया पसल्नी तामाङ्गनीलाई दुलही बनाएर घर भित्र्याउँछन्।

कान्छी आमाको प्रवेशसँग नीरामा दुःखका दिन सुरु हुन्छन् । घरको सुःख, सम्पत्ति र इज्जत पनि सिद्धिँदै जान्छ । नीरा र राजबहादुरमा बिहे हुने निर्णय हुन्छ तर बिहे हुनुभन्दा पहिले राजबहादुरको मृत्यु हुन्छ । जीवनको जीवनमा पनि घटना घट्न कहिल्यै बन्द हुँदैन । कलकत्तामा उसले जागर छाड्नुपर्दछ र मोहन जेल पर्दछ । जीवन त्यहाँबाट मलाया पुग्छ जुनियर स्कुलमा मास्टरको जागिर गर्छ । दार्जिलिङमा सूर्यमायालाई खोकीले च्याप्दै जान्छ र अन्त्यमा उसको मृत्यु हुन्छ । आमाको मृत्युको केही दिनपछि जीवन दार्जिलिङ आइपुग्छ । त्यहाँ आएपछि धनु क्षेत्रीले मोहन, नीरा सबैजनालाई देख्छ र सबै यथार्थ छर्लङ्ग हुन्छ । नीरा र जीवनको बिहे गरिदिनु भन्ने सूर्यनाथ र सुवेदार हर्कबहादुरको इच्छा भएको कुरा पनि थाहा हुन्छ र कथावस्तु टुङ्गिन्छ ।

### ४.१.२. कथानकको व्यवस्थापन

**चरणधुली** (२०१६) सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासको सुरुआत पूर्वदीप्ति शैलीमा भएको छ । **चरणधुली**को कथावस्तु प्रवासी समाजमा दार्जिलिङ, कलकत्ता, कालिपोङ र मलायासम्म फैलिएको छ । यस उपन्यासको शैली स्वच्छन्दतावादी भए तापनि यसको कथावस्तु सामाजिक यथार्थवादी छ । उपन्यासको कथानक विन्यास आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा भएको छ ।

### ४.१.३.१ आदिभाग

**चरणधुली** उपन्यास मलायाको राजधानी क्वालालम्पुरमा जीवन र नीराका पुराना चिठ्ठीहरू पढ्ने क्रमबाट आरम्भ हुन्छ । जीवन आफ्नो घर छोडी पढाई छोडी आमालाई सहयोग गर्न मलायामा काम गर्न आएको हुन्छ । जीवन आफ्नो विगत सम्झी नीरालाई सम्झिँदै बनारसमा पढ्दा नीरासँगको भेट, दुवैबीच प्रेम बस्नु, आमा सूर्यमायाले दुःख गरी जीवनलाई कलेज पढाउनु, घरको स्थिति नाजुक हुँदा हुँदै पनि सुर्यमायाले छोरा पढोस् भन्ने आशयले घरको समस्या छोरालाई नभन्नु, नीराको प्रेममा परेको जीवन नीराले अर्कै केटासँग बोलेको थाहा पाउँदा चिन्तामा पर्नुजस्ता घटनाहरू उपन्यासको आदि भागमा आउँछ ।

### ४.१.३.२ मध्यभाग

छिबो बस्तीमा नीराको वुवा धनु क्षेत्रीले छोरीको विहेको निर्णय गर्नु, आमाले अहिले छोरी सानी भएकी र पढ्ने इच्छा राखेको कुराबाट उपन्यासको मध्य भाग सुरु हुन्छ । मोहन पढाइ छोडेर काम गर्न

कलकत्ता जानु, नीरा घर फर्कनु, धनु क्षेत्रीले नीराको बिहे गर्न लाग्नु, असमयमा नै नीराको आमाको मृत्यु हुनु, धनु क्षेत्रीले अर्को बिहे गर्नु, जीवन पनि पढाइ छोडी कलकत्ता लाग्नु, जीवनले काम गर्ने ठाउँमा लापरबाही र गल्तीका कारण मोहनले सजायँ पाउनु जस्ता घटना उपन्यासका मध्य भागमा रहेका छन् ।

### ४.१.३.३. अन्त्यभाग

कलकत्ता छोडी जीवन मलायातिर लाग्नु, यता छोबो बस्तीमा नीराको बिहेको तयारी हुनु, कान्छी आमाको अत्याचारमा परेर नीरा बुवाको मायाबाट टाढिँदै जानु, सूर्यमाया बिरामी पर्नु, नीराको बिहेको अघिल्लो दिन राजबहादुरको एउटा दुर्घटनामा मृत्यु हुनु, कान्छी तामाङ्नीले धनु क्षेत्रीको सम्पूर्ण सम्पत्ति चोरेर भाग्नु, पूर्णजीतलाई आफूले गरेको गल्तीको पछुतो हुनु, नीरा बनारस फर्की जीवनको आमाको हेरचाह गर्नु, मोहन पनि जेलबाट छुटी सूर्यमायाको घरमा पुग्नु, धनु क्षेत्री र सूर्यमायाको भेट हुनु, धनु क्षेत्रीले सूर्यमायाको नासो फर्काउनु, सूर्यमायाले यो संसार त्याग्नु, जीवनले आमाको मृत्युको खबर पाई घर फर्कनु, घरमा जीवनले नीरा र अरू सबैसँग भेट हुनु, जीवनले नीरालाई कास्मीरी सल ओढाइदिनुजस्ता घटनाबाट उपन्यासको अन्त्य भाग पूरा हुन्छ ।

### ४.१.३ चरित्र-चित्रण

**चरणधुली** (२०१६) प्रशस्त मात्रामा पात्रहरू प्रयोग गरिएको उपन्यास हो । यस उपन्यासका पात्र नेपाली समाजको स्पष्ट चित्रण गर्ने मौलिक किसिमका छन् । परिस्थितिले बाध्य बनाएका चाहना भएर पनि पढ्न नपाएका, पारिवारिक समस्याले जकडेका पात्रहरूको उपस्थिति छ जसलाई विभेदक अभिलक्षण तालिकामा निम्नानुसार देखाउन सकिन्छ ।

| क्र. सं. | पात्र | कार्यभूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | जीवन | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | नीरा | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ३ | मोहन | सहायक पात्र | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | वद्ध |
| ४ | सूर्यमाया | सहायक पात्र | अनुकूल | गतिशील | वर्गीय | स्त्री | मञ्चीय | बद्ध |
| ५ | जमिनदार | सहायक पात्र | अनुकूल | गतिशील | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| ६ | सिनोरा | सहायक पात्र | अनुकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | वद्ध |
| ७ | राजबहादुर | सहायक पात्र | प्रतिकूल | गतिशील | वर्गीय | पुरुष | मञ्चीय | वद्ध |
| ८ | कान्छी | सहायक पात्र | प्रतिकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | वद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तामाङ्नी | | | | | | | |

### ४.१.३.१ प्रमुख पात्र

**क) जीवन**

सुन्दर अग्लो गहुँगोरो वर्णको मधुर भीलनसार स्वभाव भएको अध्यापनको प्यारा जीवन उपन्यासको प्रमुख पुरुष पात्र हो । जीवन आमासँग दार्जिलिङमा बस्छ । बाउको सानो उमेरमा निधन भएकाले आमाले जीवनलाई दुःख गरेर पढाएकी छ । बाबु पल्टनमा भएको बेला घरको हालत ठीक भएको र बाबुको मृत्युपछि आमाले जसरीतसरी जीवनको लालनपालन गरेकी छन् । जीवन दार्जिलिङ सन्त जोसेफ कलेजमा पढ्छ । समाजको सीमाभन्दा पर रहेर सोच्ने कसैको डर नभएको, अन्याय नसहने, गरिबदुःखीको पुकार सुन्दा भोक, प्यास, निद्रा, आराम त्याग्ने जीवनको स्वभाव रहेको छ । ऊ दयालु भएको कुरा जन्तर बूढालाई गरेको मद्दतबाट थाहा हुन्छ । ऊ कर्मयोगी, आत्यसंयमी, विज्ञानभक्त एउटा प्रतिभाशाली व्यक्तित्व हो । ऊ आमालाई साह्रै माया गर्ने र हरेक खुसी दिने असल छोरा हो । ऊ छोराका साथै सच्चा प्रेमी पनि हो । जीवन आशालाग्दो प्रतिभाशाली विद्यार्थी भएको कुरा प्रोफेसर चक्रवर्तीले *जीवन हाम्रो कलेजको रत्न हो, गौरव हो* भनेको कुराबाट स्पष्ट हुन्छ । पढाइको महत्त्व बुझ्ने जीवन पारिवारिक कारणले पढाइ छोड्न बाध्य छ । पढाइ जीवनको लागि कति महत्त्वपूर्ण छ भन्ने कुरा उसको यस भनाइबाट प्रस्ट हुन्छ : *पित्तलको पनि हार बन्छ औँ सुनको पनि हार बन्छ तर ती दुवै एकै हुन् भन्नु ठुलो भूल गर्नु हो । चम्क्यो भन्दैमा सुन भनिहाल्नु हुँदैन नि !* उसले पढाइको महत्त्व हरेक ठाउँमा हुने र पढेको मान्छेले र नपढेको मान्छेले एउटै काम गर्दा परिणाम फरक आउने कुरा व्यक्त गर्दै मोहनलाई पढ्ने सल्लाह दिन्छ । पछि आएर आफ्नो घरको आर्थिक स्थिति कमजोर भएका कारण आफैँ पढाइ छोडेर नोकरी गर्न घरबाट हिंडेको हुँदा गतिशील पात्र हो । नोकरी गर्नु, कलकत्तादेखि मलायासम्म पुगेर स्टेसनको पार्सल विभागमा काम गर्नुदेखि जुनियर मास्टरसम्मको काम गर्न पुगेको छ । जीवनको जीवन सङ्घर्ष नै सङ्घर्षको थलो भएको छ । आमाका लागि प्रेमिका नीराबाट टाढा भएको जीवनले आमालाई अन्तिम पटक भेट्न पाएको छैन । ऊ आमाको अन्तिम संस्कार गर्न नपाउँदा आफूलाई अभागी ठान्छ ।

जीवन सुरुदेखि अन्तिमसम्म देखिएको मञ्चीय पात्र हो । आबद्धताका आधारमा उसलाई बद्ध पात्रका रूपमा चित्रण गर्न सकिन्छ । जीवन सामाजिक पात्र हो । उपन्यासलाई सार्थक र सफल बनाउन उसको भूमिका अद्वितीय छ ।

**ख**) **नीरा**

नीरा **चरणधुली** उपन्यासकी प्रमुख नारी पात्र हो । शान्त स्वभावकी, सुन्दर वर्ण भएकी नीरा कालिम्पोङबाट दार्जिलिङ पढ्न आएकी छ । जमिनदार धनु क्षेत्रीकी एउटै सन्तानका रूपमा नीरा रहेकी छ । ऊ घरमा साह्रै माया पाएकी, पढ्नमा राम्री, कम बोल्ने देखिन्छे । उपन्यासमा नीरा रूप, सौन्दर्य र ज्ञानगुणकी प्रतिमूर्तिका रूपमा चित्रित छ । नीरा कतै खोट देखाउन नसकिने अनुकूल प्रवृत्तिकी चरित्र हो । स्वभावका आधारमा नीरा स्थिर छ । ऊ बुवाको आज्ञाअनुसार पढ्ने इच्छा हुँदाहुँदै पढाइ छोड्न बाध्य भएकी छ ।

नीरा आधुनिकतालाई मन पराउने भए पनि उसले परम्परालाई पनि त्यति नै आत्मसात् गरेकी छ । भगवान्मा विश्वास गर्ने नीरा कर्तव्यनिष्ठ र भाग्यवादी पात्र हो । नीराको जीवनमा क्रमिक रूपमा घटना घटित भएका छन्, आफ्नी आमाको मृत्यु, सौतेनी आमाको दुःख, राजबहादुरको मोटरसाइकल दुर्घटनामा मृत्यु हुनु जस्ता घटनाले पनि नीरालाई कति पनि विचलित पारेका छैनन् । नीरा आफ्नो सिद्धान्त र निर्णयमा अडिक छ । नीरा स्नेही र परसेवामा रमाउने पात्र हो भन्ने कुरा सूर्यमायाप्रति गरेको व्यवहारले देखाउँछ । सूर्यमायाको मृत्युपछि पनि घरको जिम्मेवारी कुशलता पूर्वक सम्हालेको कार्यबाट नीरा जिम्मेवार पात्रका रूपमा देखिन्छे । उसमा दिव्यता झल्किन्छ । अलिकति पनि दोष नभएकी नीरा एक आदर्श नारी चरित्र हो । नीरालाई सहनशीलताको उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । ऊ भाग्यमा विश्वास गर्ने र आशावादी चरित्र हो । नीरा आफूभन्दा ठुलाको इज्जत गर्ने, पढाइमा राम्रो भएकी, सर्वगुण सम्पन्न, आदर्श भएकी **चरणधुली** उपन्यासको उद्देश्य सुहाउँदी नायिका हो ।

### ४.१.३.२ सहायक पात्र

**क) मोहन**

मोहन **चरणधुली** उपन्यासको सहायक पुरुष पात्र हो । मोहन जीवनको सबैभन्दा नजिकको साथीका रूपमा देखा पर्छ । उसलाई मिस्टर दार्जिलिङको उपाधि दिइएको छ । दरिलो शरीर, राम्रो उचाइ, बलियो र साना आँखा, कालो वर्णको उसको बनोट छ । मोहन आजको पढाइ व्यवस्थाप्रति दिक्क मानेको पात्र हो । ऊ जति पढे पनि नोकरी पाइँदैन, आखिर पैसा कमाउनु नै छ भने किन पढ्ने भन्दै पढाइ बन्द गरी नोकरी गर्ने विचार गर्छ । उसले यो शिक्षा व्यवस्थालाई व्यङ्ग्य हानेको छ । मित्र त्यही हो जो दुःखको समयमा काम लाग्छ भन्ने कुरा मोहनले जीवनका लागि जेल गएको कुराबाट थाहा हुन्छ । उसले असल मित्रको उदाहरण दिएको छ । साथै जीवनको अनुपस्थितिमा सूर्यमाया बिरामी हुँदा उसको हेरचाह गरेको छ । आफ्नै छोराले जस्तै सूर्यमायाको अन्तिम संस्कार गरेको छ । *सेवा नै धर्म हो* भन्ने मानवतावादी भाव भएको पात्र हो । ऊ जीवनको दुःखको कारण नीरालाई टाढा बस्ने सल्लाह दिन्छ । गफ गर्नमा सिपालु सहयोगी मोहनमा समय अनुसार परिवर्तन हुन सक्ने गुण रहेको छ । मोहनले कथावस्तुलाई कलकत्तामा टुङ्गिन नदिई मलायासम्म पुऱ्याउने काम गरेको छ । मोहन अनुकूल पात्र हो । उपन्यासको कथावस्तुको विकाससँगै देखा परेको मोहन अन्तिमसम्म देखिएको मञ्चीय पात्र हो । मोहनलाई हटाउने हो भने उपन्यास अपूरो हुने भएकोले ऊ उपन्यासको कथा अनुसार आबद्ध चरित्र हो । मोहनमा कुनै किसिमको छलकपट देखिँदैन । साथीका लागि जस्तो पनि बलिदान दिन सक्ने, साथीकी आमालाई आफ्नी आमाजस्तै गरेर जीवनको घर र आमाको हेरविचार गर्ने ऊ यस उपन्यासको महत्त्वपूर्ण सहायक पात्र हो ।

**ख) धनबहादुर**

पल्टनमा हवल्दार धनबहादुर कार्की  नीराका पिताका रूपमा उपन्यासमा देखा परेका छन् । धनु क्षेत्री सुवेदार हर्कबहादुरको १२००० रूपैयाँ उसको परिवारलाई दिनुको सट्टा कालिपोङमा जग्गा जमिन खरिद गरेर जमिनदार भएर बसेको हुन्छ । उसले छोटो समयमा ठुलो प्रगति गरेको देखिन्छ । सम्पन्न जीवन बिताइरहेको धनु क्षेत्री आफ्नो अतित लुकाउन सफल भएको छ तर उसको मनमा स्वर्गीय हर्कबहादुरको परिवारलाई धोका दिएको कुराले सधैं पिरोलेको हुन्छ । उसकी छोरी र राजबहादुरको विवाह गर्ने निर्णयले पत्नीको मृत्यु हुन्छ । स्वास्नीको मृत्युको केही समयमै अर्को बिहे गर्छ । कान्छी

स्वास्नी भित्र्याएपछि उसको घरको सुख, सम्पत्ति र सभ्यताले घर छोड्छ। यी सबै कुराको ज्ञान उसलाई भैसक्दासम्म सबै सिद्धिसकेको हुन्छ। कान्छी तामाङ्नीले घरको सम्पत्ति चोरेर भागेपछि उसको आँखा खुल्छ। धनु क्षत्री उपन्यासको सुरु र मध्यमा प्रतिकूल पात्रका रूपमा देखिए पनि अन्तिममा जीवनलाई सबै साँचो बोलेर नीरा र जीवनलाई भ्मीलाउने अनुकूल पात्रका रूपमा देखिएको सहायक पात्र हो।

### ग) सूर्यमाया

सूर्यमाया जीवनकी आमाका रूपमा रहेकी उपन्यासकी अर्की सहायक स्त्री पात्र हुन्। पति पल्टनमा भएको र त्यही मृत्यु भएपछि सूर्यमायाले एक्लै दुःख गरेर जीवनको लालनपालन गरेकी छन्। उनले कोइलाको व्यापार गर्दै छोरालाई पढाएकी पनि छन्। जस्तो परिस्थितिको पनि नहडबढाई सामना गर्ने सूर्यमायाको छोरो पढेर ठुलो मान्छे बनोस् भन्ने एउटै सपना छ,। ऊ आर्थिक कठिनाइका कारण घर धितोमा राख्छ र पछि पैसा तिर्न नसक्दा घर छोडी भाडामा बस्न बाध्य छ। जीवन टाढा हुँदा उसको सम्भ्कनामा दिन काट्छ। सूर्यमाया गृहस्थी र कामकाजी दुवै भूमिकामा देखिन्छे। ऊ साह्रै सङ्घर्षशील नारी हो। उपन्यासको अन्तिममा सूर्यमायाको मृत्यु हुन्छ। सूर्यमायाको मृत्यु र सबैको भेटबाट उपन्यासको कथावस्तु टुङ्गिएकाले सूर्यमाया उपन्यासकी महत्त्वपूर्ण पात्र हुन्।

### घ) सिनोरा

सिनोरा उपन्यासकी महत्त्वपूर्ण सहायक स्त्री पात्र हो। नीराकी असल साथीका रूपमा सिनोरा रहेकी छ। ऊ खुल्ला स्वभावकी, चञ्चला, कुरा गर्नमा सिपालु छ। सिनोरा कालिम्पोङबाट दार्जिलिङ पढ्न आएकी मायासँग बस्छे। ऊ नीरालाई स्कुलदेखि नै हरेक सुखदुःखमा साथ दिने असल मित्रका रूपमा रहेकी छ। उसले नीरा र जीवनको प्रेममा मध्यस्थ अर्थात् पुलको काम गरेकी छ। ऊ नीरालाई उसकी सौतेनी आमाले दिएको दुःखको विरोध गर्छे। यसले ऊ विद्रोही स्वभावकी देखिएकी छ। सूर्यमाया बिरामी हुँदा उसले नीरासँगै भ्मीलेर स्याहार गरेको हुँदा सहयोगी भावनाकी छ भन्ने कुरा थाहा हुन्छ। उपन्यासको विकासक्रमदेखि अन्तिमसम्म भूमिका भएकाले सिनोरा अनुकूल, मञ्चीय

पात्रका रूपमा देखिएकी छ । उपन्यासमा सिनोराले मुख्य पात्रलाई सहयोग गरेकी छ । नीरा र जीवनको झीलनमा सक्दो सहयोग गरेकोले उपन्यासमा उसको महत्त्वपूर्ण सहायक भूमिका रहेको छ ।

### ङ) राजबहादुर

राजबहादुर उपन्यासको अर्को सहायक पुरुष पात्र हो । ऊ सरदार चन्द्रवीरको बिग्रेको छोरो हो । ऊ बाबुका सबै सपनालाई चुरोटको धुवाँमा उडाउँदै हिंड्ने खराब पात्र हो । उपन्यासकी नायिका नीरासँग उसको बिहेको निर्णय हुँदा पनि उसले आफ्नो खराब लतलाई छोडेको छैन । ऊ कान्छी तामाङ्नीसँग सम्बन्ध राख्ने, केटी जिस्क्याउने, स्त्रीलम्पट पात्र हो । पैसाको बलमा सबै कुरा पाउन सकिन्छ भन्ने उसको मनोभाव छ । ऊ परपीडक प्रवृत्तिको व्यक्ति रहेको छ । ऊ अरूको दुःखमा आफू सुखी हुन्छ । आफ्नै बिहेको अघिल्लो दिन मोटरसाइकल दुर्घटनामा उसको मृत्यु हुन्छ । उसको मृत्युले उसका पितालाई समेत दुःखी बनाएको छैन । यसबाट ऊ कति खराब व्यक्ति हो भन्ने कुरा थाहा हुन्छ । उपन्यासमा नीराको बर्बादीको जिम्मेवार व्यक्तिका रूपमा राजबहादुर देखिएकाले ऊ उपन्यासको महत्त्वपूर्ण खराब पात्र हो ।

### च) कान्छी तामाङ्नी

कान्छी तामाङ्नी उपन्यासकी अर्की सहायक स्त्री पात्र हो । कालिम्पोङमा चिया, रक्सी, माछा, मासु, अन्डा, रोटी जस्ता सामान राखेर गुजारा गरिरहेकी छ । नीराको जीवनमा अस्वाभाविकता ल्याउनमा कान्छी तामाङ्नीको ठुलो भूमिका रहेको छ । पत्नीको मृत्युपछि जमिनदार धनु क्षेत्रीले कान्छी तामाङ्नीलाई नीराकी कान्छी आमाका रूपमा भित्र्याएको छ । कान्छी तामाङ्नीमा सौतेनी आमामा हुने खालका सबै दुर्गुण रहेका छन् । उसले धनु क्षेत्रीसँग पैसाको लोभमा बिहे गरेकी छ । ऊ नीरालाई दुःख दिन सधैं तत्पर रहन्छे । उसले राजबहादुरसँग अनैतिक सम्बन्ध गाँसेकी छ । अन्तमा उसको क्रियाकलापको पर्दाफास भएको छ । ऊ पैसा चोरेर भाग्छे । जमिनदारको बर्बादी र नीराको जीवन अव्यवस्थित बनाउनुमा उसको प्रमुख भूमिका छ । त्यसैले कान्छी तामाङ्नी उपन्यासकी प्रतिकूल पात्र हो ।

**चरणधुली** उपन्यास बहुपात्र भएको उपन्यास हो । यसमा प्रशस्तै स्त्री, पुरुष, गौण पात्रहरूको उपस्थिति छ । उपन्यासमा उर्मिला, चन्द्रा, विमला, किशोरी, मेनुका, झरना, प्रतिभा, काहिंली, नेवार्नी,

सानुमती, सेती, सयपति गुरुआमा जस्ता स्त्री गौण पात्रहरू छन् । त्यस्तै जन्तरेबाजे, चन्द्रसिंह गुरुङ (शिक्षक), प्रोफेसर चन्द्रवर्ती, चन्द्रध्वज, नाध्वज, पानवाला, डल्लेभिकारी, चिनियाँ सिपाही, चमारे, ड्राइभर, दुई जना गुण्डा जहाजमा भेटिएका युवक जस्ता गौण पुरुष पात्र छन् ।

पात्र तथा चरित्र चित्रणका आधारमा **चरणधुली** उपन्यास सबल र सफल छ । उपन्यासमा गौण पात्रको भीड जस्तो देखिए पनि समय, स्थान र कार्यका आधारमा सबै पात्रको युक्तिसङ्गत प्रयोग भएको देखिन्छ । गौण पात्रहरूले उपन्यासको कथामा कहीँ बाधा पुऱ्याएका छैनन् । सबैले प्रमुख तथा सहायक पात्रको भूमिकामा साथ दिएका छन् । उपन्यासको कथावस्तु र उद्देश्यअनुसार चरित्रचित्रण भएकाले पात्र चयनमा उपन्यास सफल भएको छ ।

### ४.१.४. परिवेश/पर्यावरण

प्रवासी नेपाली समाजको स्थिति, मान्यता र परम्परालाई यस उपन्यासले राम्ररी चित्रण गरेको छ । दार्जिलिङ, कालिम्पोङ र मलायासम्मको परिवेशलाई उपन्यासले समेटेको छ । मुख्य रूपमा यस उपन्यासले प्रवासी नेपाली बस्तीहरूको राम्ररी चित्रण गरेको देखिन्छ ।

**चरणधुली** स्वच्छन्दतावादी धाराको उपन्यास भएकाले यसमा प्रकृतिको स्वच्छन्दतावादी सुन्दरताको चित्रण भौतिक परिवेशका रूपमा आएको छ । उपन्यासमा दार्जिलिङका सुन्दर दृश्यदेखि रमणीय दार्जिलिङ, मलाया, कालिम्पोङका सुन्दर दृश्यहरूको वर्णन गरिएको छ । उपन्यासको मुख्य घटनास्थल दार्जिलिङ क्षेत्र रहेको छ । यस उपन्यासमा दार्जिलिङको मनोरम दृश्यको मायापुरी, कालिम्पोङ र मलायाको राजधानी क्वालालम्पुरको परिवेश प्रत्यक्ष रूपमा आएको छ । उपन्यासमा दार्जिलिङ्गका सुन्दर दृश्यदेखि कलकत्ताको ढुकुरिया झिलको एकान्त सुन्दर परिवेशको चित्रण गरिएको छ । उपन्यासमा प्रस्तुत गरिएका चिठीहरूमा उल्लेखित समयका आधारमा हेर्दा उपन्यासमा घटित समय र नीराको पढाइको समय हेर्दा उपन्यासमा घटित समय चार वर्षको अवधिभित्रको देखिन्छ । उपन्यासमा निम्न वर्गीय नेपालीहरूले पाउने दुःख, कष्ट, छलकपट, जीवनयापन गर्नका लागि खेप्नुपर्ने दुःख पीडालाई यथार्थ रूपमा चित्रण गरिएको छ । उपन्यासका घटनाहरू दुःखद् वातावरणमा घटित भएका छन् । उपन्यास स्वच्छन्दतावादी शैलीमा लेखिएको हुनाले उपन्यासमा प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ । दार्जिलिङको रमणीय दृश्य, त्यहाँको मनमोहक प्राकृतिक वातावरणमा जीवन र नीराले बिताएका क्षणको वर्णन उपन्यासमा गरिएको छ । एक्ली आमाले दुःख गरेर जीवनलाई पढाउनु तर

परिस्थिति र अभावले जीवनले पढाइ छोडी बिदेसिनु, धनु क्षेत्रीले जीवनको बाबुको नासो खाएर ग्लानी गर्नु र जीवन र उसका आमालाई खोज्नका लागि धेरै प्रयास गर्नु र यसमा धनु क्षेत्रीको मानसपटलमा सधैं द्वन्द्व भइरहने  द्वन्द्वात्मक घटना घटित भएका छन् । मोहन र नीराजस्ता साथी जीवनले पाएको छ । मोहनले सूर्यमायाको अन्तिम अवस्थामा सेवा गरेको छ । आखिरमा धनु क्षेत्रीले सूर्यमायाको नासो फिर्ता दिनु, जीवन र नीराको भ्रीलन गराई दिए पनि सूर्यमायाको मृत्युजस्ता घटनाहरू दुःखद् वातावरणमा घटित भएका छन् । उपन्यासमा पात्रहरूको मानवीय कमजोरीका कारण उपन्यासमा दुःखद् वातावरणको सिर्जना भएको छ। जीवन पढाइ छोडी परदेश लाग्नु, नीराको बदमास राजबहादुरसँग बिहे गर्न खोज्नु, राजबहादुरको दुर्घटनामा मृत्यु हुनुजस्ता संयोगात्मक घटना पनि उपन्यासमा रहेका छन् ।

### ४.१.५ उद्देश्य

**चरणधुली** सामाजिक यथार्थको धरातलमा लेखिएको उपन्यास हो । मूलतः उपन्यासको मुख्य उद्देश्य मानिसको जीवनमा जस्तो संकट, दुःख, विपत् आए पनि बाँच्नु नै पर्छ । जिउनु नै मानवता हो भन्ने रहेको छ । मानवीय कमी कमजोरी हुन्छन् यिनै कमी कमजोरी र त्रुटीहरू हटाई स्वच्छ भावना समाजमा स्थापित गर्नुपर्छ भन्ने सन्देश दिनु यस उपन्यास लेखनको प्रथम उद्देश्य हो । उपन्यासले आधुनिक शिक्षालाई व्यङ्ग्य हानेको छ । जति पढे पनि नोकरी नपाउनु, बेरोजगारी बढ्नु नोकरीको लागि घर छोडेर जानुपर्ने परिस्थिति सिर्जना हुनु जस्ता कुराबाट व्यावहारिक शिक्षाको जरुरत छ भन्ने सन्देश दिनु उपन्यासको अर्को उद्देश्य हो । सेवा नै धर्म हो । हामीले दुःखमा सहयोग गर्नुपर्छ । दिन जस्तो आए पनि असल मित्रको परिचय दुःखमा हुन्छ भन्ने कुरा पनि उपन्यासले सिकाउँछ । खराब कार्यको परिणाम खराब हुन्छ । जस्तो परिस्थितिमा पनि आशा छोड्नु हुँदैन, निस्वार्थ र निडर रहेर परिस्थितिको सामना गर्नुपर्छ भन्ने सन्देश दिनु पनि उपन्यासको उद्देश्य हो ।

हाम्रो समाज रुढीवादी संस्कारबाट ग्रसित छ । समाजमा हरेक किसिमका पात्रहरू भेटिन्छन् तर सही र गलतको चयन आफ्नो विवेकले गर्नुपर्छ । कूलतमा परेर निर्णय गर्नु हुँदैन । रक्सी र जाँडको प्रभावमा परेको मान्छेले सही र गलत छुट्याउन सक्दैन र राम्रो समाजको निर्माण गर्न सक्दैन भन्ने भाव प्रकट गर्नु उपन्यासको अर्को उद्देश्य रहेको छ ।

**चरणधुली** उपन्यास भाव पक्ष सबल भएको स्वच्छन्दतावादी उपन्यास हो। यसमा स्वच्छन्दतावादको निष्कर्षमा आदर्शवाद आएको छ। जुन उपन्यासमा स्वभाविक ढङ्गले प्रस्तुत भएको छ। सबै पात्रहरूको जीवनको हरेक मोडमा केही न केही बाधा र कष्ट आएका छन् जुन उनीहरूले आफ्नो सङ्घर्षले हटाएका छन्। अन्तमा राम्रो त सब राम्रो हुन्छ भन्ने भाव उपन्यासमा रहेको छ। सत्य र प्रेमभन्दा ठुलो केही हुँदैन भन्ने प्रस्तुत गर्नु उपन्यासको अर्को लक्ष्य तथा उद्देश्य हो।

### ४.१.६ दृष्टिबिन्दु

कृतिमा लेखकले आफ्नो विचार अभिव्यक्त गर्न एउटा निश्चित पद्धति अपनाएको हुन्छ। त्यो पद्धति नै दृष्टिबिन्दु हो। **चरणधुली** उपन्यासमा पनि अन्य पुरुष अर्थात् तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ।

यसमा उपन्यासका उपन्यासकारले घटना र वस्तुका बारेमा स्वयं सर्वज्ञाता भएर उपन्यासमा कथावस्तु, चरित्रचित्रण, परिवेश र उद्देश्य प्रस्तुत गरेका छन्। उपन्यासका सबै घटना उपन्यासकार नामका मार्फत नै प्रस्तुत गर्दछन्। दृष्टिबिन्दुको यस प्रयोगले उपन्यास वर्णनात्मक बन्नमा जोड पुगेको छ। दृष्टिबिन्दुका आधारमा चरणधुली उपन्यास स्पष्ट छ। यसमा कुन पात्र कस्तो छ कहाँ के घटना घटित हुन्छ ती सबैको प्रस्तुति उपन्यासकारले समालोचक जस्तो भएर प्रस्तुत गरेका छन्।

### ४.१.७ भाषाशैली विन्यास

**चरणधुली** उपन्यास हाम्रो समाजका विषय, पात्र परिवेश आदिको चित्रण गरिएको उपन्यास हो। तसर्थ यस उपन्यासमा समाज र जीवनमा प्रचलित भाषिक रूपहरूको प्रयोग गरिएको छ। उपन्यासमा सरल भाषाको प्रयोग भएको देखिन्छ। उपन्यासमा संस्कृत, बङ्गाली, अङ्ग्रेजी, हिन्दी तथा चिनियाँ शब्दहरूको प्रयोग भएको देखिन्छ। तत्सम्, बङ्गाली, अङ्ग्रेजीका आगन्तुक शब्दको प्रयोगले उपन्यासलाई स्तरीय बनाएको छ। पात्र सुहाउँदो भाषाको प्रयोग उपन्यासमा भएको छ। **चरणधुली** उपन्यासलाई संवादहरूले पनि यसरी विशिष्टता प्रदान गरेका छन् : *नफर्काए अझ बेस। कहाँ पोख्यो दाल भातैमा। मंसिरमा धानको भारी गु-रु-रु बोकेर ल्याए ता भैगयो नि, पैसा किन चाहिन्थ्यो हजुर* ( पृष्ठ ३३)।

प्रस्तुत उपन्यास स्वच्छन्दतावादी प्रवृत्तिको भएका कारण यसमा सकारात्मक भाषाको प्रयोग भएको छ :

*नीरा जीवनको नित्य भेट हुन्छ त्यही सुन्दर, निर्णय एकान्त औँ प्रकृतिको हरियाली 'मायाफुरीमा'। ती दुई एउटै हुन्थे केवल दुई शरीर एउटा आत्मामा परिणत हुन्थे* (पृष्ठ २६) । *नीराले जीवनको चरणधुली शिरमा लगाउँदै विस्तारै भनी आज तिम्रो चरणधुली मेरो शिरमा राखी म प्रण गर्छु, म तिम्री हुँ, तिमी मेरो देवता हौ, भगवान् हौ।* .(पृष्ठ ४८), नारीका जन्म हारेको कर्म (पृ.२६०) जस्ता छोटा संवाद र उखान टुक्काहरू उपन्यासमा प्रयोग भएका छन् :

*लाहुरेको रेलिमाई फेसनै राम्रो*

*रातो रूपमाल रेलिमाई खुकुरी भिरेको*

*लाहुरेको रेलिमाई फाटेको झोला*

*फेरी भेट रेलिमाई होला कि नहोला ।*

*(पृ. ५२)*

*धल्की धल्की नहेर्नु होला*

*पल्टनेले मन हरी लैजाला*

*चौतारीमा बसेर सुसेलीले गाउला*

*माया मारी गयो भने सपनीमा आउला*

*तिम्रो निम्ति कोसेली म साथै बोकी ल्याउँला*

*माया मारी गयौँ भने सपनीमा आउँला ।*

*यो जीवन आउने जाने हो*

*यो जीवन बग्ने पानी हो ल है ।*

*फरियाको मुजा भारी*

*म त लाउँछु बँगाली साडी*

*दौराको तना छ छोटो*

*मत कस्छु घाँटीमा रातो पासो ।*

यस्ता स-साना गीतका टुक्राहरूले उपन्यासलाई माधुर्य प्रदान गरेका छन् । उपन्यासको शैली वर्णनात्मक छ । भाषा सलल बगेको र साधारण व्यक्तिले पनि बुझ्न सक्ने सरल छ । बङ्गाली भाषाको प्रयोग यसरी गरिएको छ : *"ओ गो, खारार तो पौडे रोहछ, अच्छा जीवन बाब आपनि एक्टु ढाडान हनौं, आनी चट करे नि आसी हनौं ।"*

उपन्यासकारले पात्रले बोल्ने व्यावहारिक भाषाको प्रयोग उपन्यासमा गरेका छन् । *हा हा झीलनुको त कुरा हो पन्ध्र दिनमा...........रुपियाँ देदिन् ।"* यस्तो संवादको प्रयोगले उपन्यासको भाषालाई यथार्थको नजिक पुऱ्याएको छ ।

छोटाछोटा वाक्यविन्यास, तत्सम् शब्दका साथै ठेट नेपाली शब्दको प्रयोग गरिएको यस उपन्यासको भाषाशैली सरल किसिमको छ । उखान टुक्काको समुचित प्रयोग (*दाल कहाँ पोख्यो भातमा, चम्क्यो भन्दैमा सुन भनिहाल्नु हुँदैन, मुखमा एक ठेकी तेल घसेर मनमा एक पाथी मयल जस्ता* उपन्यासमा प्रयोग भएका थेगो, उखान टुक्काहरूले उपन्यासलाई भाषाका दृष्टिले सुमधुर बनाएको छ ।

### ४.१.८. निष्कर्ष

**चरणधुली** उपन्यास स्वच्छन्दतावादमा आधारित छ । यसले दार्जिलिङको नेपाली समाजको चित्रण सजीव रूपमा गरेको पाइन्छ । बढ्दो बेरोजगारीका कारण मुलुक छोडी प्रदेश जानुपर्ने, जति पढे पनि नोकरी नपाइने, उच्च वर्गको शोषण निम्न वर्गले सहनुपर्ने यथार्थको चित्रण उपन्यासमा गरेको छ । **चरणधुली** उपन्यासको मूलतत्त्व प्रेम हो । उपन्यास चरण+धुलो = **चरणधुली** झीलेर बनेको छ

जसमा नीरा र जीवनको पवित्र र निस्वार्थ प्रेमको परिचय दिइएको छ । प्रेमले धनी, गरिब केही भन्दैन भन्ने भाव प्रकट गरिएको छ ।

उपन्यासमा भएका पात्र परिस्थितिका दास बनेका छन् । उनीहरूले एउटा कुरा सोच्छन् तर अर्को समस्या आउँछ । मान्छे नियतिको कमारो हो आफ्नो हातमा केही छैन भन्ने सन्देश उपन्यासले दिन्छ । सेवा नै धर्म हो प्रेमको अगाडि कसैको केही लाग्दैन भन्दै उपन्यासमा वर्णित घटनाहरू संयोगका रूपमा आएका छन् । उपन्यासमा मुख्य पात्र नीरा र जीवनको पवित्र प्रेम र नीराले जीवनलाई भगवान् मानी उसको **चरणधुली**लाई आफ्नो शिरमा राखी कहिल्यै नछाड्ने कसम खाएको जस्तो परिस्थितिमा पनि उसको विश्वास नडग्मगाउने उपन्यासको विषयवस्तु अनुकूल शीर्षक पनि सार्थक छ ।

## ४.२ 'अशेषयात्रा' उपन्यासको विश्लेषण

**अशेषयात्रा** उपन्यास वि.सं. २०२३ तदनुसार सन् १९६४ मा प्रकाशन भएको कृष्णसिंह मोक्तानको दोस्रो उपन्यास हो । खरसाङबाट प्रकाशनमा आएको **अशेषयात्रा** स्वच्छन्दतावादी धाराको उपन्यास हो । यो उपन्यास तीन खण्डमा विभाजित छ । पहिलो खण्डमा ५० पृष्ठ, दोस्रोमा १३७ र तेस्रोमा ९६ पृष्ठमा विभाजित भएर २७४ पृष्ठमा उपन्यास पूरा भएको छ । उपन्यासको पृष्ठ विभाजनमा समानुपातिकता पाइँदैन ।

### ४.२.१ कथावस्तु

उपन्यासको आरम्भ मिरिक बजारको औँसीको काली रातबाट हुन्छ जहाँ करण बिरामी साथीको लागि औषधी खोज्दै हुन्छ तर त्यस रातमा गाउँलेले उसलाई चोर ठहऱ्याए । करण नागा पर्वतको आराधुरा गाउँको मुखिया साहेब अर्थात् पूर्णजीतको छोरो हो । करणको परिवार आमा, बहिनी शान्ति, बाबु पूर्णजीत र आफू गरी ४ जनाको सुखी परिवार छ । करण बगारसभा कला विभागमा अर्थशास्त्र लिएर एम.ए. गरिरहेको छ । शान्ति आमा बुवाको हेरचाह गर्दै घरमै बस्छे । पूर्णजीतले आफू अशिक्षित भएर पनि छोरालाई धेरै पढाउने सपना बोकेका छन् । पूर्णजीत धेरै मिहिनेती छन् । उनले आफ्नै मिहिनेत र इमान्दारिताले धन कमाएका छन् । मेसिक साहेबको काम गर्दा उनको मृत्युपश्चात् पूर्णजीतको इमान्दारिता र सेवाबाट खुसी भएर नगद ५० हजार दिएका र पूर्णजीत आराधुरामा जग्गा

किनेर मुखिया साहेब बेनेका छन् । उपन्यास अगाडि बढ्नेक्रममा बनारसको विद्यार्थी चिया पसलमा अनुराधासँग करणको भेट हुन्छ । मौकामा अनुराधाको ज्यान बचाएपछि अनुराधाको चिठी पढेर करण अनुराधालाई मन पराउँछ । उता घरमा बहिनी शान्तिको बिहेको कुरा चल्छ साथै करणको पनि बिहे गर्न शान्तिले चिठीमा लेखी पठाउँछ । करणले अनुराधालाई मनपराउँछ । त्यसैकारण बुवाले अर्को केटीसँग विहे गर भन्दा उत्तरमा करणले आफू अहिले बिहे गर्न तयार नभएको कुरा लेख्छ । पछि गएर अनुराधाले आफूलाई नभएर वसन्तलाई मन पराउने र करणलाई अनुराधा उसलाई माया होइन सम्मान गर्छे भन्ने कुरा थाहा पाएपछि उसलाई नराम्रो लाग्छ । उता परिवारलाई पनि करणले दुःखी बनाइसकेको हुन्छ ।

ग्रीष्म विदामा सबै जना आ-आफ्नो घर जान्छन् तर करणले पूर्णजीतको मन दुखाएको हुनाले घर नगई लक्ष्यहीन भएर यताउता घुम्छ । यसैक्रममा उसको भेट दार्जिलिङका इन्द्रप्रकाशसँग हुन्छ । इन्द्रप्रकाश ख्यातिप्राप्त लेखक र सेन्ट रबर्ट उच्च विद्यालयमा शिक्षक पेसामा छन् । अब करण यतै रमाउन थाल्यो र यतै काम गर्न इच्छा राख्यो । इन्द्रजीतले पनि यता नोकरी पाउन गाह्रो हुने तर मिरिकमा साथीका निम्ति उच्च विद्यालयको कुरा गरिदिए । करण मिरिक बजारको एउटा दुई कोठे घर भाडामा लिएर अर्जुनकुमारसित बसे । अर्जुनसिंह र करणको बिच असल मित्रताको सम्बन्ध बन्यो । एकदिन अचानक अर्जुनको राति पेट दुखेकाले रातमा करण डाक्टर खोज्न निस्क्यो । मध्यरातमा एउटा घरमा अनुराधा त्यहीँ चियापान कार्यक्रममा गाएको गीत गाउँदै रुँदै गरेको देख्छ । वसन्तले धोका दिएर अनुराधा पागल बनिसकेकी हुन्छे । राति अरूको घरको बाहिर करणलाई देख्दा गाउँलेले चोर सोचेर लखेटे ।  ऊ पारमेन बस्तीको गाउँमा बास माग्न पुग्यो । त्यहाँ बूढा र उसका दुई छोरी चन्द्रमती र सुकमती हुन्छन्, त्यो परिवारसँग करण केही दिन आफ्नै परिवार मानेर बस्न पुग्छ । बुढाको परिवारले पनि करणलाई आफ्नै परिवारको सदस्य जस्तै गरी विरामी अवस्थामा खुब हेरविचार र स्याहार सुसार गर्छन् । केही दिन सँगै बस्दा करण र बुढाको परिवार एकै परिवारको जस्तो हुन्छ । यता करण हराएको खबर जतातते फैलियो । करण खोज्नको लागि उसका साथीहरू धेरै चिन्तित हुन थाले । आखिर केही खबर नपाएपछि सबैजना चुपचाप बसे । घरमा आमाको हालत खराब हुँदै जान्छ । मुखियानी पनि मेनिनजाइटिसको अप्रेसन गर्नुपर्ने हुन्छ । करण पनि घरमा नहुँदा शान्ति एक्लैले असल छोरीको कर्तव्य निर्वाह गर्दै आमाको रेखदेख गर्छिन् ।  करण पनि बूढाको घर छोडी खरसाङ पुग्छ र त्यहाँ फेरि

अर्जुनकुमार स्याङदनलाई भेट्छ र पुण्य हाईस्कुलमा नोकरी गर्छ। स्याङदलको घरमा उसकै परिवारसँग बस्छ।

एकदिन घुम्दै जाँदा अनुराधासँग भेट हुन्छ। करणको माया र सहयोगले अनुराधालाई राम्रो हुँदै जान्छ। अनुराधा पनि करणलाई माया गर्न थाल्छे। अनुराधालाई मिरिकबाट खरसाङ हावापानी परिवर्तनले उसको दिमागमा केही सुधारका लक्षणहरू देखा पर्दछन् कि भन्ने हेतुले ल्याएको थियो। करणको सङ्गतले उसको हालतमा सुधार आयो। पुष्परानी हाइस्कुलमा करणले आफ्नो विशेष स्थान बनाइसकेको थियो भने स्याङदल परिवारको पनि अभिन्न अङ्ग बनिसकेको थियो तर यी सबै सुख करणको जीवनमा क्षणिक मात्र हुन्छ। खरसाङ मेलामा करण र अनुराधा घुम्न गएको बेला चन्द्रमती र सुकमती भेटिन्छन्। करणले सुकमतीसँग बोलेको अनुराधालाई मन पर्दैन उसले गलत अर्थ निकाल्छे। उसको स्थिति फेरि खराब हुन्छ। अनुराधा आत्महत्या गर्ने प्रयास गर्छे, र फेरि आफ्नो जीवनलाई समाप्त गर्न अघि बढ्छे तर उसलाई समयमा बचाइन्छ भने उसको हालतमा कुनै पनि सुधार आउँदैन झन् बिग्रँदै जान्छ। पुष्परानी स्कुलमा पनि करणलाई चरित्रहीन भन्ने आरोप लाग्छ। रत्नकमल र सूर्यप्रकाश सरको पनि यसै सन्दर्भमा झगडा हुन्छ। यस्ता घटनाले गर्दा करण स्कुलबाट राजिनामा दिई आफ्नो जन्मथलो आराधुरातिर लाग्छ। शान्तिको बिहे हुन्छ। अर्जुनको र चन्द्रमतीको बिच असल सम्बन्ध कायम हुन्छ। करण पनि आफ्नो गाउँमा गएर समाजप्रति आस्था राख्दै समाजसेवाको कार्यमा लाग्छ जसले गर्दा आफूलाई समाज र बुवा (पूर्णजीतका) सामु लायक सावित गर्छ। खरसाङमा वसन्तलाई एउटा ज्यानमाराको आरोपमा जेल लगिन्छ, उसकी स्वास्नीले पनि अर्कोसँग बिहे गर्छे। अनुराधाको हालतमा सुधार आउँदैन र उसलाई राँची पठाउने निर्णय गर्छन् तर राँचीमा ठाउँ नपाउँदा डा. प्रकाशले लुम्बिनीमा अनुराधालाई भर्ना गर्छन्।

डा. प्रकाश (पूर्णजीत बिच पहिल्यै परिचय हुन्छ र अनुराधाका लागि करणको कुरा गर्छन्। करणको पर्खाइमा अनुराधा बसेकी थाहा पाएपछि करण पनि आफू सधैं अनुराधालाई साथ दिने वाचा गर्दै कलकत्ता गएपछि यी दुई प्रेमीको झीलनबाट उपन्यास टुङ्गिन्छ।

### ४.२.२ कथाको व्यवस्थापन

**अशेषयात्रा** स्वच्छन्दतावादी धाराको उपन्यास हो। यसमा नागापर्वतको आराधुरा, दार्जिलिङ, कलकत्ता, बनारस, मिरिकबस्ती र त्यहाँका ग्रामीण पहाडी समाजको परिवेशको चित्रण गरेको छ। यस

उपन्यासको घटना शृङ्खलाक्रमिक रूपमा नआएर व्यतिक्रमिक बनेको छ। अर्थात् उपन्यासको कथानक आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलामा रहेको छैन । उपन्यासको आरम्भ बिचबाट भएकाले पूर्वदीप्ति शैलीमा अगाडि बढेको छ । यसरी बढेको उपन्यासको कथानक शृङ्खलाको ढाँचा निम्नानुसार छ :

### ४.२.२.१ आदि भाग

औंसीको कालो रातमा करण डाक्टर खोज्न मिरिक गएको खर्साङमा अर्जुन उसको साथी बिरामी भएको सन्दर्भबाट उपन्यासको आदि भागको थालनी हुन्छ। बणारमा पढ्दा करणले अनुराधालाई मन पराएको तर अनुराधाले वसन्तलाई मन पराएको, घरबाट बुवाले करणलाई बिहेको प्रस्ताव राख्दा अस्वीकार गर्दा बुवा रिसाउनु, ऊ पनि घर नलागेर ग्रीष्म बिदामा दार्जिलिङ घुम्न जानु र उतै खरसाङमा शिक्षकको जागिर खानु र सँगैको शिक्षक साथी अर्जुन बिरामी हुँदा राती डाक्टर खोज्न मिरिक जानु, गाउँलेले चोर सम्झेर लखेट्नु, त्यहाँ एउटा गाउँमा बास माग्न पुग्नु र घरमा आमा, बिरामी र कुरुवाले उसलाई घृणा गर्न थालेको सम्मको घटना शृङ्खलाहरू पर्दछन् ।

### ४.२.२.२ मध्य भाग

उपन्यासको मध्य भागअन्तर्गत वसन्तले गरेको प्रेमघातबाट अनुराधा पागल हुनु, करण पारमेनबस्ती छाडेर मिरिक जानु र अर्जुनकुमार स्याङदनलाई त्यहीं भेट्नु, मिरिकमा नै शिक्षकको काम गर्नु, अनुराधासँगको भेट करणको साथ पाएर अनुराधाको अवस्थामा सुधार, घरमा शान्तिको बिहेको तयारी हुनु, करण घर फर्कने खबरबाट पूर्णजीतको मन बदलिनु, करणसँग मेलामा चन्द्रमती र सुकमतीलाई देख्दा अनुराधाले आत्महत्या गर्न प्रयास गर्नु, करणलाई पुण्यरानी विद्यालयबाट चरित्रहीन भनेर निकाल्ने कोसिस गर्नु र करणले राजीनामा दिएर घर फर्कनु, अर्जुन र चन्द्रमतीका बिच राम्रो सम्बन्ध बन्नु जस्ता घटनाहरू मध्य भागमा रहेका छन् ।

### ४.२.२.३ अन्त्य भाग

प्रस्तुत उपन्यासको अन्त्य भाग अन्तर्गत करण घर फर्कनु, बहिनी शान्तिको बिहे हुनु, सुकमतीको बिहेकोखबरले अनुराधा खुसी हुनु र करणलाई याद गर्नु, करण समाजसेवातिर लाग्नु, वसन्तकुमारलाई ज्यानमाराको आरोपमा जेल लग्नु, डा. प्रकाश र पूर्णजीतबिचको सम्बन्ध खोलिनु र

अनुराधा र करणको बिहेको प्रस्ताव राख्नु, अनुराधालाई उपचारका निम्ति लुम्बिनी पुऱ्याउनु, अनुराधा करणको पर्खाइमा मृत्युसँग लुकामारी खेल्दै बसेको करणले देखेपछि होश आउनु जस्ता घटना पर्दछन् ।

प्रस्तुत उपन्यासको कथानकको व्यवस्थापन सरल रेखीय क्रमबद्धता नभएर व्यतिक्रमिक रूपमा अगाडि बढेको छ । प्रमुख पात्र करणले औँसीको रात मिरिकमा डरलाग्दो अवस्थामा बिताउन पुग्छ र त्यहीँबाट सन्दर्भहरू अगाडि बढ्दै जान्छन् र फेरि यही घटनाबिचमा आएर उपन्यासक्रम बढ्दै जान्छ । अलि पूर्वदीप्ति र केही सरल रूपमा बढेर उपन्यास टुङ्गिएको छ ।

### ४.२.३. चरित्र चित्रण

**अशेषयात्रा** उपन्यासमा प्रशस्त पात्र नभएर ठिकै उचित पात्रको प्रयोग भएको देखिन्छ । यस उपन्यासका पात्रहरू हामीले दैनिक जीवनमा देख्ने हाम्रा वरिपरि घुम्ने सामान्य पात्र जस्ता लाग्दछन् जसलाई विभेदक तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

| **क.सं.** | **पान** | **कार्यभूमिका** | **प्रवृत्ति** | **स्वभाव** | **जीवन चेतना** | **लिङ्ग** | **आसन्नता** | **आबद्धता** |
|---|---|---|---|---|---|---|---|---|
| १ | करण | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | अनुराधा | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ३ | अर्जुन स्याङदान | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ४ | सूर्यप्रकाश | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ५ | पूर्णजीत | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ६ | शान्ति | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ७ | आमा | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ८ | श्रीमती | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ९ | वसन्त | सहायक | प्रनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| १० | डा. प्रकाश | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ११ | रत्नकमल | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| १२ | ध्रुवकुमार | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| १३ | मोहनसिंह | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | भाउजू | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| १५ | चन्द्रकुमार | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| १६ | सरदार पञ्चवीर | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| १७ | सावित्री देवी | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| १८ | कुलबहादुर प्रधान | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |

### ४.२.३.१ प्रमुख पात्र

**क) करण**

करण **अशेषयात्रा** उपन्यासको प्रमुख पात्र हो। मुखिया पूर्णजीतको छोरो करण सम्पन्न परिवारमा बसेको जमिनदारको पुत्र हो। बाबुको छोरालाई राम्रो र उच्च शिक्षा दिने रहरमा करण बनारसमा एम. ए. अध्ययन गर्न गएको हुन्छ। बनारसमा अध्ययन गर्ने क्रममा उपन्यासकी नायिका अनुराधासँग उसको आँखा जुध्न गई उसको प्रेममा परेको देखिन्छ तर पछि उसलाई यो एकतर्फी प्रेम मात्र हो भन्ने थाहा पाएपछि अनुराधाबाट टाढा हुन्छ। बुवाले घरबाट विवाह गर्न प्रस्ताव राख्दा नमानेको करण आफूलाई मन परेको केटीले अर्कालाई मन पराएको थाहा पाएपछि विरक्त हुँदै भौंतारिएको हुन्छ। शिक्षक पेसामा लागेर सबैको प्रिय पात्र बनेको बाट मेहनत र इमान्दार व्यक्ति भएको थाहा हुन्छ। समाजसेवक र समाजका लागि केही गरूँ भन्ने भावना भएको व्यक्ति हो भन्ने प्रमाण उसले विद्यालयमा गर्ने क्रियाकलापबाट पनि देखिन्छ। करण घर परिवारलाई माया गर्ने हुँदाहुँदै पनि परिवारबाट एक वर्ष टाढा हुन विवश छ। उसको मनमा सबैको लागि स्नेहको भाव भएको कारण नै उसले आफ्नो यात्रामा सबैलाई आफ्नो बनाउँदै हिडेको देखिन्छ। साथै सच्चा प्रेमी भएको कारणले गर्दा नै पागल अनुराधालाई ठिक पार्न सहयोग गरेको र उसलाई आफ्नो जीवन साथी बनाउन तयार भएको छ। मुखले मात्र नभएर उसले व्यवहारले पनि कर्तव्य निर्वाह गर्दछ। गुन कहिल्यै बिर्सिँदैन र समय आएपछि तिर्छ भन्ने कुरा चौकीबाट बूढा स्याङ्दलको परिवारलाई आफ्नो परिवार जस्तै व्यवहार गरेको र समय समयमा उपहार लिएर भेट्न आएको कुराबाट थाहा हुन्छ। रिसले भन्दा मायाले

मान्छेलाई जित्न सकिन्छ भन्ने करणले सूर्य सरको गल्ती हुँदाहुँदै माफी माग्छ। वसन्त जस्तो असत्य पात्रलाई जेलमा भेटेर सही बाटोमा लाग्ने सल्लाह दिन्छ। दुःख परेको बेला सधैं मद्दत गर्न तत्पर रहन्छ भन्ने कुरा चन्द्रकुमारको दुर्घटना परेको बेलाको घटनाले प्रस्ट गर्दछ। उसले नयाँ पिंढीको प्रतिनिधित्व गरेको छ। बाबुले बिहेको निर्णय गरिदिएकाले ऊ घरबाट टाढा हुन्छ। ऊ असल शिक्षक भएको प्रमाण उसका लागि नै कक्षाको विद्यार्थीले गरेको हडतालबाट थाहा हुन्छ। करण शान्तिप्रिय व्यक्ति भएकाले स्कुलमा अप्रिय घटना घटित हुन नदिन राजिनामा दिन्छ। करण घरप्रति जिम्मेवार भएको कुरा ऊ आफू नै बहिनी शान्तिको बिहेमा जुटेको व्यवहारबाट थाहा हुन्छ।

आमा बुवाबाट क्षणिक समयका लागि रिसाए पनि पछि आफ्नो गल्ती महसुस भएपछि माफी मागी बाबुको कामलाई सघाएको देखिन्छ। सधैं अरूको भलो गर्न खोज्ने सत् पात्र करण समाजप्रति पनि जिम्मेवार देखिन्छ। करण उपन्यासको अनुकूल, स्थिर, मञ्चीय र बद्ध पात्र हो। उपन्यासको सफलतामा करणको ठुलो भूमिका रहेको छ।

**ख) अनुराधा**

अनुराधा यस उपन्यासकी प्रमुख नारी पात्र हो। ऊ उपन्यासकी केन्द्रीय चरित्र समेत हो। उसैको सेरोफेरोमा उपन्यासको कथावस्तु मात्र होइन उपन्यासको प्रमुख पुरुष पात्र करण पनि घुमेको छ। अनुराधाका आमाबाबुको सानैमा मृत्यु भएका कारण फुपू फुपाजूसँग बसेकी छ। फुपू फुपाजुले छोरी जस्तै माया गरेर पालेका छन्। ऊ बनारसमा एम.ए. पढ्न गएकी तर प्रेममा धोका पाएर मानसिक रोगी भएकी पात्र हो। रूप र कलाले सबैलाई आकर्षण गर्न सक्ने क्षमता अनुराधामा रहेको छ। ऊ मिठो बोली र सुरिलो स्वरकी धनी छ। पागल भए पनि अनुराधा करणको प्रेम पाएर मृत्युको मुखबाट पनि फर्कन्छे।

अनुराधामा स्वपीडक प्रवृत्ति देखिन्छ। यसै प्रवृत्तिका कारण उसमा मृत्युमुखी चिन्तन विकसित भएको छ। उसमा नारी इर्ष्याको भाव पनि छ। उसले करणले खरसाङ मेलामा सुकमतीप्रति गरेको सामान्य व्यवहार देख्दा पनि आत्महत्या गर्न प्रयास गर्छे। यसै घटनापछि उसको हालत बिग्रन्छ र सुकमतीको बिहेको खबरले उसले प्रतिक्रिया जनाएको र खुसी भएकोबाट उसले करण र सुकमतीको

सम्बन्धलाई शङ्काको दृष्टिले हेरेको देखिन्छ । अर्धचेतनमा उसले वसन्तको नाम लिँदा करणलाई चोट पुग्छ । अनुराधामा परपीडन प्रवृत्ति पनि देखिन्छ करणले दिएको उपहार (खेलौना)को टाउको भाँच्दा उसलाई आनन्दको अनुभव हुन्छ । यो सबै उसको अर्धचेतन अवस्थाको परिणाम हो । उसलाई यो स्थितिले फुपू फुपाजुलाई दुःख भएको कुनै ज्ञान छैन । अनुराधा आफ्नो एक्लोपनसँग सङ्घर्ष गर्दै छे । अनुराधाको मनोबल धेरै कमजोर भएका कारण सानाभन्दा साना दुःख पनि सहन सक्दिन र आफ्नो होस गुमाउँछे । आखिरमा अनुराधा करणको सच्चा प्रेम पाउन सफल भएकी छ । उपन्यासको आदिदेखि अन्त्यसम्म भूमिका रहेकी अनुराधा मञ्चीय र बद्ध चरित्र हो । प्रेममा परे पनि आफ्नो मर्यादाको ख्याल गर्ने अनुराधा वसन्त जस्तो केटाको प्रेममा परे पनि पवित्र रहेकी छ । आधुनिक नारीको प्रतिनिधित्व गर्ने अनुराधा पढ्नै भनेर घरबाट टाढा बनारस होस्टेलमा बसेकी हुन्छे । धेरै समयसम्म अर्धचेतन अवस्थामा बसेकी अनुराधा अन्तिममा करणको सच्चा प्रेम प्राप्त गर्छे । ऊ **अशेषयात्रा** उपन्यासको उद्देश्यका लागि अनुकूल नायिका हो ।

### ४.२.३.२ सहायक पात्र

**क) शान्ति**

पूर्णजीतकी छोरी करणकी बहिनी शान्ति उपन्यासकी सहायक पात्र हो । सानै उमेरमा व्यवहारले थिचिएकी शान्ति एउटा जिम्मेवार छोरी रहेकी छ । दाइ करणले घर छाडेपछि बिरामी आमाको स्याहार गर्दै बसेकी छ । सम्पन्न परिवारकी छोरी भएकाले जिम्मेवारी पनि बढी नै छ । शान्तिको बिहे पक्का भएको तर दाइ घर नफर्केको र आमा बिरामी भएका कारण बिहे सरेको देखिन्छ । शान्तिलाई उपन्यासमा सहनशीलताकी मूर्तिका रूपमा प्रस्तुत गरिएको छ । शान्तिलाई कहीकतै खोट लगाउन भ्कीलदैन उसले आफ्नो सबै कर्तव्यलाई राम्रोसँग पालना गरेकी छ । आमा बाबुको एक मात्र सहारा बनेकी हुनाले मुखिया पूर्णजीतले आफ्नो छोराको संज्ञा दिएका छन् । परिवारको खुसी नै उसको लागि सबैभन्दा ठुलो कुरा रहेको छ । आमाको बिरामीमा उसले ठुलो भूमिका निर्वाह गरेकी छ । उसको यस्तो राम्रो व्यवहार देखेर उसलाई बिहे गर्न परिवारले लक्ष्मी समान मानेका छन् । दाइ करण घर फर्कँदा शान्ति घरमा सधैं यस्तै खुसी रहोस् भन्दै भगवान्सँग प्रार्थना गर्दछ । एउटा असल नारी, छोरी र बहिनीको भूमिका निर्वाह गरेकी शान्ति उपन्यासकी महत्त्वपूर्ण अनुकूल सहायक नारी पात्र हो ।

### ख) अर्जुन स्याङदल

अर्जुन स्याङदल **अशेषयात्रा**को सहायक पुरुष पात्र हो । मित्रताको परिभाषा अर्जुन स्याङदलको चरित्रबाट लिन सकिन्छ । करणलाई उसले जुनसुकै अवस्थामा पनि सहयोग गरेको छ । करणले बनारस छोडेपछि हितैषी मित्रका रूपमा अर्जुन रहेको छ । अर्जुनको परिवार सानो र प्यारो छ । आमा, भाउजू, दाजु र आफू रहेको परिवारप्रति अर्जुनले आफ्नो जिम्मेवारी बुझेको छ । घरबाट टाढा नोकरी गर्न हिंडेको ऊ बिदामा परिवारसँग बस्न आउँछ । व्यावहारिक बोझमा डुबेको अर्जुनले जीवनलाई बुझेको छ । उसले करणलाई भौंतारिएको बेला आश्रय दिएको छ । करणको विगतका बारेमा जान्ने र सहयोग गर्ने एक मात्र व्यक्तिका रूपमा अर्जुन रहेको छ । अर्जुन शिक्षा, संस्कृति, सत्चरित्र र सद्गुणले आभूषित सत् पात्र हो । विलासिता र वासनादेखि टाढा रहने हुँदा करणले बहिनी मानेकी चन्द्रमतीलाई मन पराउनासाथ बिहेको बारेमा सोच्छ । असल भाइ र छोरा भएकै कारण आफ्नो बारेमा सोच्ने अधिकार दाइ र आमालाई दिएको छ । सम्बन्धमा विश्वास गर्न अर्जुन करणको बिहेमा जान नसकेपछि दाइजो पठाउँछ । अर्जुन जस्तो परिस्थितिमा पनि विचलित नहुने स्थिर पात्र हो । प्रमुख पात्र करण र कथावस्तुलाई अगाडि बढाउनमा अर्जुनको ठुलो भूमिका भएका कारण अर्जुन मञ्चीय र बद्ध पात्र हो । कथावस्तुको विकाससँगै देखा पर्ने अर्जुन स्याङदल उपन्यासको सशक्त सहायक पात्र हो ।

### ग) पूर्णजीत

मुखिया पूर्णजीत **अशेषयात्रा** उपन्यासका सहायक पात्र हुन् । दु:ख र मिहिनेतले मान्छे अगाडि बढ्छ भन्ने मान्यता राख्ने पूर्णजीत मिहिनेती व्यक्ति हुन् । काम गरे माम पाइन्छ भन्ने पूर्णजीतले कामदारबाट मुखियासम्मको यात्रा गरेका छन् । पूर्णजीतको मिहिनेतलाई देखेर नै मेकिन साहेबले ५०,००० रुपियाँ नगद, सुनको पाकेट घडी र लौरो दिएका थिए । सबै कुराबाट सम्पन्न पूर्णजीत पुत्र वियोग भोग्न बाध्य छन् । स्वास्नी रोगी भएका कारण सधैं चिन्तित देखिन्छन् । छोराको व्यवहारका कारण जिउँदै छोरालाई मरेतुल्य मानेका छन् । आफ्नो सम्पन्नतालाई भोग्ने आफ्नो सन्तान टाढा भएकै कारण कुलतमा पनि परेका देखिन्छन् तर स्वास्नीको आग्रह र छोरीका मायाले पछि सबै नराम्रा बानीबाट टाढा भएका गतिशील पात्र हुन् । असल पिता भएकै कारण छोरी शान्तिलाई असल घर र वर खोजेर बिहे गरिदिएका छन् । छोराको आगमनपछि उनले आफ्नो जीवन बदलेका छन् र छोरा घर फर्केपछि उनको जीवनमा वसन्त आएको छ । समाजसेवी भएका कारण गाउँघरका हरेक असल कार्यमा

सहयोग गर्दछन् । पैसा भएर पनि घमण्ड नकमाएका पूर्णजीतले इष्टमित्र कमाउन जानेका छन् । उपन्यासको आदिदेखि अन्त्यसम्म देखिएका पूर्णजीत **अशेषयात्रा** उपन्यासका महत्त्वपूर्ण मञ्चीय, बद्ध र सहायक पात्र हुन् ।

### घ) सूर्यप्रकाश

सूर्यप्रकाश **अशेषयात्रा** उपन्यासका सहायक पुरुष पात्र हुन् । उपन्यासकी नायिका अनुराधाका फुपाजु सूर्यप्रकाश स्टेट बैङ्कबाट रिटायर्ड भएर मिरिकमा घर लिएर बसेका छन् । आफ्नो सन्तान नभएकाले र अनुराधाको पनि आमाबुवा नभएकाले अनुराधालाई आफ्नै सन्तान सरह माया र जिम्मेवारी दिएका छन् । शिक्षा नै मानिसको सबैभन्दा ठुलो साथी मान्ने सूर्यप्रकाशले आफ्नी भतिजी अनुराधालाई एम.ए. पढ्न वनारस पठाएका छन् । उनले अनुराधाको खराबभन्दा खराब अवस्थामा विचलित नभएर अनुराधालाई हौसला, आत्मविश्वास बढाउने काम गरेका छन् । अनुराधा पागल भएपछि उसको अवस्थाप्रति चिन्तित हुँदै अनुराधाको उपचारका निम्ति राँचीदेखि लुम्बिनीसम्म धाएका छन् । सूर्यप्रकाशको एउटै सपना रहेको छ, अनुराधालाई निको होस् र बिहे गरेर आफ्नो संसार बसाओस् । हरेक दृष्टिबाट सम्पन्न सूर्यप्रकाश अनुराधाको धेरै चिन्ता गर्दछन् । उपन्यासमा सूर्यप्रकाश स्थिर चरित्रका रूपमा देखिएका छन् । सत् प्रवृत्तिका सूर्यप्रकाश मञ्चीय पात्र हुन् । उपन्यासलाई सही अवस्थामा पुऱ्याउन सूर्यप्रकाशको ठुलो हात रहेको छ ।

### ङ) वसन्त

वसन्त **अशेषयात्रा** उपन्यासको सहायक पात्र हो । उपन्यासका वसन्तको क्रियाकलाप खराब भएकाले असत् पात्र हो । सरदारको कान्छो छोरो वसन्त कुलतमा परेर बिग्रिएको छ । पढाइप्रति इमानदार नभएर तेस्रो दर्जामा पास गरी पढाइ नै छोडेको छ । वसन्त स्त्रीलम्पट भएको कारण कुलतमा फसेको छ । नायिका अनुराधाको पागलपनको कारण पनि वसन्त नै रहेको छ । वसन्तले अनुराधा जस्ती सोझी केटीलाई प्रेममा फसाएर धोका दिएको छ । चरित्रहीन भएकै कारण उसको एउटै केटीमा मन बस्दैन । आफ्नै मन पराएकी केटीसँग बिहे गरे पनि अरू केटीलाई हेर्न छोड्दैन । अरूले गरेको असल कार्य देख्न नसक्ने प्रवृत्तिको वसन्तमा परपीडन प्रवृत्ति देखिन्छ । उसले करणलाई अनुराधाको नजिक देख्दा इर्ष्या गर्दै करणलाई आरोप लगाएर स्कुलबाट राजीनामा दिन विवश पारेको छ । आफ्नो खराब चरित्र र अपराधी प्रवृत्तिले गर्दा जेल गएको छ । ऊ एउटी गर्भवती परिसेविकाको हत्याको अपराधमा

जेल जीवन भोग्न विवश छ । मञ्चीय रूपमा उपन्यासमा देखिएको वसन्त समाजमा दादागिरी गरेर मोज गर्दै जीवन मोज गर्नलाई हो भन्ने बिग्रिएका युवा वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । अनुराधा पागल वसन्तको प्रेममा धोका पाएर बसेकी छ । उपन्यासमा थोरै भए तापनि महत्त्वपूर्ण भूमिका भएकाले वसन्तलाई सहायक मान्नुपर्ने देखिन्छ । कथावस्तुलाई उत्कर्ष बिन्दुमा पुऱ्याउने कार्यमा वसन्तको भूमिका रहेको छ ।

**च) चन्द्रमती**

चौकीदारकी जेठी छोरी चन्द्रमती उपन्यासकी सहायक पात्र हो । चन्द्रमती २१ वर्षकी गहुँगोरी, गोरी मझौला कदकी छ । चञ्चल स्वभावकी चन्द्रमती कुरा गर्न मन पराउने फुर्तिली छ । घर व्यवहारमा निपूण चन्द्रमती कमानमा काम गर्छे । मनमा कुरा राख्न नसक्ने भएकोले कुरा मुखमै भन्ने चन्द्रमती अति रमाइली छ ।

ऊ करणलाई माइतीजस्तो मान्ने र आत्मीय व्यवहार गर्ने गर्छे । गाउँमा मान्छे स्वच्छ र सहयोगी हुन्छन् भन्ने कुराको उदाहरण चन्द्रमतीको चरित्रले दिएको छ । पाहुनाको सेवा सत्कार गर्ने चन्द्रमतीले करण बाटो बिर्सिएर आउँदा ठुलो सेवा गरेकी छ । आमा नभएको बुबा र बहिनी सुकमतीसँग बस्ने चन्द्रमती अर्जुनलाई प्रेम गर्छे । करणलाई आफूहरूले सधैं याद गर्ने र यतातिर आउँदै गर्नु भन्ने कुरा गर्ने चन्द्रमती व्यावहारिक र स्वच्छ मन भएकी पात्र हो भन्ने बुझिन्छ । उपन्यासका प्रमुख पात्रको सहयोग गर्ने चन्द्रमती महत्त्वपूर्ण सहायक स्त्री पात्र हो ।

**छ) सुकमती**

चौकीदारकी कान्छी छोरी सुकमती उपन्यासकी अर्की महत्त्वपूर्ण सहायक पात्र हो । लज्जालु प्रवृत्तिकी सुन्दर सुकमती मनमनै करणलाई मन पराउँछे । ऊ पनि दिदी चन्द्रमतीसँगै कमानमा काम गर्छे । सुकमतीको करणप्रतिको आकर्षणले अनुराधा करण र उसको सम्बन्धप्रति शङ्का गर्छे । करणप्रतिको उसको व्यवहारले अनुराधाले आत्महत्या गर्न प्रयास गरेकी हुन्छे । करणले उसलाई बहिनीजस्तो मानेकाले सुकमतीको बिहे अर्को व्यक्तिसँग हुन्छ । सुकमती बिहेमा करणले दिएको कपडा लगाउँछे जसबाट सुकमती करणलाई मन पराउँछे भन्ने कुरा प्रमाणित हुन्छ ।

#### ४.२.३.३. गौण पात्र

**अशेषयात्रा** उपन्यासमा धेरै पात्रहरूको भिड रहेको छ । उपन्यासमा चौकीदार बुढा, डा. प्रकाश रत्नकमल गुरुङ, ध्रुवकुमार, मोहनसिंह, सरदार, पञ्चबीर मुन्ति, कुलबहादुर प्रधान, नरबहादुर मेमिन साहेब, सूर्यकुमार, साधव प्रसाद, दुर्गा बहादुर थापा, प्रोफेसर जैसवाल, राजभण्डारी, दरबार, धनकुमार, चन्द्रबहादुर श्रोती, मदनलाल झा, आलोक पाण्डे, काव्यतीर्थ, धनञ्जय शर्मा, घिसिङ जेठा, सर्दार, जयबहादुर, मदन सुब्बा गौण पात्र हुन् भने भाउजू, मुखेनी आमा, रम्भा, सावित्रीदेवी, गौण स्त्री पात्र हुन् । यी गौण पात्रको उपस्थितिले प्रमुख तथा सहायक पात्रलाई कहीँ सङ्कटमा पारेका छैनन्, सबै पात्रले प्रमुख तथा सहायक पात्रलाई सहयोग गरेका छन् ।

### ४.२.४ परिवेश

**अशेषयात्रा**मा १९६४ को प्रवासी नेपाली समाजको स्थिति, मान्यता र परम्परालाई देखाइएको छ । प्रस्तुत उपन्यासमा दार्जिलिङको बसोबास र त्यहाँका ठाउँको चर्चा गरिएको छ । उपन्यासले करिब २ वर्षको समय समेटेको छ । करण बनारसमा एम.ए. पढ्दै गर्दा र घर फर्कदा करिब दुई वर्षको समय लागेको छ । दार्जिलिङ खरसाङ, पारर्तन बस्ती, मिरिक, आराधुरा बस्तीको सेरोफेरोमा उपन्यास घुमेको छ ।

प्रस्तुत उपन्यास मिश्रित वातावरणमा प्रस्तुत भएको छ । आराधना बस्तीबाट उच्च शिक्षा प्राप्तिका लागि करण र अनुराधा बनारस पुगेका छन् । अनुराधाले बनारसमा एम.ए. पढ्न पाउनुबाट केटीलाई शिक्षाको आवश्यकता हुन्छ भन्ने चिन्तनले गति पाएको सामाजिक परिवेशको चित्रण उपन्यासमा गरिएको छ । बनारसको धार्मिक स्थलको चित्रण उपन्यास राम्रोसँग भएको छ । काशी नगरीको धार्मिक वातावरण, चारैतिर घण्टीको आवाज, ढोल नगराको ढङ्ढङ, विभिन्न मन्दिरमा गाइने भजन र स्वच्छ नदीको जलको चित्रण गरिएको छ । साथै बनारसी गर्मी र त्यहाँ गर्मीबाट बच्न बगैँचा र काशीतिर डुङ्गा सयर गर्न जाने प्रवृत्तिको वर्णन गरिएको छ । साथै आफ्नो जीवनयापनका निम्ति चियाबारीमा काम गर्ने नेपाली प्रवृत्ति र त्यहाँको वातावरणको चित्रण पनि यस उपन्यासमा छ । त्यसैगरी दार्जिलिङका विभिन्न ठाउँको अनुपम सौन्दर्य र त्यहाँको रहनसहनको वर्णन पनि यस उपन्यासमा गरिएको छ ।

### ४.२.५ उद्देश्य

**अशेषयात्रा** स्वच्छन्दतावादी उपन्यास हो । यसको मूल उद्देश्य प्रेमले मानिसलाई कुन स्थितिमा पुऱ्याउँछ भन्ने कुरा व्यक्त गर्नु रहेको छ । मूलतः प्रेममा ठुलो क्षमता हुन्छ भन्ने देखाउनु उपन्यासको मूल उद्देश्य रहे तापनि उपन्यासले सामाजिक धरातललाई पनि आफ्नो विषयवस्तु बनाएको छ । जीवन कहिल्यै नटुङ्गिने यात्रा हो, यस यात्रामा हामीले धेरै व्यक्तिलाई भेट्छौँ, मानव धर्म भनेको हरेकलाई आफ्नो व्यक्तित्वको छाप छोड्नु हो भन्ने कुरा सिकाउनु उपन्यासको अर्को मुख्य उद्देश्य हो । प्रेममा साह्रै विश्वास गर्नु हुँदैन, समाजमा धेरै प्रकारका व्यक्ति हुन्छन् जसले प्रेमलाई वासनाका रूपमा हेर्दछन् र सोझा युवतीलाई आफ्नो जालमा पारेर जीवन बर्बाद गर्दछन् । त्यसैले सधैं सचेत र सावधान रहनु पर्दछ भन्ने उपन्यासको उद्देश्य रहेको छ । शिक्षाको जरुरत हरेक व्यक्तिका लागि समान हुन्छ । शिक्षाले नै समाजमा उज्यालो ल्याउँछ भन्ने कुराको अभिव्यक्ति दिनु पनि यस उपन्यासको उद्देश्य हो । यस उपन्यासमा माया पाएमा मान्छे जस्तो स्थितिबाट पनि निस्कन सक्छ र खराब कार्यको परिणाम कहिल्यै पनि राम्रो हुँदैन भन्ने तथ्यलाई पनि उद्घाटन गरिएको छ ।

छोटकरीमा भन्दा मान्छे सामाजिक प्राणी हो । उसलाई समाज चाहिन्छ, असल समाजको स्थापना प्रेम र शिक्षाबाट हुन्छ, गाउँमा बस्ने व्यक्ति आधुनिकताबाट टाढा भए पनि मानवताले भरिएका हुन्छन्, सहयोगले मान्छे जीवनमा जस्तो पनि कठिनाइको सामना गर्न सक्छ, जीवनयात्रामा आइपर्ने विभिन्न अद्भूत स्थिति र परिस्थिति तथा समस्यासित मानिसले जहिले पनि सङ्घर्ष गर्नुपर्छ भन्ने नै यस उपन्यासका महत्त्वपूर्ण उद्देश्य हुन् ।

### ४.२.६ दृष्टिबिन्दु

**अशेषयात्रा** उपन्यासको दृष्टिबिन्दु तृतीय पुरुष सर्वदर्शी रहेको छ । उपन्यासकार स्वयम्ले सम्पूर्ण घटना, क्रिया व्यापार र द्वन्द्व परिवेशको वर्णन गरेका छन् । करण, अनुराधा, अर्जुन, पूर्णजीत, चौकीदार आदि पात्रहरूको उपस्थितिमा सबै घटनाको प्रस्तुति उपन्यासकारले पर्यवेक्षक जस्तो भएर प्रस्तुत गरेका छन् । उपन्यासको सुरुमा पूर्वदीप्ति शैलीको प्रयोग भएको छ भने दोस्रो खण्डबाट उपन्यास सरसरी बगेको छ ।

उपन्यासमा प्रमुख पात्रका रूपमा अनुराधा र करण आएका छन् । यिनीहरूका केन्द्रीयतामा उपन्यासको सम्पूर्ण कथावस्तु घुमेको छ । उपन्यासकारले यिनै पात्रहरूले जीवनमा भोग्नुपरेका दुःख, पीडा, सङ्घर्ष आदि कुराको वर्णन गरेका छन् ।

### ४.२.७ भाषाशैली विन्यास

**अशेषयात्रा** उपन्यासको भाषा कथ्यस्तरको सरल ग्रामीण परिवेशयुक्त छ। उपन्यासमा पात्रअनुकूल सरल, सहज र स्वाभाविक भाषाशैली विन्यास पाइन्छ। वर्णनात्मक शैलीका साथै संवादात्मक शैलीले उपन्यासलाई रोचक बनाएको छ ।

*करण : हेरौँ यसपाला गर्मीको विदामा संयोग मिलेछ भने म पनि दार्जिलिङ घुम्न जाउँला, कसो भन्छौँ ?*

*आउनुहोस् तपाईलाई दार्जिलिङको विभिन्न स्थान देखाउँला* (पृ २९)

कविताको प्रयोग पनि उपन्यासमा पाइन्छ जसले उपन्यासलाई लयात्मक बनाएको छ :

*शून्यतामा ब्युँझी एक्लै, ब्युँझी एक्लै कसले व्यथा सजायो,*

*दुर कतै व्याकूल अन्तर रोइरहेछ एक्लै*

*सम्झी अघिमा, दिन पुरानो*

*घाउ बन्यो त्यो बेग्लै*

*शून्यतामा ब्युँझी एक्लै ॥* (पृ ५६)

*लेक लेक जाँदा लेक लाग्यो*

*सुनपातीको गन्धले*

*भैरुङ्गपाटी फूलपाती*

*चढाऊँ आज लौ साथी.......*

*हुई, ! हुई ! हुई !!!* पृ. १३८)

ठाउँठाउँमा छोटा छोटा संवाद थेगो, उखानहरूको प्रशस्त प्रयोग भएको पाइन्छ । *लाज मानेर काज पुग्दैन* (पृ १२), *खोला धाउँछ कि तिर्खा धाउँछ* (पृ २४) *छोरीको जात अर्काको भित्ता टाल्नैपर्छ* (पृ ३३), *जति घाऊ त्यस्तै सह* (पृ७५) जस्ता उखानहरूको प्रयोग पाइन्छ । त्यस्तै *सुक्कसुक्क, क्लकक्लक, चमचम, लग्रलग्र, ध्वार्सा, टनटन, थ्याचथ्याच, मुसुमुसु, सुरुसुरु* आदि जस्ता प्रशस्त अनुकरणात्मक शब्दका अतिरिक्त *एक्सेलेन्ट, वण्डरफुल, गुडलक, खत, बाहार, वात* जस्ता आगन्तुक शब्दको प्रयोग उपन्यासमा देखिन्छ । साथै to be or not to be that is question (पृ.१४) जस्ता शेक्सपियरको अमर अभिव्यक्तिको प्रयोगले उपन्यासलाई सजाएको छ ।

यसरी यस उपन्यासमा तत्सम, तत्भव र आगन्तुक शब्द, विभिन्न किसिमका उखान, टुक्का, *पानी विनाको माछा, दुई नाऊमा खुट्टा हाल्नु, गाउँ डुल्नु, भालाले रोपेर सुँगुर जस्ता सूक्ति* आदि अलङ्कारमय भाषा र वर्णनात्मक शैलीले उपन्यासलाई राम्रो बनाएको छ ।

### ४.२.८ निष्कर्ष

**अशेषयात्रा** स्वच्छन्दतावादी उपन्यास हो । मूल रूपमा दार्जिलिङको परिवेशलाई समेटेको यस उपन्यासमा वनारसकाशी विश्व विद्यालयको परिवेश पनि आएको छ । मूलतः करण र अनुराधाको प्रेमले गरेको यात्रा हो **अशेषयात्रा** । उनीहरूको जीवनमा आएको उतारचढाव, दुःखसुख, पीडा सङ्घर्षका कथा नै उपन्यासमा आएका छन् । कथानक वर्तमानबाट भूतकालतर्फ हिंडेर फेरि वर्तमानमा आएर टुङ्गिएको भए पनि उपन्यासका घटनाहरू सुव्यवस्थित रूपमा अगाडि बढेका छन् । सबै वर्ग, स्रोत, स्तरमा प्रमुख, सहायक, गौण, सत्असत्, पुरुष तथा स्त्री पात्रको चयनले उपन्यास स्तरीय बनेको छ । उपन्यासमा दार्जिलिङ, त्यहाँको गाउँ र रमणीय प्राकृतिक वातावरण, काशी बनारस विश्व विद्यालय, राँची तथा लुम्बिनीसम्मको परिवेशको चित्र उतारिएको छ । उपन्यासमा प्रेमले मानिसलाई मृत्युको मुखबाट पनि बचाएर जीवनको आशा दिन्छ । प्रेममा ठुलो बल हुन्छ सधैं सकारात्मक सोच बोक्नुपर्छ भन्ने कुरा देखाउन खोजेको छ । जीवन सजिलो छैन, जीवनको यात्रामा जो व्यक्ति भेटे पनि माया लाउँदै हिड्नुपर्छ । हामीले मानवधर्मको पालना सधैं गर्नुपर्छ भन्ने आशयको अभिव्यक्ति उपन्यासले दिएको छ ।

धोका पाएर प्रेममा पागल भए पनि करणको साथले अनुराधाको जीवनले सही दिशा पाएको छ । वसन्तजस्तो पात्रको पतनबाट सधैं सत्यको विजय हुन्छ, रात जति कालो भए पनि बिहान हुन्छ भन्ने

कुराको पुष्टि गरेको छ। करणले जस्तो अवस्थामा पनि अनुराधाको साथ नछोडेर पवित्र प्रेमीको परिभाषा दिएको छ। बाबु र छोराबिचको वा नयाँ पुस्ता र पुरानो पुस्ताबिच हुने खाल्डोलाई समझदारीबाट भर्न सकिन्छ भन्ने कुरा उपन्यासले देखाएको छ।

## ४.३ 'जीवन परिक्रमा' उपन्यासको विश्लेषण

कृष्णसिंह मोक्तानको **जीवन परिक्रमा** (१९६५) मा प्रकाशित तेस्रो उपन्यास हो। कारागारमा बन्दी भएका विभिन्न अपराधीहरूको कथा, व्यथा र सत्यतथ्य घटनाहरू सजीव रूपमा यस उपन्यासमा उतारिएको छ। श्याम प्रकाशन दार्जिलिङबाट प्रकाशित भएको प्रस्तुत उपन्यास ८८ पृष्टमा विस्तारित छ। परिच्छेद विभाजन नगरी धाराप्रवाह रूपमा उपन्यास।

### ४.३.१ कथावस्तु

उपन्यासको नायक चन्द्रशेखर आफूले गर्ने कामको सिलसिलाको कलकत्ताको बसाइको सन्दर्भबाट उपन्यासको प्रारम्भ भएको छ। यो उपन्यासको कथानक जलपाइगुडी र कलकत्ता महानगरसम्म विस्तार भएको पाइन्छ। उपन्यासकारले आफ्नो सरकारी सेवामा रहेको बेलाका अनुभव र जानकारीबाट उपन्यासको कथावस्तुको निर्माण गरेका छन्। यस उपन्यासमा कलकत्ता महानगरको व्यस्त सहरी जीवन र त्यहाँ हैजाको महामारीले उपचारको अभावमा दिनहुँ डेढ सय व्यक्ति मृत्युको मुखमा पुगेका जस्ता घटना मार्मिक रूपले आएका छन्। उपन्यासकारले आफ्नो जागिरका समयमा भेटेका पात्रहरूलाई लिएर उपन्यास लेखेको हुँदा पात्रहरूको जीवनमा घटित भएका घटनाहरूको विषयवस्तु स्वाभाविक बनेका छन्। चन्द्रशेखर कलकत्ता बसाइको बेला धिताल नामको व्यक्तिलाई भेट्छ। ऊ घरमा बाबुको मृत्युपछि दाइ भाउजूले उसकी दुलहीसहित आमालाई घरबाट निकालेपछि परदेश हिंड्न बाध्य भएको छ। उसले कलकत्तामा आएको डेढ वर्ष हुँदा पनि राम्रो काम पाएको छैन। ऊ अनेक दुःखकष्ट उठाएर एउटा मधेशीको क्यान्टिनमा काम गर्न बाध्य भएको छ। ऊ एकदिन चन्द्रशेखरको कोठामा आएर घरमा चिठी लेख्न लगाउँछ तर त्यसको केही दिनमा हैजाको कारण धितालको मृत्यु भयो। चन्द्रशेखर घर खोज्ने क्रममा बेहालको युनिक कोलनीमा बस्न पुग्छ। कोलिनीमा चन्द्रशेखरको भेट टिबीबाट ग्रस्त चतुरमान सुब्बासँग हुन्छ जुन युनिक कोलिनीको चौकीदारी गर्दछ। तेह्रथुमबाट मायासँग कलकत्ता आएको चतुरमान मामा हर्कधनको काम गर्ने कम्पनीमा दरवानको काम गर्ने गर्थ्यो। मासिक २० रूपैयाँको तलबले घरजम चलेको थियो तर कम्पनीको छटाइ हुँदा ऊ

नोकरीबाट हट्न पुग्यो । कम्पनीको मालिकको दयाले अर्का ठाउँमा दरवानको काम पायो । यसैबिच उसको एक छोरा र दुई जुम्ल्याहा छोराको जन्म भयो । त्यसपछि ऊ घर भाडामा लिएर बस्न थाल्यो । उसकी छ वर्षकी छोरीको मृत्यु भयो र उसलाई पनि टिबी लाग्यो । रोगको कारण नै ऊ फेरि नोकरीबाट निष्काशनमा पर्‍यो । यस्तैमा युनिक कोलिनीमा चोर, डकैती र भूत प्रेतको हल्ला चलिरहेको बेला त्यस ठाउँको चौकीदारीको काम चतुरमानले पायो । आफै टिबीले ग्रस्त मरन्च्याँसे अनुहारको शरीरले पनि भ्याउन नसक्ने व्यक्तिले चौकीदारी गरेको र सबैजना उसको भरोसामा आरामसँग सुतेको देखेर चन्द्रशेखर अचम्म मान्छ ।

यसरी दिन बित्दै जाँदा चन्द्रशेखरको भेट रामकृष्ण बोससँग हुन्छ । बोस आश्चर्यलाग्दा र खानदानी देखिन्थे । पहिला चन्द्रशेखरले उनलाई एउटा साहित्यप्रेमी र ठुलो तहमा नोकरी गर्ने व्यक्ति ठान्थ्यो तर यथार्थ अर्कै थियो । बोस एम.ए.बी.एल मेकिङ्ग एण्ड मेकञ्जिमा पब्लिक अफिसर थिए । आफ्नो बैवाहिक सम्बन्ध सफल नभएपछि रेणुले रिसले रामकृष्ण बोसलाई छोडेको हुन्छ । सम्बन्ध विच्छेद गरेर रेणु गएको सहन नसकी रामकृष्ण पागल भएका हुन्छन् । डाक्टरले पागल भएको स्पष्ट गरेपछि परिवारले घरमा थुनेर राख्ने गर्दागर्दै मौका पाउनासाथ घरबाट भागी सहर घुम्छन् । साहित्यमा रुचि र रेणुको यादमा उपन्यास लेख्न खोज्ने बोस हेर्दा पागल जस्ता नदेखिने हुँदा चन्द्रशेखरले ३/४ चोरी भेट्दा पनि पागल भएको थाहा पाउँदैन । पछि उनको (रामकृष्णको) बुवाले भनेपछि उसलाई रामकृष्ण बोसको हालतको ज्ञान हुन्छ । चन्द्रशेखर १२ वर्षको सरकारी नोकरी बदली जेलरको नोकरी खान्छन् जहाँ तिनको भेट सुलतान अलीसँग हुन्छ । आफ्नो भाउजूको इज्जत बचाउन उसले बदमासी गर्न खोज्ने मानिसको हत्या गरेको हुन्छ । चन्द्रशेखरले उसको मृत्युदण्ड रोक्न राष्ट्रपतिसम्मका आवेदन दिन्छन् तर मञ्जुर हुँदैन र आखिर सुलतान अलीले फासीको सजाय भोग्नुपर्छ । यस्तै अर्को अपराधी निर्मल रेलमा बिना टिकट यात्रा गरेको कसुरमा पक्रिएको हुन्छ । घरमा छोरी बिरामी भएको थाहा पाएपछि छुट्ने समय एक साता मात्र बाँकी हुँदा पनि जेलबाट भाग्छ तर दुर्भाग्यबस छोरीको मृत्यु हुन्छ, आफू आत्मसमर्पण गर्छु भन्दा प्रहरी पहिले नै पक्रेर जेलमा लान्छन् । यस्तै चन्द्रशेखरको जेलमा २४/२५ वर्षको युवकसँग भेट हुन्छ । आत्महत्या गर्ने चेष्टा गरेको तपनलाई ३ महिनाको सजाय दिइएको छ । मातृहीन तपन सौतेनी आमाको अत्याचार सहन बाध्य छ । बाबुले घर धान्न नसक्ने भएकाले उसलाई मामाघर कलकत्ता पठाइएको हुन्छ । कलकत्तामा मामाघरबाट पनि उसलाई चोरीको

आरोप लगाएर घर निकाला गर्दछन् । दुःख गरेर काम गरिरहेको बेला एउटा असल व्यक्ति निर्मल कुमारकहाँ राजघरमा काम गर्छ । यसै क्रममा सँगै काम गर्ने गोपालको आग्रहमा उसको घर जान्छ जहाँ उसकी छोरी माधवीसँग चन्द्रशेखरको प्रेम हुन्छ । गोपाल पनि छोरीको इच्छा बमोजिम राजीखुसी घरबाट बिहे गरिदिन्छ । त्यसको संसार राम्रो चलिरहेको हुन्छ तर माधवीले आफूसँग काम गर्ने नरेशको गुणगान गाएको सहन नसकी ऊ इर्ष्यामा जल्छ । उसलाई माधवीको नरेशप्रतिको व्यवहार मन पर्दैन र सहन नसकी आत्महत्या गर्ने प्रयास गर्छ जुन असफल हुन्छ र बन्दी बनाइन्छ । यस्तै चन्द्रशेखरले आफ्नी पत्नीलाई यसरी आफूलाई भेटेका बन्दीको कथा भन्ने सन्दर्भमा अशोकको कथा पनि विचित्रको छ । आजीवन कारागारको सजाय भोगिरहेको अशोककी स्वास्नीको अस्वस्थताका कारण काम नियमित नहुँदा नोकरी छुट्छ । बिरामी स्वास्नीको उपचारका निम्ति अशोक सुप्रभातकहाँ सरकारबाट केही रूपैयाँ पाइन्छ भनेर मद्दत माग्न जान्छ । सुप्रभातले सहयोग त गर्छ तर उसलाई डकैती गर्ने दलमा सामेल गराएर डकैती गर्न लगाउँछ । पक्राउ परेपछि सत्य बोलेर आजीवन काराबासको दण्ड भोग्न पुग्छ । यता स्वास्नीलाई गाउँलेले अपहेलना गरेको खबर सुनेर भाग्न खोज्दा असफल भई चोट लागी ऊ अस्पतालमा पुग्छ । यसरी चन्द्रशेखरले आफ्नो कारागारमा भेटेका बन्दीहरूको कथा भन्दै उपन्यासको कथावस्तु समाप्त भएको छ ।

### ४.३.२ कथानकको व्यवस्थापन

**जीवन परिक्रमा** (१९६५) मुख्यतः जेलमा आफ्नो सजाय काटिरहेका बन्दीहरूको कथा प्रस्तुत गरिएको उपन्यास हो । यस उपन्यासमा नेपालको पहाडी ग्रामीण भेगबाट परदेशमा गएर दुःख भोग्न बाध्य नेपालीको कथा पनि चित्रण गरिएको छ तर अधिकांश उपन्यासको भाग जेलमा नै केन्द्रित छ । उपन्यासको कथानक विन्यास आदि, मध्य र अन्त्यको रैखिक शृङ्खलाका रूपमा प्रस्तुत छैन । उपन्यासमा प्रमुख पात्र चन्द्रशेखर बाहेकका पात्रहरूको कथा छोटो रूपमा प्रस्तुत भई टुङ्गिएको छ । छोटो कथाका रूपमा पात्र आएका छन् । चन्द्रशेखरले आफ्नो कारागारमा नोकरी गर्ने समयमा भेटेका बन्दीहरूको यथार्थ आफ्नी पत्नीलाई पूर्वदीप्ति शैलीमा भनेर कथावस्तु अगाडि बढेको छ । उपन्यासको कथानकको शृङ्खला ढाँचा निम्नानुसार छ ।

### ४.३.२. १ आदि भाग

कलाकत्तामा जागिर खान गएको चन्द्रशेखरको खबर लिने र त्यहाँको हालचाल थाहा पाउने कुराबाट उपन्यासको आदि भागको सुरुवात भएको छ । चन्द्रशेखरले कलकत्तामा भेटेका धिताल बाबु नेपालबाट आएर यता काम गरेका र हैजाले मृत्यु भएका, चन्द्रशेखरको कोठा खोज्नेहरूका युनिक कोलिनीमा बसोबास र त्यहाँ चन्द्रमानलाई भेटेसम्मको कथावस्तु आदिभागमा रहेको छ । साथै रामकृष्ण बोस पागल भएर पनि साहित्यप्रेमी भएको र चन्द्रशेखरले उसलाई चिन्न नसक्नुजस्ता घटना उपन्यासको आदि भागमा पर्दछन् ।

### ४.३.२.२ मध्य भाग

बिहेको आठ वर्षपछि चन्द्रशेखरले आफ्नो पुरानो नोकरी छोडी जेलको सुपरिटेन्डेण्ट भएपछि जेलमा  मारेका कैदीको यथार्थलाई र कैदीको पारिवारिक अवस्था सुनाउनु, आफूले तिनीहरूको लागि केही गर्नुपर्ने र कैदीहरू रहरले नभएर बाध्यताले अपराध गरेका कुरा सुनाउनु जस्ता घटना मध्य भागमा पर्दछन् । सुलतान अली मृत्युदण्डको सजाय पाएको, तपन आत्महत्या गर्न प्रयास गर्दा पक्राउ परी तीन महिनाको सजाय भोग्न बाध्य भएको जस्ता घटना मध्य भागमा पर्दछन् ।

### ४.३.२. ३ अन्त्य भाग

उपन्यास धाराप्रवाह रूपमा अगाडि बढेको छ । अशोकको आजीवन काराबास उसकी पत्नीलाई गाउँलेले दिएको दुःख, जेलबाट भाग्ने प्रयास असफल हुनु र अस्पताल भर्ना हुनु, चन्द्रशेखरले उसलाई सम्भ्काउनु जस्ता कुरा चन्द्रशेखरले आफ्नी पत्नीलाई भनेका कुराबाट उपन्यासको अन्त्य भएको छ ।

### ४.३.३ चरित्र चित्रण

**जीवन परिक्रमा** (१९६५) प्रशस्त पात्रहरूको प्रयोग गरिएको उपन्यास हो । यसमा मुलुक छोडी अर्काको देशमा काम गर्न जाँदा भोग्नुपर्ने पीडाका कथा र आफ्नो देशमा खान पनि नपुग्ने पहाडी नेपालीको यथार्थ दर्साउने पात्रको प्रयोग भएको छ । अर्कातिर जेलमा आफ्नो अमूल्य समय बिताइरहेका

बन्दीहरूको व्यथा र यथार्थ चित्रण गर्न आवश्यक पर्ने खाल सहभागीको उपस्थिति उपन्यासमा गराइएको छ जसलाई विभेदक अभिलक्षणका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

| क.सं. | पात्र | कार्य भूमिका | प्रकृति | स्वभाव | जीवन चेतना | लिङ्ग | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | चन्द्र शेखर | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| २ | मा | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ३ | धर्म प्रसाद धिताल | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ४ | चतुराम | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ५ | रामकृष्ण बोस | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्यची | बद्ध |
| ६ | सुलतान अलि | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ७ | तपन | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ८ | अशोक | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |

### ४.३.३. १ प्रमुख पात्र

**चन्द्रशेखर**

चन्द्रशेखर उपन्यासको प्रमुख पुरुष पात्र हो । नोकरीका सिलसिलामा कलकत्ता पुगेको चन्द्रशेखर मिलनसार र मिहिनेती पात्र हो । वैचित्र्य अनि विविधताप्रिय हुनाले चन्द्रशेखर परिवर्तन रुचाउने स्वभावको छ । ऊ जीवनलाई अनुभवको सँगालो मान्छ र परिवर्तनका लागि सधैं तयार रहन्छ । चन्द्रशेखर अरूको सहयोग गर्न, दु:खमा परेको व्यक्तिको मद्दत गर्न, अन्याय नसहने प्रवृत्तिका नयाँ साथी बनाउन रुचाउँछ । ऊ आफ्नो कार्यप्रति इमानदार छन् । ऊ सधैं अरूको मद्दतका लागि तत्पर रहने र दयावान् छ भन्ने कुराको प्रमाण उसले कैदीप्रति देखाएको व्यवहारबाट थाहा हुन्छ । मान्छेले रहरले होइन बाध्यताले अपराध गर्छ र अपराधी पनि मानव नै हुन् भन्ने सोच्ने चन्द्रशेखर कारागारमा रहँदा कैदीलाई सकेसम्म मद्दत गर्ने असल पात्र हो । घुम्न रमाउने, परिवारलाई समय दिने, मनोरञ्जन

गर्न रुचाउने चन्द्रशेखर हरेक आइतबार बिदाको दिन श्रीमतीसँग घुम्न जान्छ । प्रकृतिप्रेमी भएकाले चन्द्रशेखर पानी परेको हेर्न मन पराउँछ । हिंडेर वातावरणको रमाइलो लिने चन्द्रशेखर खाली समयमा कुखुरा पाल्ने र गफ गर्ने गर्दछ । सकेसम्म बन्दीलाई बचाउन अघि सर्ने आफ्नो बानी भएकाले उसले सुलतान अलीलाई बारम्बार बचाउन कोशिस गरेको घटनाबाट थाहा हुन्छ । हरेक बन्दीको अपराधको कारण पत्ता लगाउन खोज्ने चन्द्रशेखर जिज्ञासु र दयालु प्रवृत्तिका पात्र हुन् भन्ने थाहा हुन्छ । चन्द्रशेखरको अधिकांश समय कारागार र त्यहाँको कैदीसँग बित्छ । जेलर कडा स्वभावमा हुन्छन् भन्ने मान्यताको विपरीत चन्द्रशेखर आफ्नो पदको दुरूपयोग नगर्ने कोमल स्वभावका छन् । कैदीहरूलाई मानव ठान्ने र यातना दिनु हुँदैन भन्ने चन्द्रशेखरले कैदीका लागि सक्दो सहयोग गरेको छ । उपन्यासको आदिदेखि अन्त्यसम्म भूमिका रहेका चन्द्रशेखर मञ्चीय र आबद्ध पात्र हुन् । अनुकूल प्रवृत्तिको चन्द्रशेखर गतिशील, वर्गीय पुरुष पात्रका रूपमा उपन्यासमा आएको छ ।

**४.३.३.२ सहायक पात्र**

**क) धर्मप्रसाद धिताल**

धिताल उपन्यासका सहायक पुरुष पात्र हुन् । प्रवासी नेपालीको दुःखकष्ट र बाध्यतालाई धितालको चरित्रले प्रस्तुत गरेको छ । ऊ घरबाट दाजु र भाउजूले निकालेपछि आमा र स्वास्नीलाई घरमा छाडेर कलकत्ता पैसा कमाउन आएको छ । प्रायः देश छाडेर परदेशमा आउँदा भोग्नुपर्ने दुःख धर्मप्रसाद धितालले भोगेको छ र सानोतिनो नोकरी गर्दै दिन बिताउँछन् । एक छाक खाएर भुईंमा सुतेर अलिअलि पैसा जोगाएर घर पठाउने आशा गरेको धिताल परिवारप्रति जिम्मेवार पात्र हो । परिवारको जिम्मेवारीमा थिचिएको धिताल कलकत्तामा एउटा मधेशीको क्यान्टिनमा काम गर्दा हैजाको महामारीको सिकार भई मर्दछ । परिवारका लागि केही गर्छु भनी परदेश छिरेको धितालको अन्त्य दुःखद् अवस्थामा भएको छ । धितालले आफ्नो जन्मभूमि छोडी परदेश गई आमा र स्वास्नीका लागि आफ्नो प्राण त्यागेको छ । परदेशमा जानु नेपालीको बाध्यता भएको र देशमा गरी खानलाई केही छैन भन्ने सन्देश धितालको अवस्थाले दिएको छ । देश छाडेपछि परदेशमा नेपालीले भोग्नुपर्ने यातना, दुःख र कष्टहरूको प्रतिनिधित्व धितालले गरेको छ । **जीवन परिक्रमा** उपन्यासका प्रमुख पात्र बाहेकका पात्रहरूको भूमिका सीमित छ । भूमिका पनि एउटै कथामा टुङ्गिन्छ र अर्का पात्रको घटनामा अर्का पात्रको भूमिका रहेको छ । धिताल बाजेले अकालमा मृत्युको काखमा सुत्नु परेको छ । उनले हैजाको महामारीमा परेर जीवन

गुमाएका छन् । घरको जिम्मेवारी धिताल बाजेको काँधमा रहेका र उसको मृत्युपछि घरको स्थिति खराब हुन्छ । घर पठाउनको लागि रु. १०० नगद खास्टो र चोली पोकामा बाँधेर राखेको तर घर पठाउनुभन्दा पहिल्यै उसको मृत्यु भएको छ । मान्छे भोलिको लागि आज दु:ख गर्छ तर नियतिले अर्को सोचेको हुन्छ भन्ने कुरा धितालको घटनाबाट प्रमाणित हुन्छ । यसरी धर्म प्रसाद धिताल उपन्यासको पुरुष सहायक पात्र हो । परिस्थितिको दास धिताल उपन्यासलाई सुहाउँदो अनुकूल पात्र हो ।

**ख) चतुरमान सुब्बा**

**जीवन परिक्रमा** उपन्यासको अर्को सहायक पुरुष पात्र चतुरमान सुब्बा हो । चौकीदारको काम गर्ने चतुरमान सुब्बा टिबीबाट पीडित छ । उसले अरूको ज्यान र धनसम्पत्तिको रक्षा गरे पनि आफैले आफ्नो शरीरलाई टिबीबाट बचाउन सकेको छैन । ऊ जीवनयापनका निम्ति शरीरले साथ नदिए पनि सकी नसकी चौकीदारी गर्न बाध्य छ । ऊ छोराछोरी र परिवारको ज्यान पाल्नका निम्ति आफू अस्वस्थ हुँदाहुँदै पनि काम गर्न बाध्य छ । यसरी जिम्मेवारीको भारी बोकेर चौकीदारी गर्ने चतुरमान भित्रबाट रोगले सकिइसकेको हुन्छ । चतुरमानले आफ्नो साहसले अरूलाई भ्रममा राखेको छ । उसले आफ्नो खुकुरी र साहसले अरूलाई भ्रममा राखेको छ तथा आफ्नो खुकुरी र साहसको सहाराले नोकरी खाइरहेको छ । रोगको कारण पहिलेको नोकरी छोड्नुपरेको (चौकीदारी गर्नु परेको हुन्छ) र आफ्नो देशमा काम पाउन छाडेपछि कामको खोजीमा परदेश गएको चतुरमानले त्यस्ता नेपालीको प्रतिनिधित्व गर्दछ जसले गोर्खाली, बहादुरको उपाधि पाएका हुन्छन् । दरबानीको काम गर्दागर्दा टिबीको रोगले समातेको चतुरमान सुब्बाले आफ्नो ६ वर्षकी छोरी गुमाएको छ । मुगलानको गर्मीमा दरबानी काम गर्दागर्दै रोगले च्यापेपछि उसलाई नोकरीबाट निकालिएको हुन्छ । ६ महिनासम्म औषधी खानुपर्ने र आराम गर्नुपर्ने हुँदाहुँदै पनि पारिवारिक स्थितिले गर्दा पहेंलो र चाउरी परेको अनुहार लिएर उसलाई चौकीदारीको काममा लाग्नुपरेको छ । बिरामी हुँदाहुँदै पनि दयालु मालिकका कारण पूरा तलब पाइरहेको हुन्छ तर दुर्भाग्यवश मालिकको मृत्यु हुन्छ र तलब आधा मात्र पाउने हुन्छ ।

समय बित्छ औषधी खाने समय पूरा भएपछि जचाउन जाँदा डाक्टरको रिपोर्टबाट काम गर्न अयोग्य ठहरेपछि उसलाई क्षतिपूर्ति २५० रूपैयाँ दिएर कामबाट निकालिन्छ । २५० रूपैयाँले चारजनाको जीवन गुजारा हुन नसक्ने भयो । फेरि चतुरमानलाई त्यही रोगले च्याप्यो र स्वास्नी पनि दुई ज्यानकी भई । उसले रोगको कारणले काम पनि पाएन । परिस्थितिको मार खान बाध्य चतुरमान

जस्तोसुकै काम गर्न पनि राजी हुन्छ । यसैबिच युनिन कोलेनीमा चोरडाँकाको डरले गर्दा चौकीदारको काम पाउँछ । कुनै दुर्घटना नभएपछि ८० रूपैयाँ तलब पुग्छ तर चतुरमानले सबैलाई भ्रममा राखेको हुन्छ । अरूले उसलाई सबैको रक्षा गर्न सक्ने बलियो शरीर भएको बलवान् भन्ने बुझ्छन् भने चतुरमान आफै चाहिं भित्रैबाट गलेको तर साहसले जितेको व्यक्तित्व  हो । उसले शरीरले साथ नदिए पनि बुद्धि र खुकुरीको साहसले चौकीदारी गरिरहेको हुन्छ । परिस्थितिले डोऱ्याएको चतुरमान बाध्यताले चौकीदारी गरिरहेको पात्र हो । उपन्यास छोटो कथाका रूपमा भएकाले उपन्यासमा छोटो भूमिका भएको मञ्चित पात्र हो । ऊ स्वभावका आधारमा स्थिर स्वभावको पात्र हो ।

**ग)  रामकृष्ण बोस**

बोस उपन्यासका अर्का सहायक पुरुष पात्र हुन् । हेर्दा कुनै अफिसर जस्ता देखिने बोस पत्नीले छोडेर गएपछि पागल भएका छन् । हेर्दा बुद्धिजीवी जस्ता देखिने र बौद्धिक विचार राख्ने बोसको मानसिक स्थिति ठिक नभएकाले परिवारले उसलाई घरमा बन्द गरी राख्ने गरेका हुन्छन् तर समय पाउनासाथ भाग्ने गर्दछन् । रामकृष्ण बोसले कलकत्ता विश्वविद्यालयबाट एम.ए.बी.एल. पास गरेको हुन्छ । त्यसपछि मेसिक एण्ड मेकेञ्जीमा पब्लिक रिलेसन अफिसरका रूपमा काम पाउँछन् । केही समयपछि पढेलेखेकी धनी परिवारकी केटीसँग बिहे गर्छन् । पत्नीलाई धेरै माया गर्ने पतिका रूपमा बोस प्रस्तुत भएका छन् । स्वास्नीको कामप्रतिको मोह, घर ढिलो आउने बानीका कारण दुईजनामा झगडा भई उनीहरूले सम्बन्ध विच्छेद गरेका छन् । स्वास्नीको बिछोड सहन नसकेर पागल भएर उनको नोकरी पनि छुट्न गएको छ । प्रेममा आघात भएर पागलपनको सिकार भएको रामकृष्ण बोस भौंतारिएको पात्र हो । सहरमा कामकाजी दम्पत्तिहरू बिच हुने असमझदारीको सिकार भएको पात्र हो रामकृष्ण बोस । अङ्ग्रेजी बोल्न मन पराउने र दार्शनिक कुरा गर्न र उपन्यास लेख्न मन भएको रामकृष्ण बोसको चरित्र विचित्रको छ । बोसलाई हेर्दा कसैले पनि पागल हो भनेर ठम्याउन सक्दैन भन्ने कुरा चन्द्रशेखरले धेरै पटक भेटे पनि पत्ता नपाएको कुराबाट थाहा हुन्छ । सम्बन्ध विच्छेदपछि पनि पत्नी रेणुको सम्झनामा डुबिरहने बोस पत्नी पीडित पात्र हुन् । आधुनिकताको नाममा विवाह जस्तो पवित्र सम्बन्धलाई लत्याएर हिंडेपछि बोस पागल भएका छन् ।

मानसिक रोगका सिकार भएका बोस उपन्यासका मञ्चीय पात्र हुन् । पछि पागल भएका बोस गतिशील पात्र हुन् । परिस्थिति र स्वास्नीको बिछोडका कारण पागल भएका बोस आधुनिकताका नाममा

सम्बन्धको मूल्य नराख्ने, बाह्य सौन्दर्यलाई महत्त्व दिई परिवारलाई भार सम्झिने स्वतन्त्रता भनेका अर्को कुरा नसुन्नु जस्ता भ्रमित कुराबाट पीडित रेणुजस्ता पात्रबाट बोस पीडित भएका छन् । त्यसैले उपन्यासमा बोस आधुनिक सभ्यताका नाममा आफ्नो संस्कार बिर्सेका र मूल्य मान्यतालाई बिर्सिंदै गएका नारीहरूले सताएका पीडित पात्र हुन् ।

### घ) सुलतान अली

सुलतान अली उपन्यासको सहायक पुरुष पात्र हो । २१ वर्षको सुलतान अलीले ज्यानमाराको आरोपमा मृत्युदण्डको सजाय पाएको छ । मस्त जवान, अग्लो कद, लामालामा केश भएको सुल्तान अली आफ्नो भाउजूको इज्जत बचाउनका निम्ति हत्या गरी मृत्यदण्डको सजाय भोगको निम्न वर्गीय पात्र हो । दाइको रक्सी खाने र रातरातभर घर नआउने बानीको कारण भाउजूको अवस्थादेखि दिक्क मान्ने ऊ झीलनसार प्रवृत्ति भएको पात्र हो । आमा बुवाको मृत्युपछि सौतासौताका छोरा भए पनि अष्टम अलीसँग बस्थे । सानै उमेरमा आमा बुवालाई गुमाएको सुलतान अलीलाई दाइले गाउँलेको डर र लाजले स्कुल पठाएको हुन्छ । पढाइमा राम्रो भएका कारण ऊ समयमा हाइस्कुल सक्छ र कलेज पढ्न थाल्छ । टुहुराका दिन फर्किन्छन् भनेझैं दाइले भाउजू भित्र्याएपछि ऊ भाउजूबाट आमाको माया पाउँछ । खान खाउँ भनी सोध्ने मान्छे पाउँदा सुलतान अली अति खुसी थियो । आमाबुवाको मृत्युपछि भाउजूले गर्दा आफ्नो जीवनमा खुसी आएकाले ऊ जीवनलाई प्रेम गर्न लागेको पात्र हो । ऊ दाइको भाउजूप्रतिको व्यवहारले दु:खी हुने सहयोगी पात्र हो । सुलतान अलीले दाइले भाउजूसँग गरेको नराम्रो व्यवहार सहन सकेको हुँदैन । भाउजूलाई सम्झाउने, सहयोग गर्ने र उसका कुरा सुन्ने गर्दछ । सुलतान दाइ नहुँदा भाउजूका कुरा सुनिदिने शान्त स्वभावको, आफ्नो कर्तव्यप्रति सचेत भएको पात्र हो । उपन्यासमा उसले भाउजूलाई आमा मानेको तर पछि भाउजू नजिक हुँदा उसको हेर्ने दृष्टिकोण बदलिएको छ । सुलतान अलीको स्वभाव र व्यवहार देखेर भाउजूले पनि सुलतानसँग जीवन बिताउने सपना देखेकी हुन्छे ।

ऊ भाउजूको स्थिति देखेर दुखित हुने भावुक प्रवृत्तिको पात्र हो । ऊ भाउजूलाई दाइले ५० हजारका निम्ति बेचेको थाहा पाउँदा विरोध गर्ने विद्रोही प्रवृत्तिको पात्र हो । ऊ भाउजूलाई यस्तो अन्यायको सिकार हुन नदिन खोज्ने, नारी सम्मानका लागि अगाडि बढेको सहयोगी पात्र हो । दाइको व्यवहार र ५० हजारका लागि दाइले भाउजूलाई अरूसँग सुत्न बाध्य गराउन लाग्दा ऊ सहन नसकेर

अगाडि बढेको छ । दाइको बचन सुन्न नसक्दा भाउजूको इज्जतका निम्ति हाजी साहेबको हत्या गरेर शशंक शेखरलाई ५० हजार माग्न गएको छ । दाइले भाउजूको इज्जत प्यारो छ भने पैसा ल्या भनेको हुन्छ, त्यसैका निम्ति ऊ हत्यारा बनेको छ । परिस्थितिले हत्यारा बनाएको सुलतान अली नारीलाई सम्मान गर्ने पात्र हो । यसरी आफूले गरेको हत्यामा उसलाई कुनै पश्चाताप पनि नभएको हुँदा ऊ चन्द्रशेखरले माफीका लागि आवेदन दिनुभन्दा पनि मान्दैन । ऊ जीवनको कुनै मोह नभएको निराशावादी प्रकृतिको पात्र हो । उपन्यासको प्रमुख पात्र चन्द्रशेखरले धेरै पटक माफीको लागि निवेदन देऊ भन्ने अनुरोध गरे पनि उसलाई कुनै फरक नपरेकाले जीवनको मोह छोडेको पात्र हो । जीवनदेखि विरक्त भएको सुलतान अली पहिले मृत्युदण्डदेखि नडराए पनि मृत्युदण्डको समयमा भने बाँच्ने इच्छा गर्दै मर्दिन भन्दै रोएको हुन्छ । सुलतान अन्तिममा भने बाँच्ने इच्छा गर्दै मर्दिन भने पनि दण्ड भोग्न बाध्य भएको द्वैध मानिसकताको पात्र हो । मानवीय कमजोरी भएको सुलतान अलीले कतैबाट पनि केही नहुने देखेपछि राजनीतिमा दुश्मन मानेका हाजीसंहेबको हत्या गरी विरोधी शशंक शेखरलाई पैसा माग्न पुगेको छ । यसरी हत्या गरी गलत कार्य गरेको सुलतान प्रतिकूल जस्तो देखिए पनि परिस्थितिले हत्यारा बनाएको हुँदा अनुकूल पात्र हो । उपन्यासमा उपस्थित हुने हुँदा मञ्चीय पात्र हो । यसरी ऊ आफ्नी भाउजूको इज्जतका निम्ति आफ्नो प्राणको आहुती दिने वीर पुरुष पात्रका रूपमा उपन्यासमा उपस्थित छ । उपन्यासमा परिस्थिति अनुसार उसको स्वभावमा परिवर्तन नदेखिएकाले ऊ गतिहीन पात्र हो । ऊ उपन्यासमा एउटा कथा ओगट्ने बद्ध पात्र हो ।

### ङ) तपन

तपन उपन्यासको अर्को सहायक पुरुष पात्र हो । जन्मेकै केही क्षणमा आमाको मृत्यु भएको तपन मातृस्नेहबाट बञ्चित पात्र हो । आमाको मृत्युपछि बुवाले अर्को बिहे गरेपछि बुवाको व्यवहार पनि सौतेनी भएको हुँदा ऊ बाल्यकालमा नै बाबुआमाको स्नेहबाट बञ्चित हुन पुगेको छ । ऊ सानैदेखि रोगी र कमजोर भएको पात्र हो । ऊ बुवाले माया गरे पनि सौतेनी आमाको डरले बुबा टाढा हुँदा सौतेनी आमाको अत्याचार सहन बाध्य भएको छ । उसको बुवाले धेरै सन्तान भएको कारण घर चलाउन नसक्ने भन्दै तपनलाई सहरमा मामाकहाँ पढाउन पठाउँछन् । कलकत्तामा मामाकहाँ पढेर बस्न थालेको तपनले मामामाइजूसँग आमाबुवाको माया पाएको छ तर दाइ रमेशको कुलतका कारण

माइजुले उसलाई चोर भनी घरबाट निकालेको पीडित पात्र हो । ऊ आफ्नो गल्ती नहुँदा पनि कमजोर प्रवृत्तिका कारण सजाय भोग्न बाध्य पात्र हो ।

ऊ घरबाट निकालिएपछि कलकत्ता सहरका विभिन्न ठाउँमा ट्याक्सी सफा गर्ने काममा लाग्ने मिहिनेती पात्र हो । ऊ निर्मल कुमार जस्ता भलाद्मी र सज्जन शिक्षित व्यक्तिको घरमा काम पाउँदा आफूलाई भाग्यमानी ठान्छ । कम बोल्ने, जीवनमा हेपाई र दुःख पाएको तपनले घरधनीको व्यवहार र उसको परिवारले दिएको मायाले माधवीसँग प्रेम हुन्छ र बिहे गर्छ । मायाको भोको तपन सांसारिक माया र माधवीसँग बाँधिदा आफूलाई धन्य ठान्छ तर ऊ आफ्नी स्वास्नीले आफ्नो मित्रको बदनाम गरेको हेर्न नसक्ने कमजोर पात्र हो । माधवीले आफ्नो साथीको गुणगान गरेको सुन्दा उसले हीनताबोध गरेको छ । आफूलाई कमजोर र अभागी सोच्ने तपन कमजोर मनस्थितिको पात्र हो । यसरी आफूजस्तो कमजोर र दुःखी मान्छेको संसारमा केही काम छैन भन्दै आत्महत्या गर्ने कोसिस गरेको आत्मपीडक प्रवृत्ति भएको पात्र हो तर आत्महत्या गर्ने प्रयास असफल भएपछि ऊ तीन महिना जेलमा बिताउन बाध्य छ र अर्को जुनीमा बाठो धूर्त भएर जन्म लिने इच्छा राख्ने तपन भाग्यमा विश्वास गर्ने पात्र हो । आवेगमा आएर आत्महत्या गर्न कोसिस गर्ने माधवीको कुराले आघात पुगेको, मानवीय दुर्बलताको सिकार भएको तपनले हीनताबोधका कारण आत्महत्या गर्ने कोसिस गरेको छ । तपन उपन्यासमा निम्नवर्गीय जीवनको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । ऊ यस उपन्यासमा देखिने अनुकूल मञ्चीय बद्ध पात्र हो ।

**च)** **निर्मल**

निर्मल शाही सोझो र आज्ञाकारी प्रकृतिको पात्र हो तर रेलमा बिना टिकट यात्रा गरेको कसुरमा जरिवाना स्वरूप ४० रूपैयाँ तिर्न नसक्दा जेल भोग्न बाध्य निम्न वर्गीय पात्र हो । उसले जेलबाट छुट्न १ साता मात्र बाँकी हुँदा जेलबाट भाग्ने प्रयास गरेको हुन्छ । ऊ घरमा स्वास्नी र छोरीसहित सानो संसार हुँदाहुँदै दुःखित छ । छोरीको बिरामीको खबर पाएपछि छट्पटाएको असल पिता हो र छोरीलाई साह्रो माया गर्ने पिता हो । ऊ छोरीले बिरामी अवस्थामा बुवा भन्दै बोलाइरहेको थाहा पाएपछि जेलबाट भागेको छ । ऊ छोरीको बिरामी अवस्थामा पनि उपचार गर्न नसकेको गरिबीले थिचेको पात्र हो । उपचारका अभावमा छोरीले आफ्ना काखमा सदाका निम्ति संसार छाड्दा हेरिरहन बाध्य भएको छ । १ वर्षकी छोरीले संसार छोड्दा ऊ आफूलाई कमजोर र लाचार अनुभव गरिरहेको

छ। ऊ उपचार पाएको भए छोरीलाई राम्रो गर्न सकिने ग्लानिका साथ बाँचेको पात्र हो। ऊ परिस्थितिले मान्छेलाई कहाँसम्म पुऱ्याउँछ भन्ने सोच राख्ने पीडित पात्र हो । ऊ छोरीको मृत्युपछि जेलमा बाँकी सजाय भोग्न जान लागेको इमानदार व्यक्ति पनि हो । ऊ स्वास्नीलाई सम्झाई जेल जान खोज्दा गाउँलेले थाहा पाई कुटेर थाना पुऱ्याएको र फेरि ६ महिनाको कारागार भोग्न बाध्य भएको पात्र हो । परिस्थितिको जालोमा फसेको निर्मल ४० रूपैयाँ तिर्न नसक्दा जेल परेको र छोरी बिरामी भएको थाहा पाएपछि जेलबाट भागेको र ६ महिना थप जेल बस्न बाध्य भएको छ। उपन्यासमा मञ्चीय पात्रका रूपमा देखा पर्ने निर्मल बद्ध गतिशील पात्र हो । ऊ निम्न वर्गीय जीवनको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । यसरी समग्रमा हेर्दा निर्मल छोरी बिरामी भएको थाहा पाएपछि आवेगमा आई जेलबाट भाग्ने मानवीय कमजोरी भएको यथार्थ पुरुष पात्र हो ।

**छ) अशोक**

उपन्यासको अर्को सहायक पुरुष पात्र अशोक हो । आदर्श अनि नैतिकतालाई प्रथम स्थानमा राख्ने अशोक डकैती र हत्याको आरोपमा आजीवन कारागारको सजाय भोगिरहेको छ । ऊ स्वास्नीको लामो बिरामीका कारण नोकरीबाट विदा लिएको पात्र हो । ऊ स्वास्नीको हेरचाहमा आफ्नो समय दिने आदर्श पति पनि हो । साथै ऊ लामो समयसम्मको रोगका कारण घरमा भएको सम्पत्ति सकिएको, आर्थिक अवस्था कमजोर भएको, निम्न वर्गीय जीवन बिताउने पात्र हो । कलकत्ता विश्व विद्यालयमा बी.कम पास गरेको शिक्षित व्यक्ति भए पनि ऊ नोकरी नपाएपछि त्यत्तिकै बस्न बाध्य छ। नोकरी छँदा सबैले मान दिए पनि नोकरी छुटेपछि छिमेकीबाट पनि टाढा भएको छ। ऊ गाउँबन्धु समक्ष अपरिचित, अवहेलित अनि अवाञ्छित भएको छ। ऊ आफ्नो आर्थिक कमजोरीका कारण स्वास्नी शिवानीको उपचार र पौष्टिक आहारको पनि व्यवस्था गर्न नसकेकोमा हीनताबोध भएको पात्र हो । मृत्युको मुखमा पुगेकी स्वास्नीको अवस्थालाई देख्न नसक्दा जे पनि काम गर्न तयार भएको कमजोर पात्र हो ।

कसैसँग सहयोग नमाग्ने, केही सीप नलागेपछि सुप्रभात जस्तो पात्रसँग मद्दत माग्छ र अञ्जानमै उसको डकैती समूहमा सहभागी हुन पुग्छ । आफू यस्तो अनैतिक कार्यमा परेको जानकारी नभएको सोझो पात्रका रूपमा उपन्यासमा अशोक देखा परेको छ । सुप्रभातले सहयोग गरेकोमा मनमनै धन्यवाद दिएर आफूले पनि सहयोग गर्ने इच्छा राखेपछि अशोकले सुप्रभातले यस्तो कार्य गराउला

सोचेको हुँदैन । अशोक आफूले हत्या नगरे पनि समूहका अरू व्यक्तिले हत्या गरेका हुनाले अशोक आफू पनि डकैती समूहमा सामेल हुँदा पक्राउ परेको छ । गुन तिर्न सुप्रभातको प्रस्तावमा डकैती गर्न हिंडेको तर उसले कुनै गलत कार्य नगरेको भए पनि ऊ सामूहिक पक्राउमा परेको छ । पक्राउ परेपछि झुठो बोल्न नसकेर ऊ आफू डकैती गर्न गएको कबुल गर्न बाध्य हुन्छ । ऊ डकैतीमा आफ्नो हात नभएको स्पष्ट पार्न विफल भएको छ । डकैतीमा सामेल भएको अशोकले हत्या नगरेको भए पनि समूहमा डकैती भएको कारण ऊ पनि आजीवन कारागारको जेल भोग्न बाध्य पात्र हो । जेलमा बस्दा शिवानीको हालत खराब भएको र मर्ने अवस्थामा रहेको खबर पाउँदा ऊ जेलबाट भाग्ने प्रयास पनि गर्छ तर असफल हुन्छ । यसरी ऊ जिम्मेवारी र आर्थिक अवस्थाले थिचेर दुःखमा परेको पात्र हो । ऊ षड्यन्त्रलाई बुझ्न नसकेको थाहा पाएपछि पनि पछाडि नहट्ने कमजोर मनस्थितिको पात्र हो । ऊ आवेशमा आएर जेलबाट भाग्ने प्रयास गर्ने मानवीय कमजोरी भएको पात्र हो । अशोकको जेल जीवनले उसको पारिवारिक जीवन पनि कष्टमा परेको छ । शिवानीलाई गाउँमा हेप्ने गरेकोले ऊ दुःखी छ । अशोक एउटा असल व्यक्ति हुँदाहुँदै परिस्थितिले गलत कार्यमा लाग्न बाध्य भएको छ । अशोकले जेलमा पनि आफ्नो बौद्धिकताका कारण चन्द्रशेखरको नजरमा ठाउँ बनाएको छ । ऊ जेलको कार्यक्रममा पनि भाग लिने गर्छ । यसरी परिस्थितिले गर्दा सोझो, नैतिकवान् र पढ्ने हुँदाहुँदै ऊ नराम्रो काम गर्न अघि सरेको छ ।

### ४.३.३.३. गौण पात्रहरू

**जीवन परिक्रमा**मा पात्रहरूको मेलाजस्तै लागेको छ । उपन्यासमा कृष्ण, गोपालबाबु, सुबोध बाबु, समर बाबु जस्ता अनुकूल पुरुष पात्रहरू छन् भने जाफर अली, बासुदेव भारद्वाज, रमेश, सुप्रभात, सरदार जस्ता प्रतिकूल गौण पुरुष पात्र रहेका छन् । अमिना खातुन, निलिमा, शिवानी, शान्ति, माधवी, मिना गौण नारी पात्र हुन् । उपन्यासमा गौण पात्रहरूको भीड भए पनि पात्रले आफ्नो कार्यलाई सकुशल निर्वाह गरेका छन् । उपन्यासका अनुकूल पात्रले सधैं प्रमुख र सहायक पात्रहरूलाई मद्दत गरेका कारण सजिलोसँग आफ्नो भूमिका निर्वाह गरेका छन् । प्रतिकूल पात्रका कारण उपन्यासका सहायक पात्रहरू अपराध गर्न बाध्य भएका छन् भने स्त्री गौण पात्रहरू पतिको कारागारबासका कारण दुःख र कष्ट भोग्न बाध्य भएका छन् ।

### ४.३.४. परिवेश

**जीवन परिक्रमा** उपन्यासमा दार्जिलिङ, कलकत्ता र त्यहाँको सेरोफेरोमा उपन्यास घुमेको छ। आसाम, मणिपुर, उडिसा, त्रिपुराजस्ता स्थानहरूको सन्दर्भ पनि यस उपन्यासमा प्रस्तुत भएको छ। उपन्यासका नायकले ठाउँ घुमिरहनु र नयाँ मान्छे भेट्नुपर्दा यस्ता ठाउँको प्रसङ्ग आएको छ। यस उपन्यासको रचनाकाल ठीक यकीनसाथ भन्न नसकिए पनि यसको रचनाकाल र उपन्यासमा प्रस्तुत पत्रका मितिलाई हेर्दा उपन्यासको घटनाकाल सन् १९६० तिरको भएको बुझिन्छ।

यो उपन्यास शिक्षित वातावरणमा प्रस्तुत भएको छ। पात्रहरू कलकत्ता गएका छन्। उपन्यासमा कलकत्ताको व्यस्त जीवनमा एकअर्काको लागि भावनात्मक सम्बन्ध नहुने, मेसिन जस्तो सहरको काममा लागिरहने यथार्थको चित्रण गरिएको छ। उपन्यासका पात्रहरू कलकत्तामा रहेको कारागारमा बस्दाको परिवेशलाई चित्रण गरिएको छ। मूल रूपमा कारागारको वातावरण र त्यहाँका कैदीको भोगाइको चित्रण उपन्यासमा गरिएको छ। कलकत्ताको व्यस्त जीवनको चित्रण पनि उपन्यासमा गरिएको छ। **जीवन परिक्रमा** उपन्यासमा उपन्यासकारले आफ्नो पेसाका सिलसिलामा कारागारमा भेटेका पात्रको वर्णन छ। त्यसैले उपन्यासको परिवेश कारागार र त्यहाँ वरपरको रहेको छ। कलकत्ताको व्यस्त जीवन, त्यहाँका भोगाइ दुःख, कष्ट र मानवीय समवेदना नभएका, सहरिया जीवनको चित्रण गरिएको छ। जेलको जीवन र त्यहाँको अनुभव र भोगाइ अरू सचित्र रूपमा चित्रण गरिएको छ। उपन्यासमा सहरी जीवनको बढी चित्रण गरिएको छ। जति हुँदा पनि नपुग्ने मानव प्रवृत्तिको उपन्यासमा चित्रण गरिएको छ। मूलतः उपन्यास कारागार र त्यसमा रहेका कैदीहरूको कथा र व्यथामै घेरिएकाले बाहिरी परिवेशभन्दा पनि कारागारको भित्री परिवेशको वर्णन बढी गरिएको छ। गरिबीका कारण मुलुक छोडी परदेशमा आफ्नो ज्यान गुमाउनु पर्दा आफन्तहरूलाई समेत भेट्न नपाउनुको व्यथा उपन्यासमा देखाइएको छ।

### ४.३.५ उद्देश्य

**जीवन परिक्रमा** उपन्यासमा मूलतः कोही मान्छे रहरले होइन बाध्यताले अपराध गर्न पुग्छ भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ। हरेक व्यक्ति आफ्नो लाचारी र गरिबीका कारण गलत कार्यतिर लाग्छ भन्ने अभिव्यक्ति दिनु यस उपन्यासको मूल उद्देश्य हो। ठुलो व्यक्तिले जति ठुलो गल्ती गरे पनि

सजायबाट बच्ने तर सानो गरिब मान्छे हरेक ठाउँमा फस्ने गरेको पाइन्छ । गरिब व्यक्तिका लागि उसको जीवनको कुनै मूल्य हुँदैन भन्ने अभिव्यक्ति पनि उपन्यास मार्फत प्रस्तुत भएको छ ।

सभ्य र शिक्षित समाजमा बढ्दै गइरहेको पारिवारिक अस्तव्यस्ततालाई देखाउनु उपन्यासको अर्को उद्देश्य हो । यस उपन्यासमा सहरमा देखिने शिक्षित साथै नोकरी गर्ने दाम्पत्य जोडीमा देखिने कुपरिणाम देखाउन खोजिएको छ । सहरिया व्यस्त जीवनका पारालाई प्रस्तुत गर्नु उपन्यासको अर्को उद्देश्य हो । आफ्नो मातृभूमि छोडी परदेशमा गई केही धन जोगाउन र सुखी जीवन बिताउने रहर बोकेका प्रवासी नेपालीले भोग्नुपरेको दुःख चित्रण गर्नु उपन्यासको अर्को उद्देश्य हो । छोटोमा भन्दा व्यक्तिहरूको जीवनमा कुनै पनि व्यक्ति जानीजानी आफू खुसी अपराधी नबन्ने, उसलाई परिवेश र परिस्थितिले अपराधी बनाउने र अपराधी भन्नासाथ नाक खुम्चाउनु नहुने तथा मानवप्रति मानवीय व्यवहार नै गर्नुपर्छ भन्ने सन्देश दिनु उपन्यासको महत्त्वपूर्ण उद्देश्य हो ।

### ४.३.६ दृष्टिबिन्दु

**जीवन परिक्रमा** चन्द्रशेखरले आफ्नो जागिर कालमा जेलमा भेटेका  बन्दीहरूको कथा, व्यवहार र सत्यतथ्य घटनाहरूको सजीव रूपमा चित्रण गरिएको उपन्यास हो । यो डायरी शैलीमा लेखिएको उपन्यास हो । यस उपन्यासमा तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । यो उपन्यास पनि सर्वज्ञ बाह्य दृष्टिबिन्दु प्रयोग गरी लेखिएको छ । चन्द्रशेखरले सहायक पात्रका जीवनका घटना व्यक्त गरेका छन् । त्यसैले यो उपन्यास तृतीय पुरुष बाह्य दृष्टिबिन्दुमा संरचित बन्न पुगेको छ ।

### ४.३.७ भाषाशैली

**जीवन परिक्रमा** उपन्यासको भाषिक विन्यास सरल छ । आलङ्कारिक भाषा र संवादात्मक शैलीका साथै वर्णनात्मक शैलीले उपन्यास रोचक बनेको छ । पात्रअनुसारको भाषाको प्रयोगले उपन्यास पढ्नमा कठिनाइ देखिँदैन । उपन्यासमा ठाउँठाउँमा पात्रद्वारा प्रयोग गरिने अङ्ग्रेजीका शब्द र वाक्यले उपन्यासलाई रोचक बनाएको छ । उदाहरणः

Calcutta is a city procession"(पृ.२९) 'if you brost of women highm she will naturaly look you down (पृ.२३), "Be careful condemee prisoners are too deep to undastand (पृ.५०) ' water water every where, not a drop to drink," (पृ.९)

छोटा छोटा सरल वाक्यका साथै थेगो, उखान, टुक्काहरू प्रयोग भएको पाइन्छ । *हिंग त छैन, तर हिंग बाँधेको टालो छ* (पृ. १६), *बाँदरले आफ्नो घर पनि बनाउँदैन अर्कालाई पनि बनाउन दिँदैन* ( पृ. १५) । त्यसै उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्दका साथै अनुकरणात्मक शब्दहरूको प्रयोग पनि देखिन्छ । *हर्ष, हृदय, श्रद्धा, सम्पत्ति, मृत्यु, क्रोध, गति, दृश्य* जस्ता तत्सम शब्द *आफू, बाबु, आमा, भाइ, गाउँ, दुध, आँखा, पानी* जस्ता तद्भव शब्द *आदत, गायब, निगरानी, नोकरी, अलाराम, मेट, कोड, क्रिमिनल, प्रोसिडयोर कोड, स्किनिङ्ग, कमिटी, राउण्ड कसुर, तारिख, खुब, प्रिजी काउन्सिल, राय सारप, करतुत* जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । *झ्याइँ झ्याइँ, टुप्लुक्कै, सुक्कसुक्क, स्वाँस्वाँ, ढुक्ढुक, फत्फताउनु* जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग भएको देखिन्छ । यसरी यस उपन्यासमा तत्सम, तत्भव र आगन्तुक शब्दका साथै विभिन्न किसिमका उखान, सूक्ति आदिको अलङ्कारमय भाषा र वर्णनात्मक शैलीका साथै पत्रात्मक शैलीले उपन्यासलाई काव्यात्मक बनाएको छ । डायरी शैलीमा लेखिएको उपन्यासमा सरल, सहज भाषाशैलीको प्रयोग भएको छ । उपन्यासको शैली वर्णनात्मक भएका पात्र नेपाली नभए पनि उनीहरूले दिएको अभिव्यक्ति उपन्यासकारले नेपाली भाषामा सहज रूपमा प्रस्तुत गर्न सक्षम भएका देखिन्छन् । त्यस्तै उपन्यासमा प्रयोग भएका गीतहरूले उपन्यास रोचक बनेको छ । उपन्यासमा प्रयोग भएको गीतको अंश यस्तो रहेको छ :

*यहाँ को छ आफ्नो भन्नु*

*सम्झे सबै बिरानो तर*

*बाहुपास फैलाई स्नेह*

*प्रेमले बोलाए, विश्व नै आफ्नो भन्नु ।*

*चरा चुरुङ्गी पशु त के*

*लता, वृक्ष, पुष्प बाटिका*

*हो मानवको प्रिय बन्धु*

*तब जिउँदो नरनारी हो परम बन्धु ॥* (पृ.७१)

### ४.३.८ निष्कर्ष

**जीवन परिक्रमा** उपन्यास सामाजिक जीवनमा लेखिएको यथार्थवादी उपन्यास हो। उपन्यासकारले आफ्नो कामकाजको सिलसिलामा कलकत्तामा बस्दाको सेरोफेरोमा उपन्यासको सुरुआत गरेका छन्। उपन्यासकारले चन्द्रशेखर नामक प्रमुख पात्रले जेलरको पदमा रहँदा भेटेका बन्दीहरूको जीवन भोगाइलाई उपन्यासमा उतारेका छन्। चतुरमान जस्तो आर्थिक मारले पिरोलेको पात्र जसले शरीरले नभ्याउँदा नभ्याउँदै पनि परिवार पाल्नका लागि काम गर्नु परेको छ। धर्मप्रसाद धिताल जसले आफ्नो जन्मभूमि छोडी विदेशमा गई हैजा रोग लागेर परिवार भेट्न नपाई मृत्यु अँगाल्न पुगेको छ। रामकृष्ण बोस जस्तो शिक्षित र प्रतिष्ठावान् व्यक्तिले पत्नीको धोकालाई सहन नसकेर पागल भई भौंतारिनु परेको छ। सुल्तान अली जस्तो स्वाभिमानी र कलिलो शिक्षित पात्रले दाइको कुलत र भाउजूको इज्जत बचाउनका लागि अरूको हत्या गरी मृत्युदण्ड सजाय पाएर मृत्युको पर्खाइमा जेलमा बसेको छ। टुहुरो तपन सौतेनी आमाको अत्याचारबाट बच्न मामा र माइजूको घरमा शरण लिन पुग्दा उल्टो कुलतमा परेको दाइको कारणले चोर ठहरी घर निकाला हुन्छ र माधवीसँग बिहे भई आफूलई माधवीको प्रेमको लायक नठानी आत्महत्या गर्न खोज्दा जेल पर्छ। निर्मल जस्तो सोझो आज्ञाकारी प्रवृत्तिको व्यक्तिले सानो गल्तीको कारणले गर्दा जेल परी ४० रूपैयाँ जरिवाना तिर्न नसक्दा जेलमा बस्न बाध्य भएको छ। छोरी चुनुको बिरामीले नाजुक अवस्था भएको थाहा पाउँदा जेलबाट भागी छोरीलाई मृत्युन्मुख अवस्थामा फेला पार्दा आत्मसमर्पण गर्नुपूर्व नै पक्राउ परी कष्ट भोग्न बाध्य भएको छ। अर्को पात्र अशोक जो स्वास्नीको उपचारका निम्ति डकैती गिरोहमा सामेल भई अन्जानमै डाका हाल्न पुगी अरूले गरेको हत्याको आरोपमा जेलमा परेको छ। यसरी उपन्यास दुःख र लाचारीको अवस्थामा डुबेका पात्रहरूका छोटाछोटा कथाहरूको सँगालोका रूपमा प्रस्तुत भएको छ। उपन्यासमा सबै वर्ग र परिस्थितिले धकेलेका पात्रहरूलाई समेटिएको छ। उपन्यासका घटनावलीहरू कलकत्ता र त्यहीं अवस्थित जेलको सेरोफेरोमा घुमेका छन्। उपन्यास तृतीय पुरुष सर्वदर्शी शैलीको दृष्टिबिन्दुका साथै पत्रात्मक शैलीले रोचक बनेको छ। सरल, सहज भाषाको प्रयोग गरिएको यस उपन्यासमा ठाउँठाउँमा आलङ्कारिक भाषाको छनक पनि पाइन्छ। छिमेकी राष्ट्र भारतको कलकत्ता सहरको सेरोफेरोमा लेखिएकाले हिन्दी र अङ्ग्रेजी भाषाको प्रयोग गरिएको पाइन्छ। सामाजिक जीवनका मार्मिक घटनाहरूको प्रस्तुति पाइने यो सामाजिक यथार्थमूलक उपन्यास हो।

पाँचौं परिच्छेद

# कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्ति

कृष्णसिंह मोक्तान सामाजिक यथार्थवादी उपन्यास लेख्ने उपन्यासकार हुन् । स्वच्छन्दतावादतर्फ पनि झुकाउ राख्ने मोक्तानले सामाजिक एवं प्रेम विषयलाई आधार मानेर लेखिएका उनका तिनओटा उपन्यास प्रकाशित भएका छन् : २०१६ मा **चरणधुली**, २०२३ मा **अशेषयात्रा** र २०२४ मा **जीवन परिक्रमा** । यहाँ यिनै उपन्यासहरूका आधारमा मोक्तानका समग्र औपन्यासिक प्रवृत्तिहरूको निरूपण गरिएको छ ।

## ५.१. अतिशय भावुकता

कृष्णसिंह मोक्तान सामाजिक यथार्थवादी उपन्यासकार हुन् तापनि उनका प्रायः उपन्यासहरू अतिशय भावुकताका पृष्ठभूमिमा रचिएका छन् । मोक्तानका **चरणधुली** र **अशेषयात्रा** यस प्रवृत्तिका उल्लेखनीय कृति हुन् । **चरणधुली** र **अशेषयात्रा** दुवै उपन्यासको मूल विषय नै प्रेम रहेको छ । **चरणधुली**मा दार्जिलिङ्मा सुन्दर मनोरम दृश्यको वर्णन भएको छ । कलकत्ताको ढुकरिया झीलको सुन्दरताको वर्णन उपन्यासमा पाइन्छ । कालिम्पोङ र मलायासम्म फैलिएको यस उपन्यासमा हरेक ठाउँको सुन्दरताको वर्णन गरिएको छ । **चरणधुली** उपन्यासमा प्रकृतिको व्याख्या भएको कलकत्ताको ढुकरिया झीलको समस्त स्थानमा नीरा र करणले बिताएको समयको वर्णन गरिएको छ । साथै मायापुरी सुन्दर, निर्मल र एकान्त प्रकृतिमा हरियालीमा बिताएका क्षणको वर्णनबाट **चरणधुली** भावुकताजन्य उपन्यास बन्न पुगेको छ । यस उपन्यासमा स्वच्छन्दतावादी मान्यता अनुसारको विधि-बन्धनमुक्त संरचना र प्रकृतिको सुन्दर चित्रण हुन पुगेको छ । **अशेषयात्रा**मा पनि यही प्रवृत्ति देख्न सकिन्छ । औंसीको कालो रातको वर्णनबाट उपन्यासको आरम्भ भएको छ । त्यस्तै उपन्यासमा करण र अनुराधाले काशीमा गरेको नौकाको सवारीको वर्णन, विश्व विद्यालयको चौरमा वसन्त र अनुराधा बिचको प्रेमालापबाट स्वच्छन्दतावादी प्रवृत्ति झल्किन्छ । प्रकृति र मानिसको सम्बन्धलाई पनि उपन्यासमा देखाइएको छ । मुखेनी बिरामी हुँदा आकाश बादलले ढाक्नु, घरमा शान्तिको बिहे पक्का हुँदा आकाश खुल्नु जस्ता घटना उपन्यासमा देखिन्छन् । **अशेषयात्रा**मा मानवीय संवेदना, आवेग, काल्पनिक तथा अतिशय भावुकता, सौन्दर्य, प्रेम प्रणय आदिको चित्रण गरिएको छ ।

**चरणधुली** र **अशेषयात्रा** उपन्यासको अतिशय भावुकताजन्य प्रस्तुतिले यिनलाई स्वच्छन्दतावादी धारको निकट पुऱ्याएको छ । यी दुवै उपन्यासको मूल विषय नै प्रेम रहेको छ । **चरणधुली**मा नीरा र जीवन बिचको प्रेमलाई आदर्श प्रेमका रूपमा देखाइएको छ भने **अशेषयात्रा**मा करणले आफ्नो प्रेमका लागि गरेको समर्पण नमुनायोग्य बनेको छ । यसै आधारमा कृष्णसिंह मोक्तान मूलतः स्वच्छन्दतावादी उपन्यासकार हुन् ।

## ५.२. सामाजिक यथार्थमा आधारित विषयका प्रयोक्ता

कृष्णसिंह मोक्तान उपन्यासमा नेपाली समाजमा विद्यमान विविध पक्षलाई टपक्क टिपेर औपन्यासिक रूप दिन सक्षम छन् । यसर्थ उनका उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्ति देखिन्छ । **चरणधुली** सामाजिक यथार्थवादमा आधारित छ । यसको मूल विषय वस्तुप्रेम भए पनि समाजमा देखिने गरेका विसङ्गतिहरूलाई उपन्यासकारले उपन्यासमा समेटेका छन् । **चरणधुली** उपन्यासमा दार्जिलिङको सामाजिक जीवन, त्यहाँको जीवनशैली, परम्परा र संस्कृतिको प्रस्तुति पाइन्छ । आमाले मात्र काम गरी घर धान्न नसक्दा करण कामको खोजीमा मलायासम्म पुग्नु, पढ्ने रहर हुँदाहुँदै पढाइ छोड्न बाध्य भएको करण र नीराले पनि बुवा पूर्णजीतलाई कुलतबाट निकाल्नु, अर्जुन स्याङदलले जीवनलाई आफ्नो परिवारसँग राख्नु, सूर्यप्रसादले अनुराधा आफ्नो सन्तान नहुँदा पनि छोरीभन्दा बढी माया गर्नुले उपन्यासमा आदर्शको छनक रहेको देखिन्छ । यसरी उपन्यासकार मोक्तानले आदर्श पात्रहरूद्वारा नैतिक आदर्शवादी शिक्षा दिन खोजेका छन् । कुमार्गबाट सुमार्गमा, पतनबाट उत्थानतिर, विनाशबाट सुधारतर्फ पुऱ्याउने, गलत कार्यको परिणाम गलत हुने कुरा देखाउने मोक्तानले उपन्यासमा आदर्शहीन असल पात्रहरूलाई उँभो लाग्न दिएका छैनन् । तसर्थ यिनै उपयुक्त आधारमा नै मोक्तानलाई आदर्शवादी उपन्यासकार भन्न सकिन्छ ।

## ५.३. प्रवासी नेपाली जनजीवनको भावुक चित्रण

कृष्णसिंह मोक्तानका उपन्यासमा प्रवासी नेपाली जनजीवनको प्रस्तुति राम्रोसँग देख्न सकिन्छ । यिनका उपन्यासमा भारतको दार्जिलिङ, कलकत्ताजस्ता ठुला सहरमा नेपालीहरूले भेल्नुपरेको कठिनाइहरूको चित्रण सहजताका साथ गरिएको छ । तत्कालीन समयमा नेपालमा विभिन्न भागबाट काम र मामको खोजीमा दार्जिलिङ र कलकत्तामा गएर उतै बसेका नेपाली समाजका सबै तहका व्यक्तिको चित्रण मोक्तानका उपन्यासमा पाइन्छ । **जीवन परिक्रमा**मा धर्मप्रसाद धिताल र चतुरमान

सुब्बाका माध्यमबाट प्रवासी नेपालीले पाउने कष्टको यथार्थ चित्रण देखिन्छ। त्यस्तै **चरणधुली**मा करणले कामको खोजीमा मलायासम्म पुग्नुपरेको र त्यहाँ भोग्नुपरेको दुःख र नेपाली बस्तीको चित्रण पनि राम्रोसँग गरिएको छ। कलकत्ताको गर्मीमा आफ्नो प्राण त्याग्ने प्रवासी नेपालीको दयनीय अवस्थाको चित्रण पनि मोक्तानका उपन्यासमा देखिन्छ। नेपालीले गर्ने चौकीदारको नोकरी, गोर्खाली भनी पाएको उपनाम, मोक्तानको **जीवन परिक्रमा**मा चतुरमानको अवस्थाबाट देखिन्छ। आफ्नो जन्मभूमि छोडी केही गरौँला भनी परदेश घरजम गरी बस्ने र त्यहाँ काम गर्ने नेपालीले जति प्रगति र उन्नति गरे पनि आफ्नो जन्म नभुल्ने र धर्तीको माया गर्ने यथार्थ प्रवृत्तिको चित्रण मोक्तानको उपन्यासमा देखिन्छ। प्रवासी समाजको चालचलन, रीतिरिवाज, धर्मसंस्कार सबैलाई समेटेर लेख्नु कृष्णसिंह मोक्तानको औपन्यासिक प्रवृत्ति हो।

## ५.४. संयोगान्त उपन्यास लेख्ने प्रवृत्ति

कृष्णसिंह मोक्तानको **चरणधुली** र **अशेषयात्रा** संयोगान्त उपन्यास हुन्। मोक्तानका उपन्यासको सुखद् अन्त्य भएको हुन्छ। **चरणधुली**मा करण र नीरा धेरै समयको लागि छुटे पनि अन्त्यमा भेटिएका छन्। त्यस्तै मुखियाले आफ्नो गल्ती मानी करणलाई नीरासँग बिहे गर्न मञ्जुरी दिएको छ। मोहन जेलबाट छुटेर करणको आमाको अन्तिम संस्कारमा समावेश हुनु, नीराले करणको आमाको स्याहार गर्नु जस्ता घटना संयोगान्ततिर गएका छन् र अन्तिममा सबै कुरा झीलेर करण र नीराको विवाह हुनु संयोगान्त प्रवृत्ति हो। **अशेषयात्रा**मा पनि अनुराधा र जीवनको झीलन हुनु, पूर्णजीतले रक्सी छोडी फेरि समाजतिर लाग्नु, जीवनलाई आफूले आफ्नो पिताजीको मन दुखाएको मनन हुनु र गाउँ फर्की समाजसेवातिर लाग्नु जस्ता घटना पनि संयोगान्तका उदाहरण हुन्। त्यसैले मोक्तानका उपन्यासहरुलाई समग्र रुपमा हेर्दा संयोगान्त प्रवृत्ति समेटेर उपन्यास लेख्ने उपन्यासकारका रुपमा देखिन्छन्।

## ५.५ आदर्शवादी चिन्तन

कृष्णसिंह मोक्तानको उपन्यासमा सत्यको विजय देखाइएको हुन्छ। सत् पात्रको विजय र असत् पात्रको पराजय भएको देखिएकाले उनका उपन्यासमा आदर्शवादी प्रवृत्ति पनि पाइन्छ। उनका उपन्यासमा सामाजिक कथावस्तु चयन गरिए पनि काल्पनिक आदर्शको व्याख्या बढी भएको देखिन्छ। नैतिक आदर्शीकृत पात्रहरूको प्रयोग गरी उपदेशात्मक शिक्षा प्रदान गर्नमा मोक्तानका उपन्यास सफल

छन् । करण, नीरा, मोहन, जीवन, अनुराधा जस्ता पात्रको प्रयोग गरी मोक्तानले आदर्श स्थापना गर्न चाहेको देखिन्छ । नीराले जीवनको 'चरणधुली' शिरमा लगाउदै विस्तारै *आज तिम्रो चरणधुली मेरो शिरमा राखी म प्रण गर्छु म तिम्रो हुँ, तिमी मेरो देवता हो भगवान् हो* (चरणधुली पृ. ४८) भन्नु उसको सच्चा प्रेम हो, आदर्श हो । नीराले जति दुःख सहेर पनि सौतेनी आमाको अत्याचार सहेर बस्नु, बुवालाई कुरा नलगाउनु र बुबाको आज्ञाको पालना गर्नुले उसको चरित्रले आदर्श छोरीको गुण प्रदर्शन गरेको छ । करणले आदर्श छोरा भएर नै आमाको दुःख बुझी केही गर्छु भनी नोकरी खोज्न जानु, मोहनले साथीका लागि जेल वरण गर्नु, नीराले करणको आमाको सेवा गर्नु, उसको मृत्युपछि घर सम्हालेर बस्नुजस्ता घटनाले उपन्यासमा आदर्शवाद छताछुल्ल आएको छ । त्यस्तै **अशेषयात्रा**मा जीवन जस्तो आदर्श प्रेमी जसले पागल भएकी अनुराधालाई नयाँ जीवन दिनु, चौकीदारको मद्दतलाई नबिर्सिएर बाबुजस्तै व्यवहार गर्नु, शान्तिले बिरामी आमाको सेवा गर्नु, पूर्णजीतलाई कुलतबाट निकाल्नु, अर्जुन स्याङ्दलले जीवनलाई आफ्नो परिवार सरह घरमा राख्नु, सूर्यप्रकाशले अनुराधा आफ्नो सन्तान नहुँदा पनि छोरीभन्दा बढी माया गर्नुले उपन्यासमा आदर्शको छनक रहेको देखिन्छ । यसरी उपन्यासकार मोक्तानले आदर्श पात्रहरूद्वारा नैतिक आदर्शवादी शिक्षा दिन खोजेको देखिन्छ । कुमार्गबाट सुमार्गमा, पतनबाट उत्थानतिर, विनाशबाट सुधारतर्फ पुऱ्याउने, गलत कार्यको परिणाम गलत हुने देखाउने मोक्तानले उपन्यासमा आदर्शहीन पात्रहरूलाई उँभो लाग्न दिएका छैनन् । तसर्थ यिनै उपयुक्त आधारमा नै मोक्तानलाई आदर्शवादी उपन्यासकार भन्न सकिन्छ ।

### ५.६ द्वन्द्वको सघन प्रयोग

कृष्णसिंह मोक्तानका उपन्यासहरू द्वन्द्वका दृष्टिले सफल रहेका छन् । **चरणधुली** र **अशेषयात्रा**मा बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व बढी रहेको छ । **चरणधुली** उपन्यासमा करण र नीराका बिचको प्रेमबाट नीरा टाढा हुँदा जीवनले आफूलाई बिर्सिएको हो भन्ने लाग्नु, नीराको मनमा पढ्ने चाहना हुँदाहुँदै पढ्न नपाई कलेज छोडेर घरमा बस्नुपर्दा वुवाले अर्को केटासँग विवाह गराइदिन तयार हुनु, आफूले जीवनलाई मन पराएको तर बुवाको अगाडि केही बोल्न नसक्दा अन्तरमनमा कुराको बाढी आउनु जस्ता सन्दर्भबाट उपन्यासमा आन्तरिक द्वन्द्व रहेको देखिन्छ । त्यस्तै **अशेषयात्रा**मा करणले अनुराधालाई प्रेम गर्न थाहा पाएपछि विचलित हुनु, बुबासँग झगडा गरेर पढाइ छोडी दार्जिलिङतिर लाग्नु, सुकुमतीको आन्तरिक उतारचढाव जस्ता कुरा पनि आन्तरिक द्वन्द्वका उदाहरण हुन् तर **जीवन**

**परिक्रमा** उपन्यासमा आन्तरिक र बाह्य द्वन्द्वको बाहूल्य देखिन्छ । रामकृष्ण बोसले आफ्नो मन र दिमागलाई सम्हाल्न नसकी पागल हुनु, सुलतान अलीले आफ्नो दाइले लगाएको कटु बचन सम्झेर के गर्ने कसरी पैसाको व्यवस्था गर्ने भन्ने भाव ल्याउनु, तपनले आफ्नी पत्नीको अर्को पुरुषप्रतिको आकर्षण सहन नसकेर रातभरि कुरा खेलाएर बस्नुजस्ता घटना आन्तरिक द्वन्द्व हुन् । अशोकले डकैती टोलीमा सामेल भई गरेको हत्या, तपनले गरेको आत्महत्याको प्रयास, निर्मल जेलबाट भाग्न खोज्दा प्रहरीको पिटाई खानु, सुलतान अली आफ्नी भाउजूको अस्मिताको रक्षाका निम्ति गरेको हत्या बाह्य द्वन्द्व हुन् । यसरी मोक्तानका उपन्यासमा आन्तरिक द्वन्द्वका साथै बाह्य द्वन्द्वलाई पनि प्रस्तुत गरिएको छ ।

## ५.७ कारुणिकता

कृष्णसिंह मोक्तानका सबै उपन्यासमा वास्तविक घटनाहरूको वर्णन गरिएको छ । उनका उपन्यासका पात्रहरूको जीवन दुःखपूर्ण र पीडादायक रहेको देखिन्छ । उनका उपन्यास सुखान्तमा टुङ्गिए पनि दयनीय अवस्थाबाट पार भएका हुन्छन् । **चरणधुली** उपन्यासमा जीवनकी आमाले एक्लै छोरालाई पढाउनु र घरलाई धितो राख्नु र तिर्न नसक्दा जीवनले पढाइ छाडी नोकरी गर्नुपर्ने बाध्यताले कारुणिकता पैदा भएको छ । नीराले पढाइ छाडी घरमा बस्दा सौतेनी आमाको अत्याचार सहनु, बुवाले जबरजस्ती कुलतमा परेको केटासँग बिहे गरिदिन खोज्नु र नीरालाई दिनरात रोएर जीवनको यादमा काट्नुले नीराको जीवन कारुणिक बन्न पुगेको छ र अन्त्यमा आफ्नी आमाको मृत्युका बेला पनि जीवन पुग्न नपाउनु, मोहनले सबै कार्य गर्नुजस्ता घटनाले उपन्यासमा थप दुःखान्तता देखिएको छ । **अशेषयात्रा** उपन्यासमा अनुराधा पागल हुनु, करणले अनुराधाको प्रेम नपाउनु, बुवा रिसाउनु, शान्तिको बिहे समयमा नहुनु, करणकी आमा बिरामी हुनु, पूर्णजीत कुलतमा पर्नुजस्ता घटनाले उपन्यासमा कारुणिकताको सञ्चार भएको छ । त्यस्तै अनुराधाले समयमा गलत नजरले हेरी आत्महत्या गर्न खोज्नु, करणले अनुराधा बेहोस भएको समयमा वसन्तको नाम लिँदा किन लिएको हो भन्ने कुरा बुझ्नुको साटो अनुराधालाई छोडेर जानु र अनुराधाको पागलपन बढ्दै जानुले उपन्यासमा दुःखद् वातावरण सिर्जना भएको छ ।

**जीवन परिक्रमा** उपन्यास कारुणिकताले भरिएको उपन्यास हो । उपन्यासमा आएका प्रमुख पात्र बाहेकका पात्रमा दुःखैदुःख मात्र छ । धिताल बाजे परदेशमा पैसा कमाउन आउनु तर हैजा रोगको चपेटामा परी मृत्यु हुनु, चतुरमानको टिबी रोगका कारण नोकरी छुट्नु र रोगी हुँदाहुँदै कोलोनीको

चौकीदारी गर्नु, रामकृष्ण बोसको बैवाहिक सम्बन्ध विच्छेद भएपछि पागल भएर सडकमा बास बस्दै हिंड्नु, सुलतान अलीले भाउजूको इज्जत बचाउन हत्या गरी फाँसीको सजाय पाउनु, सानैमा आमाको मृत्यु भएपछि मामाघर बसेको तपनले स्वास्नीको हेपाइ सहन नकसेर आत्महत्या गर्न खोज्नु, निर्मलकी छोरीको मृत्यु हुनु र जेलबाट भाग्न खोज्नु र असफल भएपछि प्रहरीको कुटाइपछि अस्पताल भर्ना हुनु र अशोकले स्वास्नीको उपचारका निम्ति पैसा नहुँदा डाका समूहमा समावेश भई डकैती र हत्याजस्तो अपराधमा समावेश हुनुजस्ता दयनीय घटनाले पूरा उपन्यास नै दुःखद् नै दुःखद् बनेको छ । प्रायः सबैजसो पात्रले कुनै आर्थिक कारण र हीनताबोधमा जीवन काटिरहेका छन् । जेलमा आफ्नो अमूल्य समय वर्बाद गर्न बाध्य छन् । यस्ता कैयौँ घटनाले उपन्यास कारुणिक बनेको छ । यसरी मोक्तानका उपन्यास सुखान्तमा टुङ्गिए पनि उपन्यासमा सबैजसो घटनावली कारुणिक रहेकाले उनलाई कारुणिक उपन्यासकार भन्न सकिन्छ ।

### ५.८ परिवेश चित्रणमा विविधता

कृष्णसिंह मोक्तानले आफ्ना उपन्यासमा ग्रामीण, सहरिया, धार्मिक परिवेशको चित्रण गरेका छन् । उनका **चरणधुली** र **अशेषयात्रा**मा ग्रामीण परिवेशको चित्रण ज्यादा र सहरी परिवेशको चित्रण कम पाइन्छ । **चरणधुली** उपन्यासमा दार्जिलिङ, त्यहाँको विश्व विद्यालय र जीवन नोकरीको खोजीमा कलकत्तादेखि मलाया पुग्ने हुँदा त्यहाँको परिवेशको राम्रो चित्रण गरेको छ । कालिम्पोङ छिवा बस्तीको ग्रामीण चित्रण उपन्यासमा गरिएको छ । उपन्यासमा कलकत्ताको ढकुरिया झील एवं दार्जिलिङको मायापुरीको प्राकृतिक सौन्दर्यको वर्णन पाइन्छ । उपन्यासमा सुन्दर आराधुरा गाउँको चित्रण गरिएको नागा **अशेषयात्रा** नागा पहाडको कोटीमा अन्तर्गत चांदेयारी समिपको निकै मुख्य गाउँ आराधुराको ग्रामीण परिवेशको चित्रण गरिएको छ । साथै काशीको विश्व विद्यालय, दशाश्वमेधघाट, हरिश्चन्द्रघाट, मणिकर्णिका घाट, गदौलिया, विश्वेश्वरगञ्ज, लहुरावीर, चौखम्बा, कबीर चौहारा, नदेश्वर र काशी नरेशको परिवेश चित्रण पनि उपन्यासका गरिएको छ । पारमेन बस्ती र दार्जिलिङको सौन्दर्य परिवेशको चित्रण पाइन्छ भने **जीवन परिक्रमा** उपन्यासमा सहरिया परिवेशको चित्रण बढी पाइन्छ । यस उपन्यासमा कलकत्ताको व्यस्त सहर र त्यहाँको सहरिया जीवनको चित्रण गरिएको छ । यसरी मोक्तानका उपन्यासमा ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण गरिएको पाइन्छ । उनका उपन्यासमा समग्रमा सहरप्रति वितृष्णा र ग्रामीण/प्राकृतिक परिवेशप्रति मोह झल्कन्छ ।

## ५.९ सरल भाषाशैलीको प्रयोग

कृष्णसिंह मोक्तानका उपन्यासहरू पढ्न र बुझ्नका लागि बौद्धिक कसरतको आवश्यकता नपर्ने भएकाले पढ्नमा कठिनाइ देखिँदैन । उपन्यासमा नेपाली ग्रामीण तथा तत्कालीन परिवेशको बोलचालको भाषाको प्रयोग गरिएको छ । सरल, सहज, सुबोध र स्तरीय भाषाको प्रयोग उपन्यासमा गरिएको छ । सरल वाक्यको प्रयोग भएकाले मोक्तानका उपन्यास बुझ्न सहज हुन्छन् । उखान टुक्काका साथै आगन्तुक शब्दहरूको अधिक प्रयोग गरिएका उनका उपन्यासमा हिन्दी भाषाको प्रयोग प्रशस्त रूपमा भएको देखिन्छ : *मिस अनुराधा तो बाहर चलिगयी* (**अशेषयात्रा** पृ. ४३) *किधर, कोई नही बतासमति, करण बाबुके खत्* (**अशेषयात्रा** पृ.१९) *कैसे हैजा हुआ मालुम नही* (**जीवन परिक्रमा** पृ.५) आदि । झट्ट हेर्दा हिन्दी भाषाको प्रयोग अस्वाभाविक जस्तो लागे पनि भारतीय परिवेशको प्रसङ्गमा गरिएकाले यसले स्थानीयताको दिग्दर्शन गरेको छ। समग्रमा मोक्तानका उपन्यासको भाषा शैलीमा परिष्कार/परिमार्जनप्रियताभन्दा पनि सरलता/सहजता नै दिग्दर्शित भएको छ ।

यसरी कृष्णसिंह मोक्तानका समग्र उपन्यासहरूको प्रवृत्ति केलाउँदा अघिल्ला दुईवटा उपन्यास ( **चरणधूली** र **अशेषयात्रा**) उनी मूलतः स्वच्छन्दतावादी उपन्यासकार देखिन्छन् तर उनले आफ्नो उपन्यासको विषयबस्तु प्रेममा मात्र केन्द्रित नगरी सामाजिक धरातलमा रही समाजको चित्र जस्ताको तस्तै आफ्ना उपन्यासहरूमा उतारेका हुनाले उनलाई **जीवनपरिक्रमा** उपन्यासका आधारमा सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा पनि हेर्न सकिन्छ । उनले आफ्ना उपन्यासमा निम्नवर्गीय नेपाली परिवेशका दुःख पीडा, सङ्घर्षको यथार्थ कथा प्रस्तुत गरेका छन् । धिताल बाजे, चतुरमान सुब्बा, सुलतान अली, तपनजस्ता निम्न वर्गीय र कारुणिक पात्रहरूको चयनले उनका उपन्यास यथार्थ बनेका छन् । मोक्तानले आफ्ना उपन्यासमा पवित्र प्रेमको परिभाषा जीवनमा आइपर्ने दुःख, अशिक्षा, बेरोजगारी, सामन्तहरूको शोषण, सामाजिक विकृति, विसङ्गति, संस्कृति, धर्म, रीतिरिवाज, अन्धविश्वास, देशप्रेम आदि विभिन्न प्रसङ्गहरूलाई यथार्थ रूपमा प्रस्तुत गरेको पाइन्छ । यस्तो हुनुपर्छ भनेर सुधारवादी चिन्तन अघि सार्ने नैतिक औपदेशिक शिक्षा दिने मोक्तानका उपन्यासमा आदर्शवादी प्रवृत्ति पनि पाइन्छ । त्यस्तै उनका उपन्यासमा अस्तित्ववादी चिन्तन, देशप्रेम, सुधारवाद, नारी चिन्तन पनि रहेको छ । विविध उखान, अलङ्कारमय काव्यात्मक भाषाको प्रयोग भए पनि उपन्यास सरल, सहज सम्प्रेषणीय भाषामा लेखिएकाले मोक्तानलाई सरल भाषाशैलीका उपन्यासकार मानिएको छ ।

उपन्यासमा कारुणिक घटनाहरूको प्रस्तुतिले पात्रहरूले दुःखद् जीवन भोगेकाले मोक्तान कारुणिक उपन्यासकारका रूपमा पनि देखिएका छन् । समग्रमा सामाजिक विषयवस्तुलाई त्यसै अनुरूपको सहभागी र परिवेशको निर्माण गरी सोद्देश्यमूलक ढङ्गले प्रायः तृतीय पुरुष तथा सरल भाषिक विन्यासका माध्यमबाट उपन्यासको सिर्जना गर्ने कृष्णसिंह मोक्तान सामाजिक यथार्थवादी उपन्यासकार हुन् । यिनै प्रवृत्तिलाई अँगालेर मोक्तानले नेपाली सामाजिक यथार्थवादी उपन्यास परम्परामा आफ्नै शैली र मौलिक पहिचानको स्थापना गरेको
देखिन्छ ।

छैटौँ परिच्छेद

# उपसंहार र निष्कर्ष

कृष्णसिंह मोक्तान दार्जिलिङको घुम पहाडको दृश्य चियाबगानमा सन् १९३०, २१ अगस्तमा स्व. गौरीसिंह मोक्तान र स्व. रूपादेवी मोक्तानका छोराका रूपमा जन्मिएका हुन् । कृष्णसिंहले प्रारम्भिक शिक्षा सरकारी उच्च विद्यालय दार्जिलिङबाट सुरु गरी क्रमशः सरकारी महाविद्यालय दार्जिलिङ (१९५०-५२), कलकत्ता विश्व विद्यालय, कानुन महाविद्यालय (१९५२-५३), विश्व भारतीय शान्ति निकेतन (१९५५-५६) मा आफ्नो अध्ययन पूरा गरेका छन् । कृष्णसिंह मोक्तान स्वामी प्रबुद्धानन्द महाराजाको प्रेरणा पाएर साहित्यतिर लागेका छन् ।

स्कुल जीवनदेखि नै लेख्न थालेका कृष्णसिंह मोक्तानको कलमले साहित्यका प्रायः सबै विधामा कलम चलाएका छन् । मोक्तान कवि, गीतकार, उपन्यासकार, कथाकार, निबन्धकार, सम्पादक व्यक्तित्वका धनी स्रष्टा हुन् । उनका भारतीय नेपाली पत्रपत्रिकामा कथा, कविता प्रकाशित भएका छन् भने उनको पहिलो साहित्यिक रचना *प्रायश्चित्त* (१९४८) शीर्षकको कविता हो भने **युगवाणी**मा प्रकाशित *युवक आन्दोलन* (साथी १९५०) पहिलो गद्य रचना हो । उनका *प्रेमभक्ति र सत्य* मौलिक लोककथा सङ्ग्रह प्रकाशित भएको छ । उनका थुप्रै धार्मिक पुस्तकहरू पनि प्रकाशनमा आएका छन् । आफू साइभक्त भएका कारण उनले *सत्यसाई बाबाको दिव्य जीवनी* (१९७१) पनि प्रकाशित गरेका छन् । उनका हालसम्म **चरणधुली** (२०१६), **अशेषयात्रा** (२०२३)) **जीवन परिक्रमा** (२०२४) गरी तीनओटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् ।

साहित्यिक कृति विश्लेषण सुव्यवस्थित गर्न संरचना पद्धतिअनुसार तयार पारिएको उपन्यास विश्लेषणको स्वरूप, कथावस्तु, कथानकको सङ्गठन, पात्र, परिवेश, उद्देश्य दृष्टिबिन्दु र भाषाशैली विन्यासलाई सूक्ष्म घटक भनिन्छ भने परिचय र उपसंहार ऐच्छिक घटना हुन् । उपन्यासको विश्लेषणमा परिचय अन्तर्गत उपन्यासको व्युत्पत्ति, उपन्यासको परिभाषा र यसका प्रमुख भागहरू, कथावस्तु अन्तर्गत प्रमुख आधार सामग्री, कथानकको सङ्गठन, परिवेश अन्तर्गत देशकाल र वातावरण, उद्देश्य अन्तर्गत प्रयोजनमूलकता, दृष्टिबिन्दु अन्तर्गत लेखकीय अवस्थिति, भाषाशैलीय विन्यास अन्तर्गत भाषाशैलीय छनोट र उपसंहार अन्तर्गत व्याख्या तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

कृष्णसिंह मोक्तानका उपन्यासहरूको औपन्यासिक विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । **चरणधुली** उपन्यास २०१६ सालमा प्रकाशनमा आएको मोक्तानको पहिलो उपन्यास हो । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको यस उपन्यासमा दार्जिलिङको विश्व विद्यालयदेखि कलकत्ता हुँदै मलायासम्मको परिवेश समेटिएको छ । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको र प्रकाशन भएको यस उपन्यासमा प्रवासी नेपाली समाजको विषयवस्तु र परम्परालाई आधार बनाइएको छ । पूर्वदीप्ति शैलीमा लेखिएको यो उपन्यास ३ खण्ड र ४४ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो खण्डमा जीवन सात समुद्रपार मलायाको राजधानी क्वालालम्पुरमा पत्र लेख्ने क्रमबाट सुरु भएको छ । त्यसपछि उसले दार्जिलिङमा हुँदा नीरासँग बिताएका दिन, आफ्नी एक्ली आमाको पीडा, मोहन जस्ता साथी छोड्नु परेको कष्टबाट अगाडि बढ्छ । उपन्यासको मूल कथानक जीवन र नीरासँग सम्बन्धित छ । उपन्यासको कथानक वर्तमानबाट भूतकालतर्फ हिडेर फेरि वर्तमानमा आएर टुङ्गिए पनि उपन्यासका घटनाहरू सुव्यवस्थित रूपले अगाडि बढेका छन् । उपन्यासको कथानक आदि, मध्य र अन्त्यका शृङ्खलाहरूमा अगाडि बढेको छ । उपन्यासमा नेपाली समाजमा रहेका सबै वर्ग, स्तरका पुरुष तथा स्त्री पात्रको चयन गरिएको छ । उपन्यासमा दार्जिलिङको रमणीय वातावरणको वर्णन गरिएको छ । मूल रूपमा दार्जिलिङको सेरोफेरोमा उपन्यास घुमेको छ र त्यहाँको रीतिरिवाज, संस्कृति, भाषा, सभ्यता र प्राकृतिक वातावरणको चित्र उपन्यासमा पाइन्छ । प्रेमलाई मुख्य विषय बनाएर लेखिएको यो उपन्यासले प्रेम त छँदैछ, साथै सामाजिक यथार्थ कुरालाई पनि देखाएको छ ।

प्रस्तुत उपन्यासमा बहुबिवाहबाट उत्पन्न समस्या सौतेनी आमाको डाह, आर्थिक भारले दबेका मान्छेको पीडा, राष्ट्रप्रेम, समाजमा व्याप्त रुढिवादी, अन्धविश्वास, कुलतका कारण परिवारलाई पर्ने असर, सामन्त वर्गका शोषण, अत्याचार जस्ता कुराको यथार्थ रूपमा चित्रण गरिएको छ । नीरा र जीवनको प्रेम गरिबीका कारण सफल नहुनु, जमिनदार धनु क्षेत्रीले लोभमा अरूको नासो मास्नु, सूर्यमायाले दु:खकष्ट सहेर जीवनलाई पढाउनु तर परिवारकै लागि जीवन पढाइ छोडी परदेश जानु, धनु क्षेत्रीले श्रीमतीको मृत्युपछि कान्छी तामाङ्नीसँग बिहे गर्नु, सौतेनी आमाको कारण बुवा र जीवनको प्रेमबाट वञ्चित भई नीराले पढाइ छोड्नु, मोहनले असल साथीको उदाहरण बनी सूर्यमायाको हेरचाह गर्नु जस्ता प्रसङ्गहरू आएका छन् । पात्रका डर, त्रास, घृणा र आवेशमा आउने कमजोरीका कारण

उपन्यासमा दुर्घटना निम्तिएको यथार्थ प्रस्तुत गरिएको छ । सरल, सरस, बोलचालको स्थानीय भाषाको प्रयोग गरिएको तथा सामाजिक अवस्था चित्रण भएको **चरणधुली** यथार्थवादी उपन्यास हो ।

**अशेषयात्रा** उपन्यास वि.सं. २०२३ तदनुसार सन् १९६४ मा प्रकाशित भएको हो। स्वच्छन्दतावादी धाराको यो उपन्यास तीन खण्डमा विभाजित छ। पहिलो खण्डमा ५० पृष्ठ, दोस्रोमा १३८ पृष्ठ र तेस्रोमा ९६ पृष्ठमा विभाजित छ। उपन्यासको खण्ड एवं पृष्ठ विभाजनमा समानुपातिकता पाइँदैन। उपन्यासको मूल कथानक करण र अनुराधाका प्रेमको सेरोफेरोमा अगाडि बढेको छ। करण र अनुराधाको पहिलो भेटमा करणले अनुराधालाई मन पराउनु तर अनुराधाले वसन्तलाई मन पराउनु, परिस्थिति र पहिलो प्रेममा नै चोट खाएका करण पढाइ छोडी हिड्नु तर पछि अनुराधालाई वसन्तले धोका दिनु र अनुराधा पागल हुनु, दार्जिलिङमा करणको फेरि अनुराधासँग भेट हुनुजस्ता नाटकीय घटना उपन्यासमा रहेका छन् । अनुराधालाई प्रेम गर्दा करणले बुवा पूर्णजीतको बिहे गरिदिने प्रस्ताव अस्वीकार गर्नु तर पछि आफ्नो एकतर्फी प्रेम भएको थाहा पाउँदा भौंतारिने जस्ता घटना उपन्यासमा देखिन्छन् । करणले सुकमतीसँग बोल्दा अनुराधाले आत्महत्या गर्न खोज्दा घटनाले जीवनसँग हारेको व्यक्तिले सानो दुःख पनि सहन सक्दैन भन्ने कुराको चित्रण गरेको छ। उपन्यासको मूल विषय प्रेम भएको हुँदा उपन्यासका पात्र भावुक र दुखित देखिन्छन्। उपन्यास वसन्तको पतन, अर्जुन र चन्द्रमतीको मिलन, पूर्णजीत र छोरा करणबिचको मधुर सम्बन्ध, अनुराधा र करणको मिलनबाट उपन्यास सुखान्तमा टुङ्गिए पनि यसका घटनाहरू दुःखद् वातावरणमा घटित भएका छन् । उपन्यासमा दार्जिलिङको सुन्दर वातावरण, १९६४ को प्रवासी नेपाली समाजको स्थिति, मान्यता र परम्पराको चित्रण गरेको छ। उपन्यासमा बाह्यभन्दा आन्तरिक द्वन्द्व बढी सशक्त देखिएको छ ।

**जीवन परिक्रमा** कृष्ण सिंह मोक्तानको तेस्रो उपन्यास हो । यो सामाजिक यथार्थका साथै मनोवैज्ञानिक यथार्थवादको प्रयोग गरी लेखिएको उपन्यास हो । सामाजिक विषयवस्तुमा लेखिएको यो उपन्यास डायरी शैलीमा लेखिएको छ। ८८ पृष्ठमा विभाजन गरिएको उपन्यासमा परिच्छेदहरू विभाजन नगरी धाराप्रवाह रूपमा अगाडि बढेको छ । उपन्यासमा चन्द्रशेखर वक्ता र अरू पात्रहरूको भूमिका उपन्यासमा स-साना कथाका रूपमा अगाडि बढेको छ। चन्द्रशेखरले आफ्नो नोकरी गर्दाको समयमा भेटेका व्यक्ति र कैदीहरूको जीवनको कथाव्यथा आफ्नी पत्नीलाई सुनाउने क्रममा उपन्यास बनेको छ । उपन्यासका पात्र मानसिक, आर्थिक र परिस्थितिका दास बनेका छन् । कुनै न कुनै कारणले

जेलमा पर्न बाध्य भएका छन् । यसरी हेर्दा सबै सहायक पात्र जन्मजात र नराम्रो नीतिले भन्दा परिस्थितिले गर्दा कारावासको जीवन भोग्न बाध्य छन् । धिताल घरको अवस्थाले गर्दा परदेशमा काम गर्न जान बाध्य भएको र त्यहीँ हैजाका कारण मृत्यु भएको छ । चतुरमान सुब्बा परिवारका लागि टिबी रोगबाट पीडित भए पनि काम गर्न बाध्य छ । अशोक शिक्षित व्यक्ति भए पनि स्वास्नीका लागि डकैती गर्न गएको घटनाबाट बेरोजगारीका कारण मान्छेले कहाँसम्म सोच्छ भन्ने कुराको चित्रण गरेको छ । रामकृष्ण बोस ठुलो जागिर खाएका शिक्षित परिवारका भए तापनि पत्नीले त्यागेपछि पागल भएको, तपनले आफूलाई स्वास्नीको लायक नभएको भन्दै आत्महत्या गर्न खोजेको जस्ता घटना उपन्यासमा छन् । निर्मल विना टिकट रेलमा सयर गर्दा पक्राउ परी जरिवाना तिर्न नसक्दा जेलमा परी छोरीको मृत्युले जेलबाट भाग्छ, सुलतान अली भाउजूको अस्मिताको रक्षाको लागि हत्यारा बनी फाँसीको सजाय भोग्छ । यस्ता घटनाले उपन्यास कारुणिक बनेको छ । परिस्थितिवस उपन्यासका पात्रहरूको जीवन दुःखद् र त्रासद् बनेको छ । उपन्यास कथाकथैमा टुङ्गिएको छ । हरेक पात्रको अन्त्य दुःखद् रूपमा भएको छ ।

उपन्यासमा प्राय : सबैजसो अनुकूल पात्रहरू रहेका छन् । परिस्थितिवस नराम्रो काम गर्न पुगे पनि ती पात्रहरू प्रतिकूल स्वभावका छैनन् । कलकत्ता र त्यहाँको जेलको परिवेशमा उपन्यासको परिवेश रहेको छ । **जीवन परिक्रमा** डायरी शैलीमा लेखिएको उपन्यास हो । यस उपन्यासमा पात्र अनुकूल सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । वर्णनात्मक र संवादात्मक शैलीले उपन्यासमा सुनमा सुगन्ध थपेको छ । मान्छेलाई परिस्थितिले कहाँसम्म पुऱ्याउँछ भन्ने सामाजिक जीवनको यथार्थ घटनाको प्रस्तुति गरिएको यो उपन्यास यथार्थवादी उपन्यास हो ।

पाँचौं उपन्यासमा कृष्णसिंह मोक्तानका औपन्यासिक प्रवृत्तिको चर्चा गरिएको छ । उनका तीनओटा उपन्यासमा केन्द्रित रहेर विविध औपन्यासिक प्रंवृत्तिको किटान गरिएको छ । विभिन्न वाद, प्रणाली, भाषा, पात्र, परिवेश आदिका आधारमा प्रवृत्तिहरू छुट्याइएको छ । कृष्णसिंह मोक्तान मूलत : सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनका सबै उपन्यासहरू सामाजिक पृष्ठभूमिमा रचिएका छन् । यी उपन्यासमा निम्न वर्गीय परिवेशको दुःख पीडा सङ्घर्षका साथै अशिक्षा, बेरोजगारी, आर्थिक विपन्नताका कारण युवा बिदेसिनुपरेको अवस्था, सामन्त वर्गको शोषण, अन्याय, अत्याचार, सामाजिक रुढिवादी चिन्तन, अन्धविश्वास, नारीले भोग्नुपरेको पीडा, सामाजिक/सांस्कृतिक परम्परा, राष्ट्रप्रेम आदि

विभिन्न प्रसङ्गहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा राम्रोको सधैं विजय हुन्छ भन्ने सुधारवादी चिन्तन अघि सार्ने नैतिक/औपदेशिक शिक्षा दिन खोजिएको छ । त्यसैले मोक्तानका उपन्यासमा आदर्शवादी प्रवृत्ति रहेको पाइन्छ । त्यस्तै उनका उपन्यासमा अस्तित्ववादी चिन्तन, देशप्रेम, उदारवादी दृष्टिकोण, नारी चिन्तन आदिको प्रस्तुति रहेको देखिन्छ । विभिन्न उखान, सूक्ति, अलङ्कारमय कथात्मक भाषाको प्रयोग भए पनि उनका उपन्यास सरल, सहज र सम्प्रेषणीय भाषामा लेखिएकाले मोक्तान सरल भाषाशैलीका उपन्यासकार हुन् । उपन्यासमा ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण गर्ने मोक्तानको अर्को विशिष्ट प्रवृत्ति स्वच्छन्दतावाद हो ।

समग्रमा भन्नुपर्दा कृष्णसिंह मोक्तान स्रष्टाका हैसियतले २०१६ सालमा देखा परेका र हालसम्म तिनवटा उपन्यास प्रकाशित गरेका मूलतः सामाजिक यथार्थवादी (**जीवनपरिक्रमा** उपन्यासमा) एवं स्वच्छन्दतावादी (**चरणधूली** एवं **अशेषयात्रा** उपन्यासमा) उपन्यासकार हुन् ।

प्रस्तुत शोधकार्य उपन्यासकार कृष्णसिंह मोक्तानको उपन्यासकारितामा केन्द्रित रहेको छ । भविष्यमा उनका औपन्यासिक कृतिहरूका विविध पक्षहरूलाई केलाएर शोध गर्न चाहने इच्छुक व्यक्तिहरूले निम्नलिखित शीर्षकमा शोध गर्न सक्ने छन् ।

१. कृष्णसिंह मोक्तानका उपन्यासमा पात्रविधान

२. कृष्णसिंह मोक्तानका उपन्यासमा परिवेशविधान

३. कृष्णसिंह मोक्तानका उपन्यासमा सामाजिक सन्दर्भ

## सन्दर्भ-सूची


क्षेत्री, हरि प्रसाद (२००८), **कृष्णसिंह मोक्तानको अध्ययन**, दार्जिलिङ : उत्तर बंगाल विश्व विद्यालय नेपाली केन्द्रीय विभाग ।

थापा, हिमांशु (२०१५), **साहित्य परिचय**, काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दीपा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४६), **नेपाली उपन्यास र उपन्यासकार**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), **उपन्यासको सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौँ : साझा प्रकाशन ।

वर्मा, धीरेन्द्र तथा अन्य (२०२०), दो. सं. वाराणसीः ज्ञानमण्डल ।

मोक्तान, कृष्ण सिंह (२०१६..) **चरणधूली,**

————————————(२०२३..) **अशेषयात्रा**,

————————————(२०२४..) **जीवनपरिक्रमा**,

राई, इन्द्रबहादुर (२०५२), **नेपाली उपन्यासका आधारहरू**, काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), **शैली विज्ञान,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०१५), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाँ.सं., काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली कथा भाग ४**, दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** दो.सं., ललितपुर : साझा प्रकाशन ।

सम्पादक मण्डल (२०१५), **बृहत् हिन्दी शब्दकोष**, बनारस : ज्ञानमण्डली ।